# शिक्षा क्षेत्रको योजना, २०८१ -२०९०

# Education Sector Plan, 2024 -2033



नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार

हनुमाननगर कंकालिनी नगरकार्यापालिकाको कार्यालय

हनुमाननगर, सप्तर

**तयारकर्ता**

- **शिक्षा युवा तथा खेलकुद शाखा, कंकालिनी नगरपालिका, सप्तरी**

**शिक्षा योजना लेखन तथा पुनरावलोकन सुझावकर्ता**

- **श्री जिल्ला प्राविधिक कार्यदल, शिक्षा विकास तथा समन्वय इकाइ सप्तरी**
- **श्री लेखन उपसमिति**

**सहयोग**

- **श्री शिक्षा विकास तथा समन्वय इकाई, सप्तरी**
- **श्री मुख्य कार्यदल, हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**
- **श्री शिक्षा समिति, प्र.अ./शिक्षक**

**प्राविधिक सहयोग**

**पिपुल प्रमोट सेन्टर(PPC) युनिसेफ - नेपाल**

**प्रकाशक** हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी

**सर्वाधिकार** प्रकाशकमा सुरक्षित

**मुद्रण**

**प्रमाणित मिति:** २०८१

**प्रकाशन मिति** २०८२

**नोट : पिपुल प्रमोट सेन्टर** को प्राविधिक सहयोग तथा सहजीकरणमा यस पालिकाबाट शिक्षा क्षेत्रको समग्र विकासको लागि दश वर्षीय शिक्षा क्षेत्रको योजना तयार गरेको हो |

## हाम्रो भनाई

हनुमान नगर कंकालिनी नगरपालिकाको दश वर्षे शिक्षा क्षेत्रको योजना (२०८१–२०९०) निर्माण कार्य सम्पन्न भएको यस ऐतिहासिक अवसरमा, हाम्रो हृदयदेखि नै सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौँ। यो महत्त्वपूर्ण योजनाको परिकल्पना, तयारी र कार्यान्वयनमा सक्रिय भूमिका निर्वाह गर्ने सबै सहयोगी निकायहरू, प्राविधिक विशेषज्ञहरू, शिक्षा क्षेत्रमा क्रियाशील संस्था र यहाँका स्थानीय बासिन्दा, शिक्षकगण, विद्यार्थी, अभिभावक, तथा अन्य सबै सरोकारवालाहरूलाई विशेष आभार प्रकट गर्दछौँ।

हनुमान नगर कंकालिनी नगरपालिकाले शिक्षा क्षेत्रलाई गुणात्मक, समावेशी र दिगो बनाउन यो योजना तयार पारेको छ। शिक्षालाई सबैको पहुँचभित्र पुऱ्याउन र यसलाई २१औँ शताब्दीका चुनौतीहरूसँग सुसंगत बनाउन यो योजना एउटा आधारशीला सावित हुनेछ। यस योजना निर्माणको क्रममा हाम्रो गाउँपालिकालाई प्राविधिक सहयोग पुऱ्याउने People Promote Center, धनुषाको योगदान अत्यन्तै सराहनीय छ। उहाँहरूले समय, ज्ञान र अनुभवलाई प्रयोग गर्दै यो योजनालाई मूर्त रूप दिन महत्त्वपूर्ण भूमिका खेलेका छन्।

योजना निर्माण कार्यदलमा सहभागी सबै सदस्यहरूको अथक परिश्रम, सिर्जनशीलता र योगदानले यो दस्तावेजलाई एक उत्कृष्ट दिशानिर्देशक बनाउन मद्दत पुऱ्याएको छ। योजना निर्माणको हरेक चरणमा उनीहरूले देखाएको प्रतिबद्धता र समर्पणलाई हामी उच्च मूल्यांकन गर्दछौँ।

शिक्षा कुनै पनि समाजको आधारशिला हो। शिक्षाबाट मात्र समतामूलक र समृद्ध समाजको निर्माण सम्भव छ। हाम्रो नगरपालिकामा शिक्षा क्षेत्रका विविध पक्षलाई मध्यनजर गर्दै यो योजना तयार गरिएको छ, जसले समुदायको हरेक वर्गलाई लाभ पुऱ्याउन सक्छ। प्राथमिक, माध्यमिक, र प्राविधिक शिक्षादेखि उच्च शिक्षासम्म सबै पक्षलाई समेट्ने गरी यो योजना बनाइएको छ। यसले बालबालिका, युवाहरू, र वयस्कहरूको शैक्षिक स्तरलाई मात्र होइन, उनीहरूको जीवनस्तर र सामूहिक चेतनालाई पनि उन्नत बनाउनेछ।

हामीलाई गर्व छ कि यो योजना सबै वर्ग र समुदायका लागि समान अवसरको प्रत्याभूति दिने उद्देश्यले तयार पारिएको छ। यो योजना महिला, दलित, आदिवासी, जनजाति, अपांगता भएका व्यक्तिहरू, र सीमान्तकृत समुदायका लागि विशेष अवसर र सुविधा प्रदान गर्न केन्द्रित छ।




बिरेन्द्र माझी
नगर प्रमुख
हनुमाननगर कंकालिनी नगरपालिका,सप्तरी

## दुई शब्द

देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ । स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र नगरपालिका को शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई सुनौलो हनुमाननगर कंकालिनी नगरपालिकासुम्पन नगरपालिका ले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ । हनुमाननगर कंकालिनी नगरपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन शिक्षा क्षेत्रको योजना (२०८१–२०९०) तयार गरी कार्यान्वयन हुने क्रममा रहेको छ ।

शिक्षा क्षेत्रको योजना यस नगरपालिका को समग्र शैक्षिक क्षेत्रको १० बर्षे मार्गदर्शन हो । यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा नगरपालिका ले राखेको छ । यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु । साथै शिक्षा क्षेत्रको योजना तयार गर्नमा निरन्तर प्राविधिक सहयोग प्रदान गर्नु हुने **पिपुल प्रमोट सेन्टर लाई विशेष धन्यवाद दिन चाहन्छु।**



मनोज कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत
हनुमाननगर कंकालिनी नगरपालिका

## प्राक्कथन

शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो । दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजना]ले महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

हनुमाननगर कंकालिनी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरु द्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ । शिक्षा क्षेत्रको योजना तयारका लागि आर्थिक सहयोग गर्नु हुने हनुमाननगर कंकालिनी नगरपालिका तथा प्राविधिक सहयोगको रुपमा सहयोग गर्ने शिक्षा बिकाश तथा समन्वय इकाइ र पिपुल प्रमोट सेन्टर प्रति धन्यवाद व्यक्त गर्दछौ ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्त्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सल्लाह-सुझाव प्रदान गरी सहयोग पुऱ्याउने नगरपालिका परिवार, नगर शिक्षा समिति, नेपाल शिक्षक महासंघ, शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ ।




हरी नारायण साह
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख
हनुमाननगर कंकालिनी नगरपालिका

## योजनाको सारांश

### १. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। विभिन्न स्थानीय तहले शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा स्थानीय तह शिक्षा योजना निर्माणका लागि यो मार्गदर्शन तयार गरिएको छ।

### २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिकलगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकासमा सहजीकरण गर्न यो मार्गदर्शन तयार गरिएको हो।

### ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न
२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
५. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन

## ४. शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाउनु पर्छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गर्नुपर्छ ।

क) नेपालको संविधान
ख) सोह्रौँ आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानि विभिन्न योजनाबिचको अन्तर्सम्बन्ध कायम हुने गरी योजना तर्जुमा हुनुपर्छ। यसका लागि स्थानीय तहअन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गर्नुपर्छ।शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्ने छ ।

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा स्थानीय तहको शिक्षा समितिको नेतृत्वमा गर्नुपर्छ । स्थानीय तहले आवश्यक देखेमा योजना तर्जुमा समिति, अन्य समिति वा उपसमिति गठन गर्न सक्ने छ । योजना निर्माणको मुख्य समूहमा स्थानीय तहको शिक्षा हेर्ने प्रमुख तथा सामाजिक विकास समितिका संयोजकलाई अनिवार्य रूपमा समावेश गर्नुपर्ने छ । यस अतिरिक्त आवश्यकताअनुसार सम्बन्धित विषय क्षेत्रका विज्ञ तथा प्राविधिकलाई (स्थानीय तहभित्रका कलेज, विद्यालय वा अन्य व्यक्तिबाट) आमन्त्रित गर्न सकिन्छ । योजना निर्माण समितिलाई सहजीकरण गर्न र जिम्मेवार बनाउन लिखित कार्य विवरण दिन सकिन्छ ।

अन्य योजनामा जस्तैः स्थानीय तह शिक्षा योजनाको निर्माणमा पनि स्थानीय तहले सहभागितामूलक प्रक्रिया नै अवलम्बन गर्नुपर्छ र सोका लागि देहायका विषयलाई ध्यान दिनुपर्छ । योजनाको यस भागमा शिक्षा योजना निर्माणको क्रममा अवलम्बन गरिएका प्रक्रिया उल्लेख गर्नुपर्छ साथै बैठकका निर्णय र उपस्थिति अनुसूचीमा समावेश गर्नुपर्छ ।

क) गाउँ/नगर सभा र गाउँ/नगर कार्यपालिका स्तरीय स्थानीय तहको बैठक
ख) योजना निर्माण समितिको गठन
ग) स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण
घ) गाउँ/टोल तथा वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित सङ्घसस्थालगायत विभिन्न सरकारी/गैरसरकारी सङ्घसंस्था आदि) सँग भेला छलफल गरी सुझाव सङ्कलन
ङ) स्थानीय तह तथा विद्यालय स्तरीय छलफल

च) योजनाको मस्यौदा तयारी

छ) मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण

ज) योजनाको अन्तिमीकरण

झ) बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन

ञ) स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

## ६. योजनाको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ दिगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छ, जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो l निर्माण भएको योजनाको लेखालोखा कार्यलाई समबन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिवरण तोकी सम्पन्न गर्नुपर्छ l योजनाको लेखाजोखा गर्दा तलको तालिकामा दिइएका पक्षको सुक्ष्म विश्लेषण गर्नुपर्छ :

| क्र.सं. | लेखाजोखाको पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता | • स्थानिय तहको प्रमुखको संयोजकत्वमा सबै प्रतिनिधहरुको सहभागितामा छलफल भई मस्यौदा समिति गठन भएको ।<br>• मस्यौदा समितिमा निर्देशिकाले निर्धारण गरेको सबै पक्षको सहभागिता रहेको ।<br>• योजना लेखनकार्य पारदर्शी रुपमा गरिएको । |
| २ | प्रयाप्तता र सान्दर्भिकता | • योजनामा समावेश भएको दुर दृष्टि, लक्ष्य, उद्धेश्य, कार्यनिति र कृयाकलापहरु स्थानिय तहको शिक्षा क्षेत्रका समस्या र चुनौतीहरुलाई सम्बोधन गर्ने गरी तयार गरिएकोछ । |
| ३ | समता, सक्षमता तथा गुणस्तर | • यस शिक्षा क्षेत्रको योजनाले स्थानिय तहको शिक्षालई अगाडी बढाउनको लागी योजनमा समता, सक्षमता तथ सिकाईमा गुणस्तर अभिबृद्धि गर्ने मुख्य क्षेत्रहरुलाई सम्बोधन गर्ने प्रयास गरेको छ । |
| ४ | अन्तरसम्बन्ध र तादाम्यता | • स्थानिय तहले बनाएको शिक्षा क्षेत्रको योजना राष्ट्रिय, प्रदेशद्धारा बनाईएको ऐन कानुन, निति तथा योजनाका लक्ष्य अनुरुप तयार गरिएको छ ।<br>• स्थानिय तहले निर्माण गर्ने अन्य कृषी, स्वास्थ्य, भौतिक पूर्वाधार योजनाहरुसँग अन्तरसम्बन्ध रहेको छ ।<br>• विद्यालय सुधार योजना र नमुना विद्यालय योजनाबीच अन्तर सम्बन्ध रहेको छ । |
| ५ | संभाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | • योजनाको लक्ष्य प्राप्तीको लागी कार्यान्वयन गरिने कृयाकलापहरु सान्दर्भिक रहेको छ ।<br>• योजनाको गतिविधिहरुको सहज मापन, अनुगमण तथा |

| | | |
|---|---|---|
| | | मुल्याँकन गर्न सकिनेछ । <br>• योजना स्थानिय परिवेश, विशेष गरी जनसंख्याँ, जातजाति, आर्थिक, भाषिक रुपमा पछाडी परेका बर्गहरु र क्षेत्रका विकासकालागी सान्दर्भिक छ । |
| ६ | श्रोतको प्रवन्ध | • शिक्षा योजनामा समावेश गरिएको कार्यक्रमहरु संचालनका लागी संघ, प्रदेश र स्थानिय तह स्वमबाट श्रोतको व्यवस्थापन गर्न सकिनेछ । <br>• योजनाको प्रस्तावित कार्यक्रम तथा बजेट बीच आपसी तालमेल रहेको छ । <br>• यस योजना कार्यान्वयनको लागी दातृनिकायहरुको पनि सहयोग सहकार्य तथा साझेदारीबाट तयार गरिएको छ । |
| ७ | संस्थागत क्षमता | • योजना कार्यान्वयनको लागी स्थानिय तहमा रहेको विधमान संरचनहरुको प्रयोग गरि उच्चत्तम प्रतिफल हासिल गर्न सकिनेछ । <br>• योजनामा विभिन्न संयन्यत्र तथा पक्षहरुको क्षमता विकास, सहभागिता बृद्धिका लागी विभिन्न कार्यक्रमहरु तय गरेको छ । |
| ८ | कार्यान्वयनमा तत्परता | • यो योजना सथानिय तहले नै निर्माण गरिएकोले यसको कार्यान्वयन हुनुको साथै यसमा स्थानिय तहको अपन्त्व पनि हुनेछ । |
| ९ | तथ्याँक विश्लेषण र प्रक्षेपण | • स्थानिय तहको शैक्षिक सुचक तथा अन्य तथ्याँकहरुको आधारमा योजनाका रणनिति तथा कृयाकलापहरु समावेश गरिएको छ । <br>• तथ्याँक तथा सुचनाहरु वीच तादम्यता रहेको छ । |
| १० | अनुमण र प्रतिवेदन | • शिक्षा योजनामा अनुगमण तथा मुल्याँकनको छुट्टै अनुच्छेद राखिएको छ र सोही अनुसारको संयन्त्रको व्यवस्था गरिएको छ । <br>• अनुगमण तथा मुल्याँकनका सुचकहरुको आधारमा नतिजामा आधारित अनुगमण तथा मुल्याँकन गर्दा यो बढी पादर्शी र जवाफदेही हुने छ । <br>• प्रतिवेदन प्रणालीको विकास र सम्बन्धित पक्षलाई जवाफदेही वनाउन विषयहरु योजनामा समावेश गरिएको छ । |

## ७. योजनाको दस्तावेजको स्वरूप

स्थानीय तहले यस योजनाको स्वरूपलाई अनुसूची १बमोजिमको ढाँचामा आधारित भई तयार गरेको छ। यस योजनाको परिचय खण्ड भन्दा पहिला योजनाको कार्यकारी सारांश, विषयसूची, तालिकाहरूको सूची, चित्रहरूको सूची समावेश गरी तयार गरिएको छ।

# परिच्छेद एकः परिचय

## पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले संघीय गणतन्त्र अन्तरगत राज्य व्यवस्था संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको परिकल्पना अनुरुप क्रियाशील रहेका छन्। उक्त संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखे अनुरुप शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरु स्थापित गरेको छ। उक्त संवैधानिक शिक्षा सम्बन्धी हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकहरुलाई प्रत्याभूत गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ।
त्यसै गरी स्थानिय सरकार संचालन ऐन २०७४ ले स्थानिय सरकारलाई शिक्षाका २३ वटा अधिकारको कार्यान्वयनका साथै शिक्षा क्षेत्रको १० वर्षे योजना सिक्षा निति २०७६,१५औ आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पुरा गर्न स्थानिय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ । समवेशी समतामुलक गुणस्तरिय शिक्षाको सुनिश्चितता तथा आजिवन सिकाईका अवसरहरुलाई प्रोत्साहित गरी समग्र विकास र परिवर्तनका लागि लक्ष्य उद्देश्य शिक्षा योजनाले गरेको छ। यसै गरी स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ (२४) मा योजना तयारको नितिगत व्यवस्था भएको छ । जसमा नगरपालिका ले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक वार्षिक क्षेत्रगत योजना निर्माण गर्नु पर्ने र उक्त योजना निर्माण गर्दा संघ तथा प्रदेश सरकारका निति लक्ष्यसँग मेल खानु पर्ने, वातावरण संरक्षण तथा जलबायू परीवर्तन लैङ्गिक समानता तथा समाबेशिकरण विपद्व्यवस्थापन सुसाशन आदि विषयलाई ध्यान दिई दिर्घकालिन किसिमका योजनाको सूची (project bank) तयार तथा सहभागितामुलक योजना तर्जुमा, सरोकारवालाहरुको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नितिगत व्यवस्था छ । त्यसैगरी उक्त एनले शिक्षाका २३ अधिकार सुनिश्चत गरिएका छन् । त्यी अधिकारहरुलाई ब्यवस्थित गर्दै सरकारले तय गरेका विद्यालय क्षेत्र विकास योजनाका लक्ष्य उदेश्य,१५ औ योजना अन्तर्गत रहेका सामाजिक क्षेत्रको शिक्षाको लक्ष्य उदेश्य, यस पालिकाको लक्ष्य उदेश्य लगायत राज्यको शिक्षा सम्बन्धी नीति कार्यक्रम लक्ष्य उदेश्य पुरा गर्न तथा स्थानीय आवश्यकता पुरा गर्न पालिका स्तरमा शिक्षाको प्रोफाइल तथा शिक्षा योजना आजको आवश्यकता रहेको निष्कर्ष छ । यसको साथै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पनि १० बर्ष नयाँ शिक्षा क्षेत्रको योजना निर्माणको लागि कार्य ढाँचा २०७७ विकास गरेको र पालिकाहरुले शिक्षा योजना तयारको लागि आधार तय गरेको यस अवस्थामा यो योजनाको निर्माण गर्नु आवश्यक देखिएको छ ।

नेपालको शिक्षा क्षेत्रमा राणाकालको उत्तरार्धदेखि प्रयास हुँदै आएको पाइएता पनि व्यवस्थित रुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ । यसै गरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३२), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०७६ जस्ता आयोगका प्रतिवेदनहरु तयार गरी कार्यान्वयन भइसकेका र हुने क्रममा छन्। यसका अलवा शिक्षा क्षेत्रमा विभिन्न योजना, परियोजना र कार्यक्रम लागू भएका छन्। जस अन्तरगत रेडियो शिक्षा शिक्षक तालिम परियोजना २०३५, निरीक्षण एकाइ परियोजना २०३७, सेती परियोजना २०३८, विज्ञान शिक्षा परियोजना २०३८, प्राथमिक शिक्षा परियोजना २०४१, आधारभूत आवश्यकता परिपूर्ति योजना २०४४, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो २०४९ दोश्रो २०५६), प्राथमिक शिक्षा परियोजना २०४९, माध्यमिक शिक्षा विकास परियोजना २०५०, शिक्षाका लागि खाद्य कार्यक्रम २०५२, शिक्षक शिक्षा आयोजना (२०५९-२०६५), माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन् (२००३-२००८), सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२०५९-२०६६), व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (२०६८-२०७२) का साथै सबैका लागि शिक्षा कार्यक्रम (सन् २००१-२०१५), सहश्राब्दी विकास लक्ष्य (२०००-२०१५), दीगो विकासका लागि शिक्षा कार्यक्रम (२०१५-२०३०) मा उल्लिखित उद्देश्य एवम् सूचकहरुलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना (सन् २००९-२०१५), विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२२) को समाप्तिसँगै हनुमाननगर कंकालिनी नगरपालिकाले शिक्षा क्षेत्रको योजना (Eduction Sector Plan -ESP) आगामी १० वर्षे शिक्षा विकासको दृष्टिकोण सहित सन् २०८१-२०९० का लागि तयार गरेको छ।

नेपालका सामुदायिक विद्यालयहरुको अवस्थामा सुधार ल्याउन अति मेहनत को आवश्यकता रहेको छ। यस पालिकाको शैक्षिक अवस्था पनि थुप्रै समस्या र अफ्ठ्यारोमा जेलिएको छ । तसर्थ नयाँ योजना र प्रयासका साथ काम गरेर शिक्षाको गुणस्तरमा सुधार ल्याउनु अति आवश्यक छ । यसैगरी sपालिकाको लक्ष्य उदेश्य लगायत राज्यको शिक्षा सम्बन्धी नीति कार्यक्रम लक्ष्य उदेश्य पुरा गर्न तथा स्थानीय आवश्यकता पुरा गर्न पालिका स्तरमा शिक्षाको प्रोफाइल तथा शिक्षा क्षेत्रको योजना तयार गर्नु आजको आवश्यकता रहेको छ । त्यसैले शिक्षा क्षेत्रलाई व्यवस्थित बनाउन यो नगर शिक्षा योजना निर्माण कार्य भएकोछ ।

## हनुमाननगर कंकालिनी नगरपालिकाको समग्र परिचय

प्रदेश नं. २ अन्तरगत सप्तरी जिल्लामा अवस्थित हनुमाननगर कंकालिनी नगरपालिका जिल्लामा विद्यमान १८ वटा स्थानीय तहमध्य एक हो । यो नगरपालिका पूर्ण रूपले मधेस वा तराईका भूभागमा अवस्थित छ । यस नगरपालिकामा आदिकाल देखि हिन्दू समुदायका बाहुल्यता रहेका छ । साविकका हनुमाननगर योगिनीमाइ नगरपालिका, रामपुर मल्हनिया, भारदह, पोर्ताहा र मधुवापुर गाविस बनेको यो नगरपालिका ११८.२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यस परिच्छेदमा यहाँका भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता, विकास संभावनाहरुलाई देहाय बमोजिमका शिर्षकहरुमा व्याख्या गरिएको छ ।

ऐतिहासिक, प्राकृतिक तथा साँस्कृतिक रूपले महत्वपूर्ण क्षेत्रको रुपमा रहेका यस हनुमाननगर कंकालिनी नगरपालिकाका नामाकरण तत्कालीन हनुमाननगर योगिनीमाइ नगरपालिकाको हनुमाननगर र प्रसिद्ध कंकालिनी मन्दिरको नाम मिलाइ गठन गरिएको हो । नगरपालिकाका नामाकरण भन यस स्थानमा रहेका जिल्लाको प्रसिद्ध हनुमान मन्दिर र कंकालिनी मन्दिरको नामबाट रहन गएको हो । सप्तरी जिल्लाका पूर्ववर्ती सदरमुकाम समेत रहेका यस स्थान जिल्लाका व्यापारिक केन्द्रको रुपमा समेत परिचित छ ।

### १.१ वर्तमान अवस्था

### भौतिक विवरण

| विशेषताहरु | हनुमाननगर कंकालिनी नगरपालिका |
|---|---|
| **पालिकाको क्षेत्रफल** (वर्ग कि.मी.) | ११८.२ वग किमी |
| **अक्षांश** | २६ डिग्री २६ मिनेट २० सेकेण्ड देखि २६ डिग्री ३५ मिनेट ५ सेकेण्ड उत्तरी अक्षांश |
| **देशान्तर** | ८६ डिग्री ४६ मिनेट ४८ सेकेण्ड देखि ८६ डिग्री ५८ मिनेट २२ सेकेण्ड पुर्वी देशान्तरमा |
| **समुद्र सतहदेखि उचाई** | ७१ देखि ९१ |
| **साविकका गाविसहरु** | हनुमाननगर योगिनीमाइ नगरपालिका, रामपुर मल्हनिया, भारदह, पोर्ताहा र मधुवापुर |
| **केन्द्र** | हनुमाननगर बजार |

### प्रशासनिक विवरण

| क्र.स. | नयाँ वडा | समावेश गाविस / नगरपालिका | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|---|
| १ | १ | भारदह (१-९) | ८१९४ | २८.०८ |
| २ | २ | हनुमाननगर योगिनीमाई (२) | २०९२ | ४.०१ |
| ३ | ३ | पोर्ताहा (१-९) | ६११४ | ५.९५ |
| ४ | ४ | मधुवापुर (१-९) | ८१२७ | ८.१९ |

| | | | | |
|---|---|---|---|---|
| ५ | ५ | हनुमाननगर योगिनीमाई (३) | २१६५ | ४.०६ |
| ६ | ६ | हनुमाननगर योगिनीमाई (४) | ३८१३ | ३.६२ |
| ७ | ७ | हनुमाननगर योगिनीमाई (५) | २६२२ | १.५८ |
| ८ | ८ | हनुमाननगर योगिनीमाई (१) | १९४० | १.५८ |
| ९ | ९ | हनुमाननगर योगिनीमाई (६) | २२९३ | ०.७३ |
| १० | १० | हनुमाननगर योगिनीमाई (९) | २२२१ | २.३४ |
| ११ | ११ | हनुमाननगर योगिनीमाई (१०) | २४१६ | १.९३ |
| १२ | १२ | हनुमाननगर योगिनीमाई (७) | २५४१ | १.३७ |
| १३ | १३ | हनुमाननगर योगिनीमाई (८) | ७०० | ४६.९२ |
| १४ | १४ | रामपुर मल्हनीया (१-९) | ७५५८ | ७.८४ |
| | **जम्मा** | | ५२७९६ | ११८.२ |

## सामाजिक तथा सांस्कृतिक अवस्था

नवगठित हनुमाननगर कंकालिनी नगरपालिका ऐतिहासिक, प्राकृतिक तथा साँस्कृतिक रुपले महत्वपूर्ण क्षेत्र हो । हनुमाननगर कंकालिनी नगरपालिका यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन् । यहाँ यादव, थारु, मुसहर, मुस्लिम, कोइरी, तेली, धानुक, चमार, तत्मा, तामाङ, बिन, केवट, मल्लाह, बरइ, ब्राम्हण, मगर, कलवार, कामी, दनुवार, सार्की, खत्वे, क्षेत्री, सुडी, हलुवाई, हजाम आदि लगायतका जातजातिहरु बसोबास गरिरहेका छन् । सवै जातजातीहरुको आ–आफ्नो संस्कृति भए पनि दशैं, तिहार, छठ, होली, बुद्ध जयन्ती, माघे सङ्क्रान्ति,सिरुवापर्व, चौठीचाँद, जितिया, नेमान, समाचकेवा, रामरमी, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, क्रिसमस, ल्होसार, रमजान, बकरइद, ल्होसार, हरिबोधनी एकादशी, दाहामेला र होली जस्ता चाडपर्वहरु मान्ने गर्दछन् । यहाँका पुरुषको पहिरन सर्टपेन्ट, कमिज, शुरूवाल, दौराशुरूवाल र महिलाको पहिरनमा सारीचोलो, ब्लाउज, कुर्ताशुरूवाल आदि प्रचलित छ । कार्यक्रम विशेष वा विवाहजस्ता कार्यमा जाति अनुसारका पहिरन समेत देखिन्छ । प्रायः सबै जातिका महिलाले गहना लगाउने प्रचलन रहेको छ । हाल सबै जातिमा आधुनिकताका नाममा विदेशी भेषभूषा तथा रहनसहनले प्रश्रय पाएको देखिन्छ । यस पालिकाभित्र रहेका बहुविशेषताहरु बीचमा एकीकरण भएको अवस्था छ । अनेकताबीच एकता कायम भएको छ । त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सह-अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ । यस पालिका भित्र सवै जातीको मिश्रित बसोवास रहेको छ भने मुख्य कामकाजी भाषा नेपाली तथा बोलिचालीको भाषा नेपाली, मैथिली, थारु, उर्दू आदि रहेको पाइन्छ । यहाँ मैथिली (९५.२१%), नेपाली (१.१३%), उर्दु (१.०६%), हिन्दी (०.४%), मगही(२.१७%), र अन्य (०.०४%) मातृभाषाहरु बोलिन्छन् ।

## आर्थिक सन्दर्भ

हनुमाननगर कंकालिनी नगरपालिकाको ९०% भन्दा मानिस कृषि पेशामा संलग्न भएको पाइन्छ । यस क्षेत्रको कृषकहरु मूलत धान, मकै, गहुँ जस्ता अन्नवाली बदाम, मसुरी, खेसारी, रहर जस्ता दलहनवाली तोरी, तोर, आलस जस्ता तेलहन वालीको खेती गर्ने गर्दछन् । पछिल्लो समयमा आएर कृषकहरु तरकारी खेती र फलफूल खेतीमा आकर्षित भएको देखिन्छ । आलु, भण्टा, सिमी, काउली, मूला, परवल जस्ता प्रमुख रुपमा तरकारी खेती लगाइन्छ भने आँप, केरा, लिची, अम्वा, नरियल र कागती जस्ता फलफूलहरु उत्पादन गर्ने गर्दछन् । साथै कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुर्‍याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन हनुमाननगर कंकालिनी नगरपालिका ले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ । यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, माछापालन, कुखुरापालन, बीउ विजन, व्यवसायिक खेती, व्यापार, रोजगार, ज्याला, मजदुरी तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ । यसका अलावा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने विभिन्न महामारी, विपतले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ ।

**यातायात तथा सिंचाई पहुँच तथा बजार केन्द्र :** यो नगरपालिकाको दक्षिण छेउबाट नेपालको सवभन्दा ठूलो नदी सप्तकोशी नदीबाट निकालिएको पश्चिम पम्प च्यानल गएको छ जसबाट यहाँका अधिकांश खेती योग्य जमिन सिचांइको पहुँचमा रहेको छ । यस नगरपालिकाको बिचबाट पूर्व पश्चिचम हुलाकी सडक कालोपत्रे सड्क भएकोले राजमार्गसम्म पुग्न सजिलो भएपनि सो

सड्कसम्म विभिन्न वडाबाट पुग्न असजिलो भएको छ । यो नगरपालिकामा ठुला बजार नभए पनि स–साना बजार जस्तै भारदह चौक, हनुमाननगर बजार चौक तथा हाट , जोगिनीयाँ चौक , इनर्वा चौक रहेको छ ।

सङ्घीय स्तरमा मध्यकालिन खर्च संरचना (MTEF) मा प्रक्षेपण गरिएअनुसार आगामी तीन वर्षको वृद्धिदर तथा राष्ट्रिय कुल गार्हस्थ उत्पादनको प्रक्षेपण निम्नअनुसार रहेको छः

| | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | MTEF 2020/2023 (प्रक्षेपण) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | 2020/21 | 2021/22 | 2022/23 |
| कुल गार्हस्थ उत्पादन ( हालको मूल्य रु. अरबमा) | 2,253.2 | 2,674.5 | 3,044.9 | 3,458.8 | 3,767.0 | 4,312.9 | 5,024.3 | 5,837.0 |
| % आर्थिक वृद्धि | 0.6 | 8.2 | 6.7 | 7.0 | 2.3 | 7.0 | 9.9 | 9.6 |
| % मूल्य वृद्धि | 5.2 | 9.7 | 6.7 | 6.2 | 6.5 | 7.0 | 6.0 | 6.0 |
| प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (रु.) | 79,500 | 93,100 | 104,600 | 117,300 | 126,000 | 142,000 | 163,400 | 187,600 |
| % प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादनमा वृद्धि (स्थिर मूल्यमा) | -0.8 | 6.8 | 5.3 | 5.6 | 0.9 | 5.3 | 8.6 | 8.3 |

*स्रोत: NPC, 2020a.*

यो प्रक्षेपण कोभिडको माहामरीले रोजगारी र उत्पादनमा आएको ह्रासलाई गति लिन लाग्ने समयलाई विचार गर्दा यसमा प्रक्षेपण गरिएको आगामी तीन वर्षको आर्थिक वृद्धिदर महत्त्वाकांक्षी देखिन्छ । राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) करिब २५ प्रतिशत वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणमा आधारित भएको तर कोभिड१९ का कारण वैदेशिक रोजगारीमा कमी आउन सक्ने आकलन छ भने नेपालमा पनि विभिन्न पर्यटनलगायत क्षेत्रमा अपेक्षित गतिमा आर्थिक वृद्धि हुन सक्नेमा विश्वस्त हुने आधार नभएकाले यो प्रक्षेपणलाई कोभिड पछिको अवस्थाको विश्लेषणका आधारमा पुनरालवलोकन गर्नु पर्ने देखिन्छ ।

सरकारको आम्दानी र खर्चको अन्तर यो वर्ष ६.५ प्रतिशत रहेको छ भने आगामी तीन वर्षका लागि ९ देखि १० प्रतिशतको अन्तर प्रक्षेपण गरिएको छ । यस वर्ष कर तथा गैरकर राजस्व कुल गार्हस्थ उत्पादनको २२ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः २३.५ २४.१ र २४.५ प्रक्षेपण गरिएको छ । त्यसै गरी यस वर्ष कुल खर्च कुल गार्हस्थ उत्पादनको २८.५ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः ३४.२ ३३.८ र ३३.५ प्रक्षेपण गरिएको छ (NPC, 2020a)। उल्लिखित समग्र आर्थिक परिसूचकको अवस्थाका साथसाथै यसको वितरण हेर्ने हो भने विभिन्न असमानता पाइन्छन् । यसमा

प्रदेशगत असमानता उल्लेख्य रहेको छ । उदाहरणका लागि वागमती प्रदेशमा जनसङ्ख्या (२०.९%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशित निकै उच्च छ (३५.८%) भने मधेश प्रदेशमा जनसङ्ख्या (२०.४%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै न्यून छ (१३.८%) । अरु पाँचअओटै प्रदेशहरूमा जनसङ्ख्याको अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत कम रहे पनि मधेश प्रदेशको तुलनामा फरक भने कम रहेको छ । यसमा पनि गण्डकी प्रदेश र कोशी प्रदेशमा यो भिन्नता अन्य तीन प्रदेशको तुलनामा कम रहेको छ । त्यसै गरी धनी र गरिब बिचको आयमा रहेको ठूलो भिन्नताले उच्च आय हुने माथिल्लो १०% सँग ४० % को हाराहारीमा र न्यून आय हुने तल्लो ५०% सँग करिब २०% मात्र आम्दानी रहेको पुष्टि गर्दछ (https://wid.world/country/nepal/ ।

माथि उल्लेख गरी झैँ यस पालिकाको समग्र आर्थिक गतिबिधि र सोका परिसूचकहरुलाई बिश्लेषण गर्दा

- **कृषि योग्य भुमि र उत्पादन**

**तालिका १.२**

| कृषक परिवारको जम्मा संख्या | कृषक परिवारले चलन गरेकोजग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | जम्मा खेतीयोग्य जग्गा | | अस्थायी बाली लागेको जग्गा | | अन्य खेतीयोग्य जग्गा | | स्थायी बाली लागेको जग्गा | | स्थायी चौरचरन, निजि बनबनेलो, पोखरी तथा अन्य जग्गा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) |
| ७३११ | ५१०३.६ | ६६४७ | ४०५२.१ | ६६०१ | ३०९८.३ | २९५ | ५३.८ | ५६६ | ४४०.८ | ७३११ | ६०१.७ |

**सिंचाइ:**

**सिचाई, प्रमुख बाली, बालीचक्र, बाली लगाउने समय सम्वन्धी विवरण**

**कृषि**

तालिका १.३ सिंचाई सुबिधा

| उपलब्ध सुबिधा | हेक्टर |
|---|---|
| कुल खेतीयोग्य जमिन | ४०५२.१ |
| कुल सिँचाइ क्षेत्र | २०२५.६ |

**स्रोत: कृषि गणना २०७८**

**ख) प्रमुख खेती र उपयोग :** हनुमाननगर कंकालिनी नगरपालिका नेपालको कृषि आधारित प्रमुख क्षेत्रमध्ये एक हो। यहाँको अर्थतन्त्र प्रायः कृषिमा आधारित छ, र स्थानीय बासिन्दाको मुख्य जीविकोपार्जन खेतीपाती र पशुपालन हो। यस क्षेत्रमा धान, मकै, गहुँ, तरकारी, र फलफूल जस्ता बालीहरू उत्पादन गरिन्छ। जलवायु र माटोको उपयुक्तताले यसलाई विविध प्रकारका बाली उत्पादन गर्न सक्षम बनाएको छ।

हनुमाननगर कंकालिनी नगरपालिकामा सिँचाइको प्रमुख स्रोत नदी, इनार, र बोरिङ छन्। यहाँको कृषि क्षेत्रलाई थप प्रोत्साहन दिनका लागि स्थानीय सरकारले सहकारी संस्थाहरू, मल र बीउ वितरण, र आधुनिक प्रविधिको प्रयोगमा जोड दिएको छ।

त्यसैगरी, पशुपालनले पनि महत्त्वपूर्ण भूमिका खेलेको छ, जसमा गाई, भैंसी, बाख्रा, र कुखुरापालन लोकप्रिय छन् । कृषकहरूले दुध, मासु, र अण्डा उत्पादनमा आत्मनिर्भरता बढाउँदै छन् । आधुनिक खेती प्रविधि, सहकारी, र सरकारी सहयोगमार्फत हनुमाननगर कंकालिनी नगरपालिकाले कृषि क्षेत्रलाई अझ बढी प्रगतिशील बनाउन प्रयासरत छ ।

**ग) पशुपालन:** हनुमाननगर कंकालिनी नगरपालिकाको पशुपालन क्षेत्र स्थानीय अर्थतन्त्रको एक प्रमुख अङ्ग हो । यहाँका कृषकहरू गाई, भैंसी, बाख्रा, सुँगुर, र कुखुरा पालनमा सक्रिय छन् । दुध, मासु, अण्डा उत्पादन र बिक्रीले यहाँका किसानहरूको आयआर्जनमा उल्लेखनीय योगदान पुऱ्याएको छ ।

गाईभैंसी पालनमा दुध उत्पादन प्राथमिक छ, जसले दुग्धजन्य पदार्थको माग पूरा गर्न सहयोग पुऱ्याएको छ । बाख्रापालन मासु उत्पादनका लागि प्रख्यात छ, जुन आन्तरिक तथा बाह्य बजारमा निर्यात हुँदै आएको छ । यस्तै, सुँगुर र कुखुरापालनले पनि दिनैदिन आवश्यकता पूरा गर्न र स्वरोजगार सृजना गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

हनुमाननगर कंकालिनी नगरपालिकाले पशुपालनको विकासका लागि विभिन्न योजना र कार्यक्रम सञ्चालन गरेको छ । पशुपालनमा रोग नियन्त्रण, गुणस्तरीय दाना र आधुनिक प्रविधिको पहुँचलाई प्राथमिकता दिइएको छ । सहकारीहरूद्वारा ऋण, तालिम, र प्राविधिक सहयोग उपलब्ध गराइएको छ । पशुपालनलाई व्यावसायिक बनाउँदै, यसको सम्भावनालाई अझ विस्तार गर्न स्थानीय सरकार प्रयासरत छ ।

**घ) उधोगहरू :** हनुमाननगर कंकालिनी नगरपालिकाको औद्योगिक क्षेत्र स्थानीय विकास र रोजगारी सिर्जनाको लागि उदीयमान क्षेत्र हो । यहाँका उद्योगहरू मुख्यतः साना तथा मझौला स्तरका छन्, जसमा कृषिजन्य उत्पादन प्रशोधन, हस्तकला, कपडा उद्योग, र घरेलु उत्पादनहरू प्रमुख छन् ।कृषिजन्य उत्पादन प्रशोधन उद्योगमा चामल, तेल, मसला, र दुग्धजन्य पदार्थहरूको प्रशोधनले प्राथमिकता पाएको छ । यसले स्थानीय कच्चा पदार्थको उपयोग गर्दै कृषि र उद्योगबीचको सम्बन्धलाई मजबुत बनाएको छ । यस्तै, हस्तकला र घरेलु उत्पादनहरू, जस्तै ढाका कपडा, माटोका भाँडाकुँडा, र अन्य हस्तनिर्मित सामानले स्थानीय संस्कृति र सीपलाई प्रवर्द्धन गरिरहेका छन् ।

औद्योगिक विकासलाई प्रवर्द्धन गर्न हनुमाननगर कंकालिनी नगरपालिकाले साना उद्यमीहरूलाई सहुलियतपूर्ण ऋण, तालिम, र बजार व्यवस्थापनमा सहयोग प्रदान गर्दै आएको छ । उद्योग स्थापना र सञ्चालनलाई सहज बनाउन आवश्यक पूर्वाधार, जस्तै सडक, बिजुली, र पानीको सुविधा विस्तारमा ध्यान दिइएको छ । औद्योगिक क्षेत्रको विकासले हनुमाननगर कंकालिनी नगरपालिकालाई आत्मनिर्भर बनाउन र दिगो विकासमा योगदान पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेलेको छ ।

**ङ) प्राकृतिक स्रोत तथा सम्पदा (बन जङ्गल, जडिबुटी):** हनुमाननगर कंकालिनी नगरपालिका प्राकृतिक स्रोत र सम्पदामा धनी क्षेत्र हो । यहाँका वनजङ्गलहरू स्थानीय पर्यावरण संरक्षण, जैविक विविधता, र सामुदायिक जीवनमा महत्त्वपूर्ण छन् । साल, सिसौ, खयर, र अन्य मूल्यवान काठका रूखहरू यहाँका वनहरूको मुख्य स्रोत हुन् ।

जङ्गलहरूले पानीको स्रोत संरक्षण, माटो कटान रोकथाम, र वन्यजन्तुको बासस्थानको रूपमा योगदान पुऱ्याउँछन् । साथै, यस क्षेत्रमा विभिन्न प्रकारका औषधीय जडिबुटीहरू पनि पाइन्छन्, जस्तै सतुवा, पाखनबेद, र तुलसी, जसले औषधि निर्माण र आयआर्जनमा सहयोग पुऱ्याएको छ ।

स्थानीय सरकार र समुदायले वन संरक्षण, पुनःरोपण, र दिगो उपयोगका लागि सहकार्य गरिरहेका छन् । वन र जडिबुटीहरूको दिगो व्यवस्थापनले पर्यावरणीय सन्तुलन र आर्थिक प्रगतिमा योगदान पुऱ्याउँदै आएको छ ।

**च) पर्यटन:** हनुमाननगर कंकालिनी नगरपालिका, पर्यटनका विविध सम्भावना बोकेको क्षेत्र हो । यहाँको सांस्कृतिक धरोहर, परम्परागत पर्व, र धार्मिक स्थलहरूले पर्यटकहरूलाई आकर्षित गर्दछन् । विशेषगरी, स्थानीय मठमन्दिर, गुम्बा, र सांस्कृतिक कार्यक्रमहरूले धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रवर्द्धन गरेको छ ।

प्राकृतिक स्रोतहरू, जस्तै नदी, जलाशय, र हरियालीले हनुमाननगर कंकालिनी नगरपालिकालाई प्रकृतिप्रेमीहरूको लागि उपयुक्त गन्तव्य बनाएको छ । यस्तै, नगरपालिकाका परम्परागत जीवनशैली, स्थानीय खानपान, र हस्तकलाहरूले पर्यटकहरूको चासो बढाएको छ ।

स्थानीय सरकार र समुदायले पर्यटकीय स्थलहरूको संरक्षण, होमस्टे कार्यक्रम सञ्चालन, र प्रचारप्रसारमा ध्यान दिइरहेका छन् । यसले हनुमाननगर कंकालिनी नगरपालिकाको पर्यटनलाई थप व्यवस्थित र आकर्षक बनाउँदै आर्थिक गतिविधिमा योगदान पुऱ्याएको छ ।

### १.१.४ राजनीतिक तथा प्रशासनिक बिभाजन र समानुपातिक विकास

**तालिका १.५ वडागत घरधुरी तथा उपलब्ध सेवाहरु**

| वडा | जम्मा जनसंख्या | जम्मा घरधुरी | उपलब्ध प्रमुख सेवाहरू | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | ८१९४ | १६३० | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| २ | २०९२ | ४४१ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| ३ | ६११४ | १२०९ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| ४ | ८१२७ | १७४३ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| ५ | २१६५ | ४३६ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| ६ | ३८१३ | ७५५ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| ७ | २६२२ | ५६४ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| ८ | १९४० | ३९९ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| ९ | २२९३ | ४३५ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| १० | २२२१ | ४३७ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| ११ | २४१६ | ४६३ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| १२ | २५४१ | ५२५ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| १३ | ७०० | १४४ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| १४ | ७५५८ | १४६४ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |

### १.२.३ भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप (Geographical Background and Demographic Characteristics/Structure)

### १.२.३.१ भौगोलिक पृष्ठभूमि (Geographical Background)

हनुमाननगर कंकालिनी नगरपालिकाको पूर्वमा सुनसरी जिल्ला र भारत, पश्चिममा तिलाठी कोइलाडी गा.पा. र महादेवा गा.पा., उत्तरमा तिरहुत गा.पा. र कञ्चनरुप नगरपालिका तथा दक्षिणमा भारतले घेरिएको छ । यस नगरपालिकाका कूल क्षेत्रफल ११८.१९ वर्ग मिलोमिटर रहेको छ । हनुमाननगर कंकालिनी नगरपालिकालाई प्रशासनिक रुपमा १४ वटा वडाहरुमा विभाजन गरीएको छ । यहाँको भूस्वरुप तराई क्षेत्र अन्तरगत पर्दछ । भौगोगिक अवस्थितिका हिसाबले हनुमाननगर कंकालिनी नगरपालिकाको २६ डिग्री २६ मिनेट २० सेकेन्ड देखि २६ डिग्री ३५ मिनेट ५ सेकेण्ड उत्तरी आक्षंश र ८६ डिग्री ४६ मिनेट ४८ सेकेण्ड देखि ८६ डिग्री ५८ मिनेट २२ सेकेण्ड पुर्वी देशान्तरमा रहेको छ । यहाँको हावापानी समशितोष्ण खालको छ भने उत्तरी भागमा सामान्य मौसम र दक्षिणी भेगमा गर्मी हुने गर्दछ । यस क्षेत्रमा जाडोमा अति जाडो र गर्मीमा अति गर्मी हुने गर्दछ । यहाँ छ महिना निकै न्यानो वातावरण र छ महिना कुनै कुनै ठाउँमा निकै चिसो प्रकृतिको हावापानी महसुस गर्न सकिनछ ।

**१.२.३.२ भौगोलिक अवस्था :** हनुमाननगर कंकालिनी नगरपालिका नेपालको मधेश प्रदेश अन्तर्गत सप्तरी जिल्लामा अवस्थित एक स्थानीय तह हो। यो नगरपालिका भौगोलिक रूपमा समथर तराई क्षेत्रमा फैलिएको छ। यहाँको भूमी उर्वर र जलवायु मध्यम गर्मीयुक्त रहेको छ, जसले कृषि उत्पादनलाई विशेष प्राथमिकता दिएको छ। हनुमाननगर कंकालिनी नगरपालिकाका विभिन्न क्षेत्रमा नदी, कुलो र प्राकृतिक जलस्रोतहरू उपलब्ध छन्, जसले सिंचाइका लागि महत्त्वपूर्ण भूमिका खेल्छन्। यो क्षेत्र विभिन्न जातजाति र संस्कृतिका मानिसहरूको सह-अस्तित्वको उत्कृष्ट नमुना हो। हरियालीले भरिएको यो नगरपालिका कृषिमा आधारित अर्थतन्त्र, सांस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यको कारण प्रसिद्ध छ।

**१.२.३.३ नदीनाला :** हनुमाननगर कंकालिनी नगरपालिकामा अवस्थित नदीनालाहरू यस क्षेत्रका प्राकृतिक सम्पदाका रूपमा परिचित छन्। कोशी नदीको प्रभावले यहाँको भौगोलिक बनावट र जलवायुलाई निर्धारण गरेको छ। यस क्षेत्रका साना-ठूला नालाहरूले सिंचाइका लागि महत्त्वपूर्ण भूमिका खेल्छन्, जसले कृषिलाई समृद्ध बनाएको छ। कोशीको सहायक धाराहरू, जस्तै त्रियुगा र अन्य साना खोलाहरूले वर्षात् र हिउँद दुवै मौसममा पानीको आपूर्ति गर्दै स्थानीय जनजीवनलाई सहज बनाएका छन्। यी नदीनालाहरूले केवल जलस्रोतको रूपमा मात्र नभई मत्स्य पालन, घरेलु प्रयोग र जैविक विविधताको संरक्षणमा समेत योगदान पुऱ्याएका छन्। तर, बाढीको जोखिम पनि यस्तै नदीहरूबाट देखा पर्ने भएकाले दीर्घकालीन व्यवस्थापन आवश्यक छ।

**१.२.३.४ हावापानी :** हनुमाननगर कंकालिनी नगरपालिकाको हावापानी मध्यम गर्मीयुक्त तराई क्षेत्रको विशेषता बोकेको छ। यहाँ गर्मी मौसममा तापक्रम ३० देखि ४० डिग्री सेल्सियससम्म पुग्न सक्छ, भने जाडो मौसममा तापक्रम १० देखि १५ डिग्री सेल्सियसको हाराहारीमा रहन्छ। मनसुनको समयमा पर्याप्त वर्षा हुने भएकाले कृषि उत्पादनका लागि यो क्षेत्र अनुकूल मानिन्छ। हावापानीको यस विविधताले यहाँको जनजीवनलाई प्रत्यक्ष रूपमा प्रभाव पार्दछ। हनुमाननगर कंकालिनी नगरपालिकामा विभिन्न जातजाति, भाषा र संस्कृतिका मानिसहरू बसोबास गर्दछन्, जसले यो क्षेत्रलाई सांस्कृतिक रूपमा समृद्ध बनाएको छ। यहाँका मानिसहरूको मुख्य जीविकोपार्जन कृषि, पशुपालन र साना व्यवसायहरू हुन्। ग्रामीण जीवनशैली, पारिवारिक सहकार्य, र सांस्कृतिक चाडपर्वले स्थानीय जनजीवनलाई अझ आकर्षक बनाएको छ।

**१.२.३.५ प्राकृतिक बिपत र तिनको सम्भावना :** हनुमाननगर कंकालिनी नगरपालिकामा बाढी, आगलागी, र महामारीजस्ता प्राकृतिक विपदहरू आउने सम्भावना उच्च छ। बर्सातको समयमा कोशी नदी र सहायक धाराहरूमा जलस्तर बढ्दा बाढीले खेतबारी, घरधुरी, र जनधनमा ठूलो क्षति पुर्याउने जोखिम रहन्छ। गर्मीयाममा सुख्खा मौसम र हावाहुरीले आगलागीको घटना बढी

हुने गर्दछ, विशेष गरी परम्परागत छानो भएका घरहरूमा। साथै, अत्यधिक गर्मीले जंगलमा आगलागीको सम्भावना पनि बढाउँछ। यहाँको जनसंख्याको घनत्व र जलवायु परिवर्तनका कारण महामारी फैलने जोखिम पनि रहन्छ। डेंगु, मलेरिया, टाइफाइडजस्ता रोगहरू बाढीपछिको जलजन्य समस्या वा लामखुट्टे प्रकोपबाट देखा पर्न सक्छन्। साथै, शीतलहरले जाडो मौसममा बालबालिका, वृद्धवृद्धा, र कमजोर व्यक्तिहरूलाई गम्भीर असर पुर्याउने सम्भावना हुन्छ। यी विपदहरूको सामना गर्न अग्रिम योजना, चेतनामूलक कार्यक्रम, र पूर्वतयारी अनिवार्य छ।

**१.२.३.६ प्राकृतिक स्रोत एवं विशेषता :** हनुमाननगर कंकालिनी नगरपालिकामा विभिन्न प्राकृतिक स्रोतहरू उपलब्ध छन्, जसले यहाँको जनजीवन र आर्थिक गतिविधिमा महत्त्वपूर्ण भूमिका खेल्छन्। यस क्षेत्रको मुख्य प्राकृतिक स्रोत भनेको उर्वर कृषि भूमि हो, जसले धान, गहुँ, मकै, र दलहन बालीको उत्पादनलाई बढावा दिएको छ। पानीका स्रोतहरूमा कोशी नदी, यसको सहायक धाराहरू, र साना कुलाहरूले सिंचाइको लागि महत्त्वपूर्ण योगदान पुर्याएका छन्। साथै, यहाँको वन क्षेत्रबाट काठ, घाँस, र इन्धनको आपूर्ति हुने गर्छ। हनुमाननगर कंकालिनी नगरपालिकामा पाइने माटो उर्वर र जैविक विविधतायुक्त छ, जसले कृषिको अतिरिक्त तरकारी खेती र बगैंचालाई पनि प्रोत्साहन दिएको छ। यी स्रोतहरूको प्रभावकारी व्यवस्थापन र उपयोगले यहाँको जीवनस्तरलाई सुधार्न र दिगो विकासलाई सुनिश्चित गर्न सहयोग पुर्याउन सक्छ।

### १.२.४ पूर्वधार र विकास

**क) स्वास्थ्य सेवा:** हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी, स्वास्थ्य सेवामा सुधारका लागि विभिन्न प्रयासहरू गर्दै आएको छ। यहाँका स्वास्थ्य केन्द्रहरूमा आधारभूत स्वास्थ्य सेवाहरू उपलब्ध छन्, जसमा प्राथमिक स्वास्थ्य केन्द्र र उपस्वास्थ्य केन्द्रहरू प्रमुख छन्। तथापि, स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा अझै सुधारको आवश्यकता छ।

बाल स्वास्थ्य सेवामा महत्त्वपूर्ण खोप कार्यक्रमहरू सञ्चालन भइरहेका छन्, जसमा निम्नलिखित खोपहरू दिइन्छ:

- BCG (बाँसको खोप)
- पोलियो खोप
- DPT (डिप्थेरिया, पेर्टुसिस र टिटानस)
- हेपाटाइटिस B
- रोटावायरस खोप
- MMR (मास्स, मम्प्स र रुबेला)
- Vitamin A खुराक

कुपोषणको समस्या महत्त्वपूर्ण छ, र यहाँ ११.५% बच्चाहरू कुपोषित रहेका छन्। कुपोषित बच्चाहरूको उपचारका लागि मासिक पोषण वितरण, स्तनपान प्रवर्धन, र समुदायमा आधारित जागरूकता अभियानहरू सञ्चालनमा छन्।

साथै, सुकेनाश, फुकेनाश र हैंजा जस्ता संक्रमणजन्य रोगहरूको रोकथामका लागि नियमित खोप अभियानहरू चलाइन्छ। यस क्षेत्रमा स्वास्थ्य शिक्षा र स्वच्छता सुधारका प्रयासहरू जारी छन्, जसले समुदायमा रोगहरूको प्रसारलाई रोक्न मद्दत पुऱ्याउँछ।

स्थानीय सरकार र स्वास्थ्य संस्थाहरू कुपोषण र स्वास्थ्य समस्या समाधानका लागि सक्रिय रूपमा काम गर्दै छन्, जसले हनुमाननगर कंकालिनी नगरपालिकामा स्वास्थ्य सेवामा सुधार ल्याउन मद्दत गर्दैछ।

**ख) खानेपानी:** यस नगरपालिकाको अधिकांश ठाउँमा भूमिगत जल सतहबाट हाते पम्प/ट्यूबेलको माध्यमले शुद्ध खानेपानी प्राप्त गरेका छन् भन्ने केहि स्थानमा शुद्ध खानेपानीको ट्यांकी समेत निर्माण गरि खानेपानी बितरण गरिएको छ |

**ग)विधुत :**यस नगरपालिकाको सम्पूर्ण घरधुरीमा विद्युत पहुच पुग्नुको साथै यस क्षेत्रका बासिन्दाहरुले विद्युतलाई केवल घरायसी प्रयोजनमा मात्र प्रयोग नगरी कृषि सिचाई, विद्युतीय गाडी आदिको क्षेत्रमा समेत प्रयोग गरेको पाइन्छ।

**घ) यातायत/हवाई मार्ग :** हनुमाननगर कंकालिनी नगरपालिकाको सबै वडामा यातायातको सहजता  रहेको छ | यस नगरपालिकाको वडा नं १ मा बन्दै गरेको हुलाकी राजमार्ग पनि रहेको छ र यस नगरपालिका बाट सप्तरी जिल्लाको सदरमुकाम राजविराज पुग्न ४० मिनेट मात्र समय लाग्ने कुराले पनि यहाँको यातायातको व्यवस्था र सहजताको बारेमा झल्काउने गरेको छ |

**ङ) सूचना/संचार/हुलाक/पत्रपत्रिका, इन्टरनेटसेवा :** यस नगरपालिकामा Subisu, नेपाल दुरसंचार संस्था, ऐनसेल नेटवर्क, world link तथा बिभिन्न सेवा प्रदयाक संस्थाको इन्टरनेट सेवाको पहुच पुगेको छ |

**ङ) बैंकिंग सेवा:** एक पालिका एक बैंक नीतिको आगमनले नेपाल राष्ट्र बैंक को इजाजत प्राप्त क, ख ,ग र घ वर्ग लगायत अन्य सहकारी संस्थाहरुले बैंकिंग सेवा प्रदान गर्दै आएको छ । यस पालिकाको वडा नं. १ भारदह बजारमा सिटिजन बैंक, वडा नं. ९ हनुमाननगर बजारमा राष्ट्रिय बाणिज्य बैंक हनुमाननगर बजारमै वडा नं. १२ मा कृषि विकास बैंक  गरी जम्मा ३ (तीन) वटा बैंकहरु रहेको छ।

### १.२.५ ऐतिहासिक पृष्ठभूमि (Historical Background)

**क) ऐतिहासिक अवस्था : हनुमाननगर कंकालिनी नगरपालिका** ऐतिहासिक, धार्मिक, र सांस्कृतिक रूपमा अत्यन्त महत्त्वपूर्ण छ। यो क्षेत्र प्राचीनकालदेखि नै मानव बसोबास र सभ्यताको केन्द्र रहँदै आएको छ। वैदिककालमा यस क्षेत्रलाई कृषि, व्यापार, र सांस्कृतिक आदान-प्रदानको थलो मानिन्थ्यो। कोसी नदीको निकटताले यसलाई जलस्रोत र कृषि उत्पादनका लागि महत्त्वपूर्ण बनाएको छ। ऐतिहासिक रूपमा, हनुमाननगर नेपाल-भारत सीमावर्ती क्षेत्र भएकाले व्यापारिक मार्गका रूपमा प्रख्यात थियो। यो नगरपालिकाको मुख्य धार्मिक स्थल **कंकालिनी भगवती मन्दिर** हो, जुन शक्तिपीठहरूमध्ये एक मानिन्छ। प्राचीन कालदेखि नै यो मन्दिर स्थानीय र दूरदराजका भक्तहरूको आस्थाको केन्द्र रहँदै आएको छ। यसले नगरपालिकालाई धार्मिक पर्यटनको महत्त्वपूर्ण केन्द्र बनाएको छ। साथै, यो क्षेत्र ब्रिटिशकालीन राणा शासनकालमा सप्तरी जिल्लाको प्रशासनिक केन्द्रको रूपमा पनि चिनिन्थ्यो।

हनुमाननगर कंकालिनी नगरपालिकाले मधेशको सांस्कृतिक विविधता झल्काउँछ। यहाँका विभिन्न जातजाति र धर्मका समुदायहरूले यस क्षेत्रको सामाजिक संरचनालाई अझै समृद्ध बनाएका छन्। प्राकृतिक प्रकोप, विशेष गरी कोसी नदीको बाढी,ले यस क्षेत्रको भूगोल र जीवनशैलीमा प्रभाव पारेको छ। नगरपालिका बनेपछि विकास र संरचनात्मक परिवर्तनका कारण यसको ऐतिहासिक महत्त्वलाई थप मजबूती दिएको छ।

**मधेश प्रदेशको सप्तरी जिल्लामा रहेको हनुमाननगर कंकालिनी नगरपालिका** ऐतिहासिक, धार्मिक, र सांस्कृतिक रूपमा अत्यन्त महत्त्वपूर्ण छ। यो क्षेत्र प्राचीनकालदेखि नै मानव बसोबास र सभ्यताको केन्द्र रहँदै आएको छ। वैदिककालमा यस क्षेत्रलाई कृषि, व्यापार, र सांस्कृतिक आदान-प्रदानको थलो मानिन्थ्यो। कोसी नदीको निकटताले यसलाई जलस्रोत र कृषि उत्पादनका लागि महत्त्वपूर्ण बनाएको छ। ऐतिहासिक रूपमा, हनुमाननगर नेपाल-भारत सीमावर्ती क्षेत्र भएकाले व्यापारिक मार्गका रूपमा प्रख्यात थियो।

यो नगरपालिकाको मुख्य धार्मिक स्थल **कंकालिनी भगवती मन्दिर** हो, जुन शक्तिपीठहरूमध्ये एक मानिन्छ। प्राचीन कालदेखि नै यो मन्दिर स्थानीय र दूरदराजका भक्तहरूको आस्थाको केन्द्र रहँदै आएको छ। यसले नगरपालिकालाई धार्मिक पर्यटनको महत्त्वपूर्ण केन्द्र बनाएको छ। साथै, यो क्षेत्र ब्रिटिशकालीन राणा शासनकालमा सप्तरी जिल्लाको प्रशासनिक केन्द्रको रूपमा पनि चिनिन्थ्यो।

हनुमाननगर कंकालिनी नगरपालिकाले मधेशको सांस्कृतिक विविधता झल्काउँछ। यहाँका विभिन्न जातजाति र धर्मका समुदायहरूले यस क्षेत्रको सामाजिक संरचनालाई अझै समृद्ध बनाएका छन्। प्राकृतिक प्रकोप, विशेष गरी कोसी नदीको बाढी,ले

यस क्षेत्रको भूगोल र जीवनशैलीमा प्रभाव पारेको छ। नगरपालिका बनेपछि विकास र संरचनात्मक परिवर्तनका कारण यसको ऐतिहासिक महत्त्वलाई थप मजबूती दिएको छ।

**ख) पर्यटकीय एवं ऐतिहासिक विशेषता : -** हनुमाननगर कंकालिनी नगरपालिका ऐतिहासिक र पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण स्थान हो। यस नगरपालिकाको प्रमुख आकर्षणमध्ये "कंकालिनी भगवती मन्दिर" विशेष स्थानमा पर्दछ। यो मन्दिर धार्मिक आस्थाको केन्द्र हो र विशेषतः दसैँका बेला यहाँ ठूलो संख्यामा भक्तजनहरूको आगमन हुन्छ।

नगरपालिकाको ऐतिहासिक महत्त्व सप्तरी जिल्लाको प्राचीन इतिहाससँग गहिरो रूपमा सम्बन्धित छ। मिथिला सभ्यता र संस्कृतिको प्रभाव यहाँको सांस्कृतिक जीवनशैलीमा देख्न सकिन्छ। स्थानीय जातीय विविधता, परम्परागत चालचलन, तथा कला-संस्कृतिले यो क्षेत्रलाई अझ विशेष बनाएको छ।

प्राकृतिक सुन्दरता र सिँचाइ प्रणालीका लागि कोशी नदीको नजिकको क्षेत्र पर्यटकीय आकर्षणको अर्को स्रोत हो। कोशी ब्यारेज, जुन कोशी नदीमा बनाइएको एक महत्त्वपूर्ण संरचना हो, पर्यटकहरूको लागि प्रमुख गन्तव्यस्थल बनेको छ। यहाँको जलवायु, हरियाली, र नदीको किनारले साहसिक पर्यटनमा रुचि राख्नेहरूको लागि उत्कृष्ट अवसर प्रदान गर्दछ।

साथै, हनुमाननगर कंकालिनी नगरपालिकामा स्थानीय कृषि, परम्परागत हस्तकला, र उत्सवहरूले पर्यटकहरूलाई यहाँको संस्कृति र जीवनशैली नजिकबाट अनुभव गर्ने अवसर दिन्छ। पर्यटकीय विकासका लागि यस क्षेत्रमा आधारभूत संरचना विस्तार र प्रचार-प्रसारको खाँचो देखिन्छ।

**ग) सामाजिक अवस्था :** हनुमाननगर कंकालिनी नगरपालिकाको सामाजिक अवस्था विविधता र सहअस्तित्वको विशेषताले भरिपूर्ण छ। यस क्षेत्रमा विभिन्न जातजाति, धर्म, र भाषाभाषी समुदायहरू बसोबास गर्दछन्। मुख्यतः मधेसी, थारू, मुस्लिम, दलित, र पहाडी समुदायहरूको उपस्थितिले यहाँको सामाजिक संरचना बहुआयामिक देखिन्छ।

यहाँको समाज परम्परागत मूल्यमान्यता र सांस्कृतिक प्रथामा आधारित छ। विवाह, चाडपर्व, तथा अन्य सामाजिक कार्यहरूमा समुदायबीचको आपसी सहयोगले सामाजिक सम्बन्धलाई थप प्रगाढ बनाएको छ। विशेषतः छठ, दशैं, तिहार, ईद, तथा अन्य स्थानीय पर्वहरू यहाँको सामाजिक एकताको प्रतीक हुन्।

शिक्षा र स्वास्थ्यजस्ता सामाजिक सूचकहरूमा सुधारको आवश्यकता भए पनि पछिल्लो समय विद्यालयहरूको स्थापना र स्वास्थ्य सेवाको विस्तारले समाजमा सकारात्मक प्रभाव पारिरहेको छ। युवापुस्ताको रोजगारीका लागि वैदेशिक रोजगारमा निर्भरता यहाँको प्रमुख सामाजिक चुनौती हो।

सामाजिक असमानता भने अझै पनि एक प्रमुख समस्या हो, जसमा विशेष गरी जातीय विभेद, लैंगिक असमानता, र आर्थिक असमानताले प्रभाव पार्दै आएको छ। यद्यपि, हालसालै महिला सशक्तिकरणका प्रयासहरू, सामुदायिक संघ-संस्थाहरूको सक्रियता, र सरकारी नीतिहरूले सामाजिक सुधारका संकेत देखाइरहेका छन्।

सामाजिक सद्भाव र सहअस्तित्व यहाँको प्रमुख विशेषता हो, जसले हनुमाननगर कंकालिनी नगरपालिकालाई विविधता र एकताको सुन्दर उदाहरण बनाएको छ।

**घ) सामाजिक तथा सांस्कृतिक विशेषता :** हनुमाननगर कंकालिनी नगरपालिका सामाजिक र सांस्कृतिक विविधताले भरिपूर्ण छ। हनुमाननगर कंकालिनी नगरपालिका एक समृद्ध मधेशी समुदाय हो, जहाँ विभिन्न जातजाति, धर्म, र सांस्कृतिक परम्पराहरूको अनूठो मिश्रण पाइन्छ । यहाँ मुख्य रूपमा मधेशी, थारु, यादव, मुस्लिम, ब्राह्मण, दलित, तथा अन्य समुदायहरूको बसोबास छ । सामाजिक रूपमा यहाँका बासिन्दाहरू परम्परागत सामुदायिक जीवनशैलीमा आधारित छन्। विभिन्न जातीय समुदायहरूबीच आपसी सहयोग र सद्भाव यहाँको विशेषता हो। मधेसी, थारू, मुस्लिम, दलित, तथा पहाडी समुदायहरूको सहजीवनले सामाजिक विविधतालाई अझ जीवन्त बनाएको छ।

सांस्कृतिक रूपमा यो नगरपालिका धार्मिक पर्व, परम्परा, र उत्सवहरूका लागि प्रसिद्ध छ। कंकालिनी भगवती मन्दिर धार्मिक पर्यटकहरूको लागि प्रमुख गन्तव्यस्थल हो। छठ पर्व, दसैँ, तिहार, होली, ईद, र अन्य स्थानीय पर्वहरू यहाँको सांस्कृतिक पहिचान हुन्। यी पर्वहरूका बेला समुदायको सहभागिता, परम्परागत नृत्य, संगीत, तथा खानपानले सांस्कृतिक जीवनलाई झल्काउँछ।

यहाँका मानिसहरूको जीवनशैली मिथिला सभ्यता र परम्परागत मान्यतामा आधारित छ। मैथिली भाषा, साहित्य, र कलाको प्रचलन यहाँको सांस्कृतिक सम्पत्तिमा महत्त्वपूर्ण योगदान गर्दछ। स्थानीय हस्तकलाहरू, जस्तै माटाका भाँडाकुँडा, बुनाइका सामग्रीहरू, र परम्परागत पोशाकहरूले पनि यहाँको सांस्कृतिक विशेषता झल्काउँछन्।

सामाजिक र सांस्कृतिक विविधताले भरिपूर्ण हनुमाननगर कंकालिनी नगरपालिका नेपालकै एक आकर्षक र सद्भावपूर्ण क्षेत्रको रूपमा परिचित छ।

**ङ) चाडपर्व/जात्रा र अन्य संस्कृतिहरू :** हनुमाननगर कंकालिनी नगरपालिका एक मधेशी समुदाय हो, जहाँ विभिन्न जातजाति र धर्मावलम्बीहरूको बसोबास छ । यो सांस्कृतिक विविधता चाडपर्वहरूको बहुलतामा झल्किन्छ । यहाँका प्रमुख चाडपर्वहरूमा चौरचन, रक्षा बन्धन, दशैँ, तिहार छठ, होली, ईद बकरईद, पुशी पुर्णिमा, होलि पर्दछन् ।

कंकालिनी भगवती मन्दिरमा प्रत्येक वर्ष विशेष मेला लाग्छ, जहाँ भक्तजनहरूको ठूलो भिड लाग्दछ। यस मेला तथा जात्राले धार्मिक आस्थासँगै परम्परागत व्यापार र मेलमिलापलाई पनि प्रोत्साहन गर्दछ। यहाँको जात्रा महोत्सवहरूमा परम्परागत नृत्य, संगीत, तथा स्थानीय कला–संस्कृतिको झल्को पाइन्छ।

सांस्कृतिक रूपमा मैथिली परम्परा यहाँको जीवनशैलीको अभिन्न अंग हो। विवाह, उपनयन, तथा अन्य सामाजिक कार्यहरू परम्परागत मैथिली शैलीमा सम्पन्न हुन्छन्। मैथिली भाषा, लोकगीत, नृत्य, र परम्परागत पोशाक यहाँको सांस्कृतिक पहिचान हुन्।

छठ पर्व महत्त्वपूर्ण धार्मिक चाड हो, जहाँ सूर्यदेवको उपासना गरिन्छ । यो पर्व सामूहिक सहभागिता र धार्मिक आस्थाको प्रतीक हो । होली रंगहरूको चाड हो, जसले यहाँको सामाजिक मेलमिलाप र भाइचारा झल्काउँछ । दशैँ र तिहारले हिन्दू परम्परा झल्काउँछ, जहाँ देवी दुर्गाको पूजा र दीपावलीको झिलिमिलीले नगरपालिकालाई जीवन्त बनाउँछ ।

मुस्लिम समुदायका लागि ईद विशेष चाड हो, जसमा धार्मिक प्रार्थना र परम्परागत भोजनको विशेष महत्त्व हुन्छ । यस्तै, स्थानीय थारु समुदायले जितिया र माघी पर्व मनाउँछन्, जसले यहाँको सांस्कृतिक विविधता समृद्ध बनाएको छ ।

हनुमाननगर कंकालिनी नगरपालिकामा चाडपर्वहरू आपसी सद्भाव, धार्मिक सहिष्णुता, र सामुदायिक एकताको प्रतीकका रूपमा मनाइन्छन् । यसले सामाजिक सम्बन्धलाई अझ प्रगाढ बनाउने काम गर्दछ ।

च) प्रमुख जातजाती, जनजातिहरू, पिछडा बर्ग,

**तालिका १.६ प्रमुख जातजातीहरू**

| जातजातिहरु | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| **सबै जाति** | ५२७९६ | २६७६५ | २६०३१ |
| **क्षेत्री** | ९५ | ४९ | ४६ |
| **ब्राह्मण - पहाड** | ८५ | ४४ | ४१ |
| **मगर** | १७ | ९ | ८ |
| **थारु** | २१ | ११ | १० |
| **तामाङ** | ११ | ७ | ४ |
| **नेवा : (नेवार)** | ९८ | ४२ | ५६ |
| **विश्वकर्मा** | ३३ | १७ | १६ |
| **मुस्लिम** | ३६९० | १७६७ | १९२३ |

| | | | |
|---|---|---|---|
| यादव | ९५२८ | ४९६९ | ४५५९ |
| परियार | ३४ | १८ | १६ |
| ठकुरी | ८७ | ४६ | ४१ |
| तेली | २०२७ | १०४४ | ९८३ |
| चमार/हरिजन/राम | १७३४ | ८६४ | ८७० |
| कोइरी/कुशवाहा | ९०८ | ४७० | ४३८ |
| मुसहर | ४०२३ | २०१५ | २००८ |
| कुर्मी | ३४ | १६ | १८ |
| सन्यासी/दशनामी | २९ | १३ | १६ |
| धानुक | ५७९० | २९६८ | २८२२ |
| दुसध/पासावन/पसी | २८७ | १६० | १२७ |
| मल्लहा | ३३३३ | १६७० | १६६३ |
| केवट | ३४९ | १७५ | १७४ |
| कथाबनिया | १०९४ | ५७६ | ५१८ |
| ब्राह्मण - तराई | १२९४ | ६६४ | ६३० |
| कलवार | ३७ | १८ | १९ |
| कुमल | १९४ | ९७ | ९७ |
| हजम/ठाकुर | ६२२ | ३१० | ३१२ |
| धोबी | १५७६ | ७८३ | ७९३ |
| Tatma/Tatwa | ८४ | ४१ | ४३ |
| लोहार | ३५ | १७ | १८ |
| खट्वे | १७२७ | ८५६ | ८७१ |
| सुनदी | २७९ | १४४ | १३५ |
| हलुवाई | ११८७ | ५८३ | ६०४ |
| माझी | १९४ | १०१ | ९३ |
| बाराई | ३१८ | १६० | १५८ |
| बिन | १९ | ९ | १० |
| नुनिया | ७० | ३६ | ३४ |
| सोनार | २६२ | १२६ | १३६ |
| कुम्हार | ८७८ | ४६३ | ४१५ |
| सुनुवार | १४ | ५ | ९ |
| बन्तार/सरदार | ८१८ | ३९८ | ४२० |
| मारवाडी | १५९ | ७९ | ८० |
| कायस्थ | ७८ | ४० | ३८ |
| राजपूत | ३१ | १३ | १८ |
| बधाइ/बधे | ८६८ | ४४९ | ४१९ |
| बंगाली | ५२ | २६ | २६ |
| माली | ७१ | ३४ | ३७ |

| | | | |
|---|---|---|---|
| **धुनिया** | ४७ | २४ | २३ |
| **राजधोब** | ३२७८ | १६९५ | १५८३ |
| **डोम** | २३३ | १२० | ११३ |
| **कोरी** | १७ | ९ | ८ |
| **राजभर** | २३२ | ११४ | ११८ |
| **सरबरिया** | २१४ | १०५ | १०९ |
| **हलखोर** | ३८ | १५ | २३ |
| **अमत** | ३०१३ | १५५१ | १४६२ |
| **धनकर/धारीकर** | ८८१ | ४४८ | ४३३ |
| **देव** | २२४ | ११२ | ११२ |
| **भूमिहार** | ७३ | ४१ | ३२ |
| **रौनियार** | १२८ | ७२ | ५६ |
| **अरू** | ६६ | ३८ | २८ |
| **विदेशी** | १७८ | १९ | १५९ |

**स्रोत:CBS-2078**

**तालिका १.७ भाषागत जनसंख्या**

| मातृभाषा | जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | |
| **सबै मातृभाषाहरू** | ५२७९६ | २६७६५ | २६०३१ | १००.०० |
| **नेपाली** | ५९५ | ३०८ | २८७ | १.१३ |
| **मैथिली** | ५०२६६ | २५४८२ | २४७८४ | ९५.२१ |
| **उर्दू** | ५५७ | २६९ | २८८ | १.०६ |
| **हिन्दी** | २१२ | ९३ | ११९ | ०.४० |
| **मगही** | ११४४ | ६०० | ५४४ | २.१७ |
| **अरू** | २२ | १३ | ९ | ०.०४ |

**स्रोत: CBS-2078**

मातृभाषाको आधारमा जनसंख्याको आकारलाई विश्लेषण गरेर हेर्दा यस पालिकामा मैथिली मातृभाषीहरुको जनसंख्या सबैभन्दा बढी ९५.२१ प्रतिशत र भोजपुरी मातृभाषीको जनसंख्या सबैभन्दा कम ०.४ प्रतिशत रहेको छ। मातृभाषाको आधारमा यो नगरपालिका मैथली मातृभाषीको बाहुल्यता रहेको तथ्याङ्कले देखाउँछ।

**तालिका १.८ प्रमुख धर्मावली अनुसारको जनसंख्या**

| क्षेत्र | जम्मा जनसंख्या | धर्महरु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हिन्दु | बौद्ध | इस्लाम | किराँत | क्रिस्चियन | प्रकृति | बोन | जैन | बहाई | सिख |
| जम्मा | ५२७९६ | ४८९४८ | ३ | ३७३६ | ० | ० | ० | १ | १०९ | ० | ० |
| पुरुष | २६७६५ | २४९११ | २ | १७९२ | ० | ० | ० | ० | ६० | ० | ० |
| महिला | २६०३१ | २४०३७ | १ | १९४४ | ० | ० | ० | १ | ४९ | ० | ० |

**स्रोत:CBS-2078**

**छ) जनसाङ्ख्यिक स्वरूप**

जनसाङ्ख्यिक स्वरूप र प्रबृत्ति (जन्म दर, बसाई सराई, सुकुम्बासी, सरणार्थी, घुमन्ते/फिरन्ते

लैंगिक, अपाङ्गता र बिशेष जातजाती

तालिका १.१० २०७८ को कुल जनसंख्याको वितरण

| क्रस | उमेर समुह | जम्मा | पुरुष | महिला | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ००-०४ | २८६७ | १५५० | १३१७ | ९.४६ | ११७.६९ |
| २ | ०५-०९ | ३४४० | १८१० | १६३० | ११.३५ | १११.०४ |
| ३ | १०-१४ | ३२४३ | १६८१ | १५६२ | १०.७० | १०७.६२ |
| ४ | १५-१९ | २९४० | १५४३ | १३९७ | ९.७० | ११०.४५ |
| ५ | २०-२४ | २७३६ | १२९९ | १४३७ | ९.०३ | ९०.४० |
| ६ | २५-२९ | २४६० | ११५८ | १३०२ | ८.११ | ८८.९४ |
| ७ | ३०-३४ | २०३६ | ९१८ | १११८ | ६.७२ | ८२.११ |
| ८ | ३५-३९ | २०८० | ९४३ | ११३७ | ६.८६ | ८२.९४ |
| ९ | ४०-४४ | १७०३ | ८५१ | ८५२ | ५.६२ | ९९.८८ |
| १० | ४५-४९ | १४२० | ७०७ | ७१३ | ४.६८ | ९९.१६ |
| ११ | ५०-५४ | १२८२ | ६५७ | ६२५ | ४.२३ | १०५.१२ |
| १२ | ५५-५९ | १०५९ | ५७६ | ४८३ | ३.४९ | ११९.२५ |
| १३ | ६०-६४ | ९८४ | ४६१ | ५२३ | ३.२५ | ८८.१५ |
| १४ | ६५-६९ | ८६१ | ४४३ | ४१८ | २.८४ | १०५.९८ |
| १५ | ७०-७४ | ७३९ | ३६५ | ३७४ | २.४४ | ९७.५९ |
| १६ | ७५-७९ | २९३ | १७० | १२३ | ०.९७ | १३८.२१ |
| जम्मा | | ३०३१५ | १५२२५ | १५०९० | १००.०० | १००.८९ |

स्रोतः CBS-2078

तालिका १.१३ २०७८ र २०८७ सम्मको प्रक्षेपित बिद्यालय र अन्य उमेर समुहको जनसंख्या (जम्मामा)

| **उमेर समूह** | **२०७८ को जनगणना** | **प्रक्षेपित जनसंख्या (जम्मामा)** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **२०८०** | **२०८१** | **२०८२** | **२०८३** | **२०८४** | **२०८५** | **२०८६** | **२०८७** |
| ४ | ५१०३ | ५११० | ५११४ | ५११७ | ५१२१ | ५१२४ | ५१२८ | ५१३१ | ५१३५ |
| ५-९ | ६१४७ | ६१५४ | ६१५७ | ६१६१ | ६१६३ | ६१६७ | ६१७९ | ६१८२ | ६१८६ |
| १०-१४ | ५७५५ | ५७६२ | ५७६५ | ५७६९ | ५७७७ | ५७८० | ५७८५ | ५७८८ | ५७८९ |
| १५-१९ | ५२६६ | ५२६९ | ५२७१ | ५२७४ | ५२७७ | ५२८० | ५२८३ | ५२८७ | ५२९० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २०-२४ | ४६०२ | ४६०९ | ४६११ | ४६१५ | ४६१९ | ४६२२ | ४६२५ | ४६२९ | ४६३२ |
| २५-२९ | ४१७१ | ४१७८ | ४१८१ | ४१८४ | ४१८७ | ४१९० | ४१९३ | ४१९७ | ४२०० |
| ३०-३४ | ३५६९ | ३५७६ | ३५७९ | ३५८२ | ३५८६ | ३५८९ | ३५९२ | ३५९५ | ३५९९ |
| ३५-३९ | ३८८३ | ३८९० | ३८९३ | ३८९७ | ३९०० | ३९०३ | ३९०७ | ३९१० | ३९१४ |
| ४०-४४ | २९६८ | २९७५ | २९७८ | २९८१ | २९८४ | २९८७ | २९८९ | २९९२ | २९९६ |
| ४५-४९ | २५०० | २५०७ | २५१० | २५१३ | २५१६ | २५१९ | २५२२ | २५२५ | २५२९ |
| ५०-५४ | २१४४ | २१५१ | २१५४ | २१५८ | २१६१ | २१६५ | २१६८ | २१७१ | २१७५ |
| ५५-५९ | १६३४ | १६४१ | १६४४ | १६४८ | १६५१ | १६५५ | १६५८ | १६६२ | १६६५ |
| जम्मा | ४७७४२ | ४७८२२ | ४७८५७ | ४७८९९ | ४७९४२ | ४७९८१ | ४८०२९ | ४८०६९ | ४८११० |

**छ) जनसाङ्ख्यिक स्वरूप**

तालिका १.१० (२०६८ मा र २०७८ को कुल जनसंख्या)

| क्रस | उमेर समुह | जम्मा | पुरुष | महिला | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ००-०४ | २८६७ | १५५० | १३१७ | ९.४६ | ११७.६९ |
| २ | ०५-०९ | ३४४० | १८१० | १६३० | ११.३५ | १११.०४ |
| ३ | १०-१४ | ३२४३ | १६८१ | १५६२ | १०.७० | १०७.६२ |
| ४ | १५-१९ | २९४० | १५४३ | १३९७ | ९.७० | ११०.४५ |
| ५ | २०-२४ | २७३६ | १२९९ | १४३७ | ९.०३ | ९०.४० |
| ६ | २५-२९ | २४६० | ११५८ | १३०२ | ८.११ | ८८.९४ |
| ७ | ३०-३४ | २०३६ | ९१८ | १११८ | ६.७२ | ८२.११ |
| ८ | ३५-३९ | २०८० | ९४३ | ११३७ | ६.८६ | ८२.९४ |
| ९ | ४०-४४ | १७०३ | ८५१ | ८५२ | ५.६२ | ९९.८८ |
| १० | ४५-४९ | १४२० | ७०७ | ७१३ | ४.६८ | ९९.१६ |
| ११ | ५०-५४ | १२८२ | ६५७ | ६२५ | ४.२३ | १०५.१२ |
| १२ | ५५-५९ | १०५९ | ५७६ | ४८३ | ३.४९ | ११९.२५ |
| १३ | ६०-६४ | ९८४ | ४६१ | ५२३ | ३.२५ | ८८.१५ |
| १४ | ६५-६९ | ८६१ | ४४३ | ४१८ | २.८४ | १०५.९८ |
| १५ | ७०-७४ | ७३९ | ३६५ | ३७४ | २.४४ | ९७.५९ |
| १६ | ७५-७९ | २९३ | १७० | १२३ | ०.९७ | १३८.२१ |
| जम्मा | | ३०३१५ | १५२२५ | १५०९० | १००.०० | १००.८९ |

**स्रोत:tool Kit**

**ज) जनसङ्ख्या प्रबृत्ति (बसाई सराई र यसको प्रभाव)**

हनुमाननगर कंकालिनी नगरपालिकाको जनसङ्ख्याको प्रवृत्ति विविधतायुक्त छ, जसमा बसाई सराईको महत्त्वपूर्ण भूमिका रहेको छ । यहाँका स्थानीय जनजीवन, सामाजिक अवस्था, र आर्थिक गतिविधिमा बसाई सराईको प्रभाव स्पष्ट रूपमा देख्न सकिन्छ । जनसङ्ख्याको यो प्रवृत्ति मुख्यतः रोजगारी, शिक्षा, स्वास्थ्य सेवा, र अन्य अवसरहरूको खोजीमा आधारित छ ।

हनुमाननगर कंकालिनी नगरपालिकाको जनसङ्ख्यामा विगत दशकमा उल्लेखनीय परिवर्तनहरू देखिएका छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार, यस क्षेत्रको जनसङ्ख्या ७७१४५ थियो, जसमा ३८४२६ पुरुष र ३८७१९ महिला थिए, र १,०६६ घरधुरीहरू थिए । राष्ट्रिय जनगणना २०७८ मा, जनसङ्ख्या बढेर ५२७९६ पुगेको छ, र घरधुरी संख्या १०६४५ पुगेको छ ।

जनसङ्ख्या वृद्धिमा बसाइँसराइको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । रोजगारी, शिक्षा, र स्वास्थ्य सेवाहरूको खोजीमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाइँसराइ गर्ने प्रवृत्ति नेपालभरि नै देखिन्छ, र हनुमाननगर कंकालिनी नगरपालिका पनि यसबाट अछुतो छैन । विशेष गरी युवा पुस्ता रोजगार र उच्च शिक्षाको अवसरको खोजीमा काठमाडौँ, विराटनगर, जनकपुरधाम जस्ता शहरी केन्द्रहरूतर्फ आकर्षित भएका छन् । यसले नगरपालिकामा कार्यशील जनशक्तिको कमी र वृद्ध जनसङ्ख्याको अनुपात बढ्ने सम्भावना निम्त्याएको छ ।

हनुमाननगर कंकालिनी नगरपालिकाबाट विशेषतः युवा वर्ग विदेश जाने प्रचलन छ । खाडी देशहरू, मलेसिया, र भारत जस्ता ठाउँमा रोजगारीका लागि जानेहरूको संख्या धैरै छ । रोजगारीका लागि बसाई सराईको यो लहरले नगरपालिकाको आर्थिक अवस्थालाई दुईतरिकाले प्रभावित गरेको छ । एकातर्फ, वैदेशिक रोजगारले रेमिट्यान्स मार्फत परिवारको आयस्तर उकास्न सहयोग पुर्‍याएको छ । अर्कोतर्फ, युवा जनशक्तिको कमीले कृषिजन्य उत्पादन र स्थानीय श्रमशक्तिमा नकारात्मक प्रभाव पारेको छ ।

त्यस्तै, नगरपालिकाभित्रै पनि बसाई सराईको प्रवृत्ति देखिन्छ । विशेष गरी ग्रामीण क्षेत्रबाट नगर क्षेत्र वा प्रमुख व्यापारिक केन्द्रतर्फ बसाई सराई हुने गरेको छ । शिक्षा, स्वास्थ्य सेवा, र आधुनिक सुविधा प्राप्त गर्नका लागि मानिसहरू गाउँको परम्परागत बस्ती छोडेर सुविधायुक्त ठाउँतर्फ सर्ने गरेका छन् । यसले गर्दा नगरपालिकाको केही क्षेत्र जनसङ्ख्याको सन्दर्भमा रित्तिँदै गएको छ भने अन्य क्षेत्रहरूमा घनत्व बढेको छ ।

हनुमाननगर कंकालिनी नगरपालिकामा भारतसँगको सिमाना नजिक रहेको हुँदा भारतबाट आवतजावत गर्नेहरूको प्रवृत्ति पनि उल्लेखनीय छ । सीमावर्ती व्यापार, सांस्कृतिक सम्बन्ध, र सामाजिक अन्तरक्रियाले भारत र नेपालका मानिसहरूको आपसी बसाई सराईलाई सहज बनाएको छ । यो प्रवृत्तिले सांस्कृतिक विविधता र आर्थिक गतिविधिलाई बढावा दिएको भए पनि, सीमावर्ती क्षेत्रमा असुरक्षा र सामाजिक व्यवस्थापनका चुनौतीहरू पनि थपेको छ ।

बसाई सराईको प्रवृत्तिले सामाजिक संरचनामा पनि परिवर्तन ल्याएको छ । परम्परागत संयुक्त परिवारको संरचना बिस्तारै एकल परिवारमा परिवर्तन हुँदैछ । विदेश गएका युवा परिवारका सदस्यहरू टाढा हुँदा वृद्धवृद्धा र बालबालिकाको हेरचाहको समस्या देखा परेको छ । साथै, वैदेशिक रोजगारले स्थानीय संस्कार, भाषा, र परम्परामा समेत क्रमशः प्रभाव पारिरहेको छ ।

हनुमाननगर कंकालिनी नगरपालिकामा बसाई सराईको सकारात्मक प्रभावमध्ये रेमिट्यान्स प्रमुख हो । रेमिट्यान्सले गाउँमा घर निर्माण, व्यवसाय प्रवर्द्धन, र शिक्षा क्षेत्रको सुधारमा योगदान पुर्‍याएको छ । तर, नकारात्मक पक्षमा, जनशक्तिको कमी, कृषि क्षेत्रको ह्रास, र स्थानीय उत्पादनमा निर्भरता घट्ने समस्या प्रमुख छन् ।

यस परिस्थितिमा, हनुमाननगर कंकालिनी नगरपालिकाले बसाई सराईको प्रभावलाई व्यवस्थापन गर्ने दीर्घकालीन योजना निर्माण गर्नुपर्छ । वैदेशिक रोजगारलाई व्यवस्थित गर्दै स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ । त्यसैगरी, शिक्षा, स्वास्थ्य, र अन्य आधारभूत सेवाहरूको पहुँच गाउँस्तरमै सुनिश्चित गरिएमा आन्तरिक बसाई सराईको दरलाई कम गर्न सकिन्छ ।

अन्त्यमा, हनुमाननगर कंकालिनी नगरपालिकाको जनसङ्ख्याको प्रवृत्तिमा बसाई सराई महत्त्वपूर्ण कारक हो, जसले सामाजिक, आर्थिक, र सांस्कृतिक पक्षहरूलाई प्रभाव पारिरहेको छ। यसलाई सही ढंगले व्यवस्थापन गर्न सकेमा नगरपालिकाको दिगो विकासमा यो प्रवृत्ति सकारात्मक साबित हुन सक्छ।

### १.२ पालिकाको शैक्षिक सन्दर्भ

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन् । ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ । नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन् । यसै गरी हनुमाननगर कंकालिनी नगरपालिका भित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्धतिहरु सञ्चालनमा आएको छन् । यस खण्डमा हनुमाननगर कंकालिनी नगरपालिका को संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत व्यवस्था, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन र दीगो विकासका लक्ष्यहरुको सन्दर्भ चर्चा गरीएको छ ।

#### १.२.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एक वहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक अवस्थाले युक्ते एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । यहाँको शिक्षा प्रणालीमा परम्परादेखि विद्यमान माथि उल्लेखित पक्षले प्रत्यक्ष एव परोक्षरुपमा प्रभाव पार्दै समय सापेक्ष रुपका राजनैतिक एवं सामाजिक घटनाले परिवर्तन एवं परिमार्जन गरेको पाईन्छ ।०६३ को राजनैतिक आमूल परिवर्तन पश्चात वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन । तापनि मुलुकको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, साँ्स्कृतिक अवस्था लगायत यहाँ वसोवास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दा नेपालको शिक्षा भन्नाले अनिवार्य एवं निःशुल्क प्राथमिक शिक्षा, सवै तहमा दिगो, प्रभावकारी एवं गुणस्तरयुक्त व्यावहारिक शिक्षा, देशमा वढ्दो वेरोजगारी समस्यालाई मुलुक भित्रै समाधान गरी आत्मनिर्भर बनाउन सक्ने प्राविधिक एवं व्यावसायिक शिक्षामा प्राथमिकता, सवै भाषा, लिपि, संस्कृति धर्म आदिको संरक्षण, सम्वद्र्धन एवं परिमार्जन गर्दै समाजमा सहयोगको आदान प्रदान गरी समायोजन हुन सक्ने परिपक्व नागरिकको विकास, राज्यलाई आधुनिक विश्वसंग विश्ववन्धुत्व, भाइचारा, सहयोगको आदान–प्रदान गर्न सक्ने आधुनिक वैज्ञानिक शिक्षा प्रणाली, अन्तर्राष्ट्रिय स्तरमा राज्यको छवि कायम राखी विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षा प्रणाली तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अंग्रेजी भाषा लगायत प्रमूख अन्तर्राष्ट्रिय भाषाको प्रभावकारी सिकाई व्यवस्था आदिको माध्यमबाट समतामूलक समावेसी सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षा प्रणाली हुनुपर्दछ ।

#### १.२.२ नीतिगत प्रबन्ध

नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । संविधानले अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त शिक्षाको समान अवसरले राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने सोच पुरा गर्न योगदान पुऱ्याउँदछ ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले २०७६

सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । यसै गरी नेपाल सरकारको २५-वर्षे दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माणका आधारमा पन्ध्रौँ आवधिक योजनाका लक्षहरू तय गरिएको छ । उल्लिखित नीति कार्यान्वयन गरी लक्ष प्राप्त गर्नका लागि शिक्षा पद्धति र शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ ।

**१.२.३ शिक्षाको संरचना:**

**Organogram 1.14 Educational Structure in Nepal**

| Age in years | ECED/PPC | Lower Basic | Upper Basic | Secondary (9-10) | Secondary (11-12) | Higher Education |
|---|---|---|---|---|---|---|
| 17+ | | | | | | 1926 |
| 15 -16 | | | | | 404 | |
| 13 -14 | | | | 96 | | |
| 10 – 12 | | | 473 | | | |
| 5 – 9 | | 1955 | | | | |
| 3 – 4 | 538 | | | | | |

नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन् । यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

## १.२.४ बिद्यालय सङ्ख्या

| बिद्यालयको प्रकार | सन्चालित कक्षा अनुसारको सङ्ख्या | | | | | | | | | | | | | तहगत सङ्ख्या | | | | | | जम्मा इकाई | CLC | अन्य | इकाईगत सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | EC-ED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १-५ | ६-८ | १-८ | ९-१० | ११-१२ | ९-१२ | | | | १-५ | ६-८ | ९-१० | ११-१२ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | 44 | 3 | 3 | 2 | 2 | 13 | 1 | 5 | 1 | 0 | 8 | 0 | 3 | 23 | 7 | 30 | 8 | 3 | 11 | | | | 23 | 7 | 8 | 3 |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | 32 | 1 | 0 | 1 | 2 | 12 | 1 | 5 | 1 | 0 | 3 | 0 | 2 | 16 | 7 | 23 | 3 | 2 | 5 | | | | 16 | 7 | 3 | 2 |
| समुदायिक शुन्य दरबन्दी भएका बिद्यालय | | 1 | 1 | | | 1 | | | | | | | | 3 | 0 | 3 | 0 | 0 | 0 | | | | 0 | 0 | 0 | 0 |
| सामुदयिक बिशेष बिद्यालय | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | | 0 | 0 | 0 | 0 | 0 |
| सामुदयिक धार्मिक बिद्यालयको सङ्ख्या | 0 | | 1 | | | 1 | | | | | | | | 2 | 0 | 0 | 0 | 0 | 0 | | | 0 | 0 | 0 | 0 | 0 |
| घुम्ती बिद्यालयहरुको सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | | 0 | 0 | 0 | 0 | 0 |
| समाहित शिक्षा सहितका बिद्यालयहरुको सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | | 0 | 0 | 0 | 0 | 0 |
| आवासिय सुबिधा सहितका बिद्यालयहरु | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | | 0 | 0 | 0 | 0 | 0 |
| प्राबिधिक धार सहितका सामुदयिक बिद्यालय (कक्षा ९-१२) | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | | | 0 | 0 | 0 | 0 | 0 |
| नमूना बिद्यालय कार्यक्रम सहितका बिद्यालयहरु | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | | | 0 | 0 | 0 | 0 | 0 |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका बिद्यालयहरु (सबै प्रकारका) | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | | | 0 | 0 | 0 | 0 | 0 |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका सामुदयिक बिद्यालयहरु | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | | | 0 | 0 | 0 | 0 | 0 |
| खुल्ला बिद्यालय सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | | 0 | 0 | 0 | 0 | 0 |
| सामुदायिक सिकाई केन्द्रहरुको सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | | 0 | 0 | 0 | 0 | 0 |
| अनौपचारिक बैकल्पिक र प्रौढ बिद्यालय | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | | 0 | 0 | 0 | 0 | 0 |

**स्रोत:Toolkit**

१.२.४.१ उच्च शिक्षा र विकास (प्राबिधिक र व्यवसायिक शिक्षा समेत्)

१.२.४.२ बिभिन्न तालिम, पुस्तकालय, अनौपचारिक शिक्षा र अन्य सँस्था र तिनको उपलब्धि प्रभाव

१.२.४ बिद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ती

क) पालिकाको सेवा क्षेत्र र भर्ना प्रवृत्ती

| 2) बिद्यार्थी बिबरण (Stusents details) | लिङ्ग | सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | सामुदायिक बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | सामुदायिक बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | सामुदायिक बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | सामुदायिक बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| बाल विकास | छात्रा | ३८० | २१३ | ११३ | ६६ | ९ | ८ | ३६ | २८ |
| | छात्रा | ५४९ | २३७ | १४५ | ८५ | ४ | ४ | ४६ | ३२ |
| | जम्मा | ९२९ | ४५० | २५८ | १५१ | १३ | १२ | ८२ | ६० |
| कक्षा-१ | छात्रा | ४२३ | ३३६ | १५० | १२१ | १ | १ | ५२ | ४१ |
| | छात्रा | ४६५ | ३३० | १९१ | १४५ | ० | ० | ४७ | ४२ |
| | जम्मा | ८८८ | ६६६ | ३४१ | २६६ | १ | १ | ९९ | ८३ |
| कक्षा-२ | छात्रा | ३५१ | २७६ | १२७ | ११५ | ३ | ३ | ३८ | २४ |
| | छात्रा | ४३८ | २९४ | १६२ | १२४ | ० | ० | ४८ | ३४ |
| | जम्मा | ७८९ | ५७० | २८९ | २३९ | ३ | ३ | ८६ | ५८ |
| कक्षा-३ | छात्रा | ४२४ | ३३७ | १३५ | ११६ | ३ | ३ | ४२ | ३७ |
| | छात्रा | ४४३ | २७३ | १४९ | १०६ | ४ | ३ | ४६ | ३५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | ८६७ | ६१० | २८४ | २२२ | ७ | ६ | ८८ | ७२ |
| कक्षा-४ | छात्रा | ३४५ | २६९ | ८८ | ६९ | १ | १ | ५५ | ४७ |
| | छात्रा | ४२० | २४७ | १३५ | ९३ | १ | १ | ५९ | ४० |
| | जम्मा | ७६५ | ५१६ | २२३ | १६२ | २ | २ | ११४ | ८७ |
| कक्षा-५ | छात्रा | ३०३ | २५२ | १११ | १०२ | १ | १ | ४६ | ४० |
| | छात्रा | ३४७ | २४४ | १०१ | ८४ | १ | १ | ४८ | ४१ |
| | जम्मा | ६५० | ४९६ | २१२ | १८६ | २ | ० | ९४ | ८१ |
| कक्षा-६ | छात्रा | २९३ | २३७ | ७९ | ६८ | ० | २ | ४६ | ४० |
| | छात्रा | ३०५ | २२७ | ९७ | ७१ | ० | ० | ४८ | ३७ |
| | जम्मा | ५९८ | ४६४ | १७६ | १३९ | ० | ० | ९४ | ७७ |
| कक्षा-७ | छात्रा | २५५ | २४० | ८७ | ८५ | ० | ० | ४२ | ४० |
| | छात्रा | २५७ | २३५ | ८९ | ८७ | २ | ० | ४० | ३७ |
| | जम्मा | ५१२ | ४७५ | १७६ | १७२ | २ | २ | ८२ | ७७ |
| कक्षा-८ | छात्रा | ३२३ | ३२३ | ९३ | ९३ | २ | २ | ६३ | ६३ |
| | छात्रा | २१५ | २१५ | ५४ | ५४ | १ | २ | ४५ | ४५ |
| | जम्मा | ५३८ | ५३८ | १४७ | १४७ | ३ | १ | १०८ | १०८ |
| कक्षा-९ | छात्रा | १३५ | १३५ | ३८ | ३८ | ० | ३ | १९ | १९ |
| | छात्रा | १६९ | १६९ | ४२ | ४२ | १ | ० | २३ | २३ |
| | जम्मा | ३०४ | ३०४ | ८० | ८० | १ | १ | ४२ | ४२ |
| कक्षा-१० | छात्रा | १६३ | १६३ | ५२ | ५२ | १ | १ | १९ | १९ |
| | छात्रा | १५७ | १५७ | ४२ | ४२ | ० | १ | २४ | २४ |
| | जम्मा | ३२० | ३२० | ९४ | ९४ | १ | ० | ४३ | ४३ |
| कक्षा-११ | छात्रा | १९ | १९ | ३ | ३ | ० | १ | ० | ० |
| | छात्रा | १२ | १२ | ३ | ३ | ० | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | ३१ | ३१ | ६ | ६ | ० | ० | ० | ० |
| कक्षा-१२ | छात्रा | २९ | २९ | १ | १ | ० | ० | ३ | ३ |
| | छात्रा | २८ | २८ | ४ | ४ | ० | ० | ५ | ५ |
| | जम्मा | ५७ | ५७ | ५ | ५ | ० | ० | ८ | ८ |
| आधारभूत तह (१-५) | छात्रा | १८४६ | १४७० | ६११ | ५२३ | ९ | ९ | २३३ | १८९ |
| | छात्रा | २११३ | १३८८ | ७३८ | ५५२ | ६ | ५ | २४८ | १९२ |
| | जम्मा | ३९५९ | २८५८ | १३४९ | १०७५ | १५ | १४ | ४८१ | ३८१ |
| आधारभूत तह (६-८) | छात्रा | ८७१ | ८०० | २५९ | २४६ | २ | ४ | १५१ | १४३ |
| | छात्रा | ७७७ | ६७७ | २४० | २१२ | ३ | २ | १३३ | ११९ |
| | जम्मा | १६४८ | १४७७ | ४९९ | ४५८ | ५ | ६ | २८४ | २६२ |
| माध्यमिक तह (९-१०) | छात्रा | २९८ | २९८ | ९० | ९० | १ | ४ | ३८ | ३८ |
| | छात्रा | ३२६ | ३२६ | ८४ | ८४ | १ | १ | ४७ | ४७ |
| | जम्मा | ६२४ | ६२४ | १७४ | १७४ | २ | ५ | ८५ | ८५ |
| माध्यमिक तह (११-१२) | छात्रा | ४८ | ४८ | ४ | ४ | ० | १ | ३ | ३ |
| | छात्रा | ४० | ४० | ७ | ७ | ० | ० | ५ | ५ |
| | जम्मा | ८८ | ८८ | ११ | ११ | ० | १ | ८ | ८ |
| आधारभूत तह (१-८) | छात्रा | २७१७ | २२७० | ८७० | ७६९ | ११ | १३ | ३८४ | ३३२ |
| | छात्रा | २८९० | २०६५ | ९७८ | ७६४ | ९ | ७ | ३८१ | ३११ |
| | जम्मा | ५६०७ | ४३३५ | १८४८ | १५३३ | २० | २० | ७६५ | ६४३ |
| माध्यमिक तह (९-१२) | छात्रा | ३४६ | ३४६ | ९४ | ९४ | १ | ५ | ४१ | ४१ |
| | छात्रा | ३६६ | ३६६ | ९१ | ९१ | १ | १ | ५२ | ५२ |
| | जम्मा | ७१२ | ७१२ | १८५ | १८५ | २ | ६ | ९३ | ९३ |

**स्रोत:Toolkit**

क.१) यस पालिकाको सेवा क्षेत्रबाहेक अन्य पालिकाका बालबालिकाहरु भर्ना भै अध्ययनरत र यस पालिकाको सेवा क्षेत्रबाट अन्य पालिकाका बिद्यालयहरुमा भर्ना भै अध्ययनरत कक्षागत र तहगत बिद्यार्थी

ख) कक्षा गत र तहगत जम्मा विद्यार्थी

| Basic Level (1-5) | | | Basic Level (6-8) | | | Secondary Level (9-10) | | | Secondary Level (11-12) | | | Basic Level (1-8) | | | Secondary Level (9-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| **3202** | **3404** | **6606** | **1484** | **1545** | **3029** | **602** | **618** | **1220** | **127** | **112** | **239** | **4686** | **4949** | **9635** | **729** | **730** | **1459** |

- कक्षा गत र तहगत दलित, जनजाती, बिशेष जातजाती (२२ जनजाती र पालिकाबाट पहिचाहन भएका अन्य जातजाती), बिशेषत क्षमता भएका (बिभिन्न अपाङ्गता भएका) जम्मा विद्यार्थी

| Basic Level (1-5) | | | Basic Level (6-8) | | | Secondary Level (9-10) | | | Secondary Level (11-12) | | | Basic Level (1-8) | | | Secondary Level (9-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| **1470** | **1423** | **2893** | **624** | **633** | **1257** | **225** | **224** | **449** | **13** | **15** | **28** | **2094** | **2056** | **4150** | **238** | **239** | **477** |

ख.१) संस्थागत बिद्यालयहरूको शिक्षा बिकासमा योगदान

ग) समुदायिक बिद्यालयमा कक्षा गत र तहगत जम्मा विद्यार्थी

| Basic Level (1-5) | | | Basic Level (6-8) | | | Secondary Level (9-10) | | | Secondary Level (11-12) | | | Basic Level (1-8) | | | Secondary Level (9-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| **2253** | **1777** | **4030** | **1152** | **880** | **2032** | **494** | **396** | **890** | **87** | **66** | **153** | **3405** | **2657** | **6062** | **581** | **462** | **1043** |

घ) समुदायिक बिद्यालयका प्रकार अनुसार कक्षा गत र तहगत जम्मा विद्यार्थी

ङ) सामुदायिक बिद्यालयमा कक्षा गत र तहगत दलित, जनजाती, बिशेष जातजाती (२२ जनजाती र पालिकाबाट पहिचाहन भएका अन्य जातजाती), बिशेषत क्षमता भएका (बिभिन्न अपाङ्गता भएका) जम्मा विद्यार्थी

| Basic Level (1-5) | | | Basic Level (6-8) | | | Secondary Level (9-10) | | | Secondary Level (11-12) | | | Basic Level (1-8) | | | Secondary Level (9-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| **1237** | **1009** | **2246** | **530** | **427** | **957** | **204** | **171** | **375** | **12** | **12** | **24** | **1767** | **1436** | **3203** | **216** | **183** | **399** |

च) प्राबिधिकधारका बिद्यार्थीको सङ्ख्या र प्रबृत्ति

छ) खुल्ला बिद्यालय, अनौपचारिक/प्रौढ/बैकल्पिक बिद्यालयका बिद्यार्थीको सङ्ख्या र प्रबृत्ति साथै र निरन्तर शिक्षाको अवस्था

ज) तोकिएका शैक्षिक सूचकहरुमा हालको प्रगती र बिगत ५ बर्षको प्रबित्ति साथै विश्लेषण

### १.२.५ शिक्षक सङ्ख्या र प्रबित्ति

| तह | सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक बिद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजी श्रोतबाट नियुक्त शिक्षक समेत्) | | | | | सबै प्रकारका बिद्यालयको शिक्षक सङ्ख्या (संस्थागतको समेत्) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला % | बिद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिला % | जम्मा | महिला | पुरुष | महिला % |
| पूर्व प्र.बि./बा.बि.के. | ३७ | - | ३७ | ३७ | १०० | २२:१ | ३७ | ३७ | - | ० | १०० | | | | |
| आधारभूत (१-५) | ६५ | २६ | ९१ | २६ | २८.५७ | ४४:१ | १०४ | ३० | ७४ | ० | २८.८४ | | | | |
| आधारभूत (६-८) | ८ | ३ | ११ | १ | ९ | १८४:१ | ४६ | ५ | २५ | १६ | १०.८६ | | | | |
| माध्यमिक (९-१०) | १० | २ | १२ | ३ | २५ | ७४:१ | २५ | ८ | ११ | ६ | ३२ | | | | |
| माध्यमिक (११-१२) | | | २ | ० | | १२७:१ | २ | ० | २ | ० | ० | | | | |
| उच्च शिक्षा | | | | | | | | | | | | | | | |

**स्रोत :Tool Kit**

### १.२.५.१ विद्यार्थी शिक्षक अनुपात अन्य सूचकहरुको अवस्था र प्रबित्ति विश्लेषण

**पृष्ठभूमि**

माथि दिइएको तालिकाले एउटा नगरपालिकाको विभिन्न कक्षाको विद्यार्थी-शिक्षक अनुपातको जानकारी प्रदान गर्दछ । विद्यार्थी-शिक्षक अनुपात (Student-Teacher Ratio) शिक्षाको गुणस्तर मापन गर्ने एउटा महत्त्वपूर्ण संकेतक हो । यसको सन्तुलनले कक्षा शिक्षणको प्रभावकारिता र विद्यार्थीहरूको सिकाइमा प्रत्यक्ष प्रभाव पार्छ। तालिकाका तथ्यांकहरूसँगै समस्याहरू र समाधानका सम्भावित उपायहरूको विस्तृत विश्लेषण यहाँ प्रस्तुत छ।

तालिकाको तथ्यांक

- बालविकास शिक्षक अनुपात - २२:१
- कक्षा १-५: विद्यार्थी-शिक्षक अनुपात — ४४:१ ।
- कक्षा ६-८: विद्यार्थी-शिक्षक अनुपात — १८४:१ ।
- कक्षा ९-१०: विद्यार्थी-शिक्षक अनुपात — ७४:१ ।
- कक्षा ११-१२: विद्यार्थी-शिक्षक अनुपात —१२७:१— ।

तथ्यांकको व्याख्या

- बालविकास शिक्षक (प्रारम्भिक शिक्षा):
    - विद्यार्थी-शिक्षक अनुपात छ।
    - राष्ट्रिय वा अन्तर्राष्ट्रिय मापदण्डहरूसँग तुलना गर्दा यो अनुपात केही उच्च छ।
    - बालविकासका विद्यार्थीहरूलाई राम्रो सिकाइ अनुभव दिनका लागि सानो कक्षाको आकार र शिक्षकहरूको पर्याप्त संख्या आवश्यक पर्छ।
- कक्षा १-५ (प्रारम्भिक शिक्षा):
    - विद्यार्थी-शिक्षक अनुपात छ।
    - राष्ट्रिय वा अन्तर्राष्ट्रिय मापदण्डहरूसँग तुलना गर्दा यो अनुपात सन्तोषजनक छैन शिक्षक थप गर्न आवश्यक छ।
    - प्राथमिक तहका विद्यार्थीहरूलाई राम्रो सिकाइ अनुभव दिनका लागि सानो कक्षाको आकार र शिक्षकहरूको पर्याप्त संख्या आवश्यक पर्छ।
- कक्षा ६-८ (माध्यमिक स्तर):
    - विद्यार्थी-शिक्षक अनुपात छ, जुन अत्यन्त कम हो।
    - यो तथ्यांक शिक्षाको गुणस्तरमा गम्भीर असर पार्ने सूचक हो। शिक्षकहरूको सीमितताका कारण विद्यार्थीहरुलाइ गुणस्तर शिक्षा दिन एकदमै चुनौतीपूर्ण रहेको अवस्था छ।
- कक्षा ९-१० (एसईई स्तर):
    - विद्यार्थी-शिक्षक अनुपात छ कम छ।
    - एस ई ई स्तरका विद्यार्थीहरुमा गुणस्तर शिक्षाको निकै कमी हुने अवस्था छ।

- कक्षा ११-१२ (उच्च माध्यमिक शिक्षा):
    - विद्यार्थी-शिक्षक अनुपात छ।
    - उच्च माध्यमिक शिक्षाका लागि यो अनुपात चुनौतीपूर्ण छ।

मुख्य समस्या

- कक्षा ६-८ र कक्षा ११-१२ मा असन्तुलित अवस्था: विद्यार्थी-शिक्षक अनुपात हुनु गम्भीर समस्या हो। यसले शिक्षकहरूमा अत्यधिक कामको दबाब सिर्जना गर्दछ र विद्यार्थीहरूको सिकाइ स्तर कमजोर हुन्छ।
- अन्य कक्षाहरूमा पनि सुधारको आवश्यकता: १-५ र ९-१० मा पनि अनुपातलाई सन्तुलित बनाउनुपर्ने आवश्यकता छ।

विद्यार्थी-शिक्षक अनुपात सुधार्न सिफारिसहरू

- शिक्षक नियुक्ति:
    - कक्षा ६-८ र कक्षा ११-१२ मा प्राथमिकता: विद्यार्थी-शिक्षक अनुपातलाई झार्न थप शिक्षकहरूको तत्काल नियुक्ति आवश्यक छ।
    - अन्य तहहरूमा पनि शिक्षक नियुक्त गरेर समग्र अनुपात सुधार्नुपर्छ।
- श्रोतहरूको पुनः वितरण:
    - यदि केही विद्यालयहरूमा शिक्षकमाथि कम दबाब छ भने, ती शिक्षकहरूलाई उच्च दबाब भएका विद्यालयमा स्थानान्तरण गर्न सकिन्छ।
- प्राविधिक समाधानहरू:
    - डिजिटल शिक्षा: कक्षाकोठाको शिक्षणलाई समर्थन गर्न डिजिटल प्रविधिको प्रयोग गर्न सकिन्छ। यसले शिक्षण प्रभावकारिता बढाउन मद्दत गर्दछ।
- समुदायको सहभागिता:
    - विद्यार्थी-शिक्षक अनुपातलाई सुधार्न अभिभावक र समुदायलाई शिक्षामा संलग्न गराउनुपर्छ।
    - शिक्षकहरूको आवश्यकता पूरा गर्नका लागि स्थानीय स्रोतहरूको परिचालन गर्न सकिन्छ।
- नीतिगत सुधार:
    - दीर्घकालीन रूपमा, विद्यार्थी-शिक्षक अनुपात सुधारका लागि सरकारी स्तरमा शिक्षा बजेटमा वृद्धि गर्नुपर्छ।

**निष्कर्ष**

यो विश्लेषणले देखाउँछ कि नगरपालिकाको विद्यार्थी-शिक्षक अनुपात बालविकास बाहेक विशेष गरी कक्षा १-५, कक्षा ६-८, कक्षा ९-१० र कक्षा ११-१२ मा गम्भीर समस्याको संकेत गर्दछ। समस्या समाधानका लागि शिक्षकहरूको संख्या वृद्धि, श्रोतहरूको पुनः वितरण, र डिजिटल शिक्षा जस्ता उपाय अवलम्बन गर्न आवश्यक छ। विद्यार्थी-शिक्षक अनुपातलाई सन्तुलनमा राख्न सकिएमा शिक्षाको गुणस्तरमा उल्लेखनीय सुधार हुनेछ।

**१.२.५ उल्लेख्य उपलब्धि तथा अन्तर (Gaps)**

यस नगरपालिकाको प्रारम्भिक बालविकास शिक्षामा अनुभव लिई कक्षा १ मा नवप्रवेशी प्रतिशत ८५.१६ रहेको छ। कक्षा १ मा

### १.३.३ शिक्षा क्षेत्रको योजना

नेपालको संविधान र संघीय संरचना अनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५वर्षे (वि.सं. २०७३-२०७८) समयावधि आगामी २०७८ साल असार मसान्तमा समाप्त हुँदैछ । यस योजनाले राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दूरदृष्टि राखेको थियो । मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवन यापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरूका कार्यान्वियन भरहेका छन् । विद्यालय क्षेत्र विकास योजनामा लक्षित नतिजामार्फत् विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीअनुरुप तीन तहको सरकारमार्फत् सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरू भयो । आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनसम्बन्धी मुख्य दायित्व स्थानीय सरकारको हुने भए पछि यसको कार्यान्वयन संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तनसहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ ।

कार्यक्रमको पहिलो चरणको कार्यान्वयनमा हुँदा सम्ममा आधारभूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धि भएको थियो । कक्षा ८ मा विद्यार्थी टिक्ने र उत्तीर्ण हुने दर पनि बढ्यो । औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालय बाहिर रहेका बालबालिकाहरूको शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढ्यो ।कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा निरन्तर प्रगति देखिए तापनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद् व्यवस्थापन गुरू योजना, वृहत समावेशी गुरू योजना, सिकाइकालागि न्युनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालनसमेत गरी पाठ्यक्रम प्रारूप परिमार्जन, शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकासजस्ता कार्यहरू सम्पन्न भए। तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य, क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाका लागि गर्नु पर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थानीय सरकार, शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सूचकका ढाँचा अनुसार गर्नु पर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित गर्नु पर्ने देखिएको छ । संघीय व्यवस्थाको कार्यान्वयनको संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पाऱ्यो। कार्यान्वयनसम्बन्धी प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महुसस भयो । तीन तहको सरकारबिचको आपसी जिम्मेवारीको थप स्पष्टतासहित स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आावश्यकता देखिएको छ ।

### १.३.४ दिगो विकास लक्षहरू

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन सँगै १५ वर्षे सहश्राब्दि विकास लक्षहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष ४: नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकबाट पारित दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य ४ सबैका

लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" पुरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुसरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्व भित्र समेटेको छ । त्यस्तै नेपाल सरकारले वि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि नागरिक पछाडि पर्न हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन् ।

प्रस्तुत कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र भाषिक विविधता, अपाङ्गता, गरिबी आदिसमेतलाई दृष्टिगत गरी समावेशिता र समताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधार रेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेको छ । दिगो विकासको लक्ष्य ४ का लागि नेपालको राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ-आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई संघीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गरेकोछ । राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्थासहित सो प्रतिवेदन तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समिति जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुने व्यवस्था गरेको छ ।

दिगो विकास लक्ष्य ४ ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलकहरूले स्वयम्सेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेको छ । यस सन्दर्भमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा ३ पटक स्वयम्सेवी राष्ट्रिय समीक्षा गर्ने योजना बनाएको छ । यो समीक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्थाअनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो स्वयम्सेवी राष्ट्रिय समीक्षा गरेको थियो । यस समीक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेको छ । समीक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सवलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्ठि गर्नु पर्ने सुझाव प्रस्तुत भएको छ । सो समीक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण गरिएको छ । सो समीक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पुरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमा सुधार आएको जस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेको छ । उक्त समीक्षाले साक्षरताको राष्ट्रिय अभियानअन्तर्गत झण्डै एकतिहाइ जिल्लालाई साक्षर बनाउन तथा दिवा खाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक हुने स्रोतको आकलनसमेत गरेको छ ।

### १.२ विद्यालय शिक्षा क्षेत्रका समस्या तथा चुनौती विश्लेषण

यस हनुमाननगर कंकालिनी नगरपालिकामा मुलत: शिक्षा क्षेत्रको अबस्थालाई नियाल्दा सकारात्मक पक्ष र नकारात्मक पक्ष वा सबल पक्ष र दुर्बल पक्ष रहेका छन् । यो त केवल एक सिक्काका दुई पाटा जस्तै हुन । शिक्षा क्षेत्रमा भएको विविध सरल र सकारात्मक पक्षहरु हुदाँहुदै पनि यसका समस्याहरु पनि हुन्छन र हामिले भोग्दै र अनुभव गर्दै आएका छौं ।

विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु, स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र भएकामा पनि प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु, महामारी तथा विपदको अवस्थामा वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त वालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधारको विकास गर्न नसक्नु आदिलाई शिक्षाक्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् । साथै लेखनपुर्व गरिएको कार्यशाला तथा सुझाबको आधारमा भन्ने हो भने यस क्षेत्रको प्रमुख समस्या भनेको न्युन सिकाइ उपलब्धी स्तर तथा न्युनत्तम सिकाइ वातावरण नहुनु, कक्षाकोठामा पर्याप्त मात्रामा शिक्षण सिकाइ सामाग्रीको ब्यबस्थापन, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका सहितको कक्षा शिक्षण, अभिभावकको सक्रियता लगायतका समस्याहरु रहेको छ ।
विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पुर्वाधारको विकास गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिबृद्दि गर्नु, विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन उत्तरदायित्व अभिबृद्दि गर्नु नगरपालिका भित्र रहेका सम्पुर्ण विद्यालयमा भौतिक पुर्वाधार सहितको आकर्षक वातावरण विकास गर्नु, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै वालबालिकालाई विद्यालय भर्ना गराउनु, कक्षा छाड्ने दर शून्यमा झारी पाठ्यक्रमले राखे अनुसार अपेक्षित सिकाइ सक्षमता सहितको उपलब्धी हासिल गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्दै शिक्षकको पेशागत क्षमता अभिवृद्धिका लागि तालिम गोष्ठीको व्यवस्था गर्नु, सम्पूर्ण सामुदायिक विद्यालयहरुमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु, स्थानीय विषयका पाठ्यपुस्तकको निर्माण तथा वितरण, सूचना सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन् ।

विविध चुनौतिहरु विच पनि शैक्षिक क्षेत्रमा अव्वल परिवर्तन गर्नका निम्ति थुप्रै अवसरहरु पनि रहेको छ । कालो बादल भित्र सुन्दर चाँदिको घेरा हुन्छ भनेझै यी तमाम चुनौतिका वावजुत विद्यालय शिक्षाको सुदृढिकरणका लागि थुप्रै अवसर विद्यमान रहेको छ । शैक्षिक क्षेत्रमा यस पालिकाको शिक्षा क्षेत्रमा पनि लगानि बढ्दै गएको छ । यसैगरी यस नगरपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम लागू गरिरहेको छ । शिक्षा क्षेत्र तीनवटै सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिबृद्दि गर्न सकिने अवस्था देखिनु, विद्यालय शिक्षामा सुधारका लागि नगरपालिकामा विभिन्न संघस्थाहरुले निरन्तर कार्यक्रम सञ्चालन गर्नु, शैक्षिक सूचकाङ्कहरुको प्रगति सकारात्मक दिशातिर हुनु पनि शिक्षाको अवसरका रुपमा हरेका देखिन्छन् । विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका, संरचना तथा क्षमता पूर्वधारका रुपमा रहन सक्ने । दीगो विकासको लक्ष्य प्रप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको । सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको । नगरपालिकाले शिक्षा क्षेत्रको सुधारका लागि आवश्यक नीति, नियम निर्माण तथा बजेटको व्यवस्थापन गर्नसक्नु । शिक्षा गुणस्तर सुधारका लागि जस्तैः शिक्षकको व्यवस्थापन, तालिम तथा अन्य शैक्षिक सामग्री सहयोग । शिक्षक पेसागत विकासका लागि पालिका स्तरमा विज्ञ समुह गठन गरिएको तथा विद्यालय स्तरमा शिक्षक सिकाइ समूह निर्माण गर्ने योजना भएको । शिक्षकको पेसागत सहयोगका लागि शिक्षक Mentoring and Coaching को व्यवस्था गरी Menti शिक्षकहरुलाई पेसागत सहयोग निरन्तर रहेको, आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा अनिवार्य गर्न कानुनी आधार निर्माण भएको, बिद्यालयमा इन्टरनेट सेवा विस्तार तथा प्रविधिमैत्री शिक्षण सिकाइ का लागि आवश्यक स्रोत साधन सहित दक्ष शिक्षकको व्यवस्थापन

गरिएको, दातृ निकायहरूको साझेदारी, समन्वय र सहकार्य रहेको । व्यवसायिक शिक्षा एवं तालिमको विस्तार गर्न सकिने प्रावधान हुनु । समुदायमा शिक्षाप्रतिको आकर्षण बढाउन अभिभावक शिक्षा कार्यक्रम पालिकाले तय गर्नु । बिशेष कक्षा संचालन (बहिरा आवासीय, दृष्टि विहिन तथा सुस्त मनस्थिति)।

हनुमाननगर कंकालिनी नगरपालिका को समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन् :

- प्रारम्भिक बालविकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु ।
- आर्थिकरुपले विपन्न तथा पिछडिएका बर्गका बालबालिकाहरुको पँहुच कम हुनु विद्यालयमा भर्ना भएका बालवालिकालाई टिकाई राख्न नसक्नु
- सिकाई उपलब्धी स्तरमा कमि
- प्राविधिक शिक्षामा विद्यार्थीको पहँहुच कम हुनु
- तहगत क्षेत्रगत तथा विषयगतरुपमा सम्पुर्ण विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु ।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु ।
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुऱ्याउँनु ।
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु ।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु ।
- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु ।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु ।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु ।
- माध्यमिक तहमा वालबालिकाको कमजोर पहुँच
- आर्थिकरुपले विपन्न तथा पिछडिएका बर्गका बालबालिकाहरुको पँहुच कम हुनु विद्यालयमा भर्ना भएका बालवालिकालाई टिकाई राख्न नसक्नु
- सिकाई उपलब्धी स्तरमा कमि
- प्राविधिक शिक्षामा विद्यार्थीको पहुँच कम हुनु
- तहगत क्षेत्रगत तथा विषयगतरुपमा सम्पुर्ण विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु
- सूचना तथा सञ्चारको प्रभावकारी व्यवस्थाको अभावले गर्दा माथिल्लो निकायबाट प्राप्त हुने कार्यक्रम तथा बजेट एवम् अख्तियारीको निकासा फुकुवा समयमा हुन नसक्दा कार्यक्रम सञ्चालनमा बाधा परेको ।

- कतिपय कार्यक्रमहरूको सञ्चालन निर्देशिका तथा सामग्री समयमा प्राप्त नभएकाले कार्यक्रम सञ्चालन गर्न बाधा परेको ।
- विद्यालयसँग प्रत्यक्ष सम्बन्धित विभिन्न निकायहरू विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्थानीय निकाय र सर्वसाधारण सरोकारवालाहरूको सहभागिता र अपनत्वको भावनाको आशातीत रूपमा विकास हुन नसक्दा सञ्चालित कार्यक्रम भने जति उद्देश्यमूलक र दीगो हुन नसकेको ।
- कतिपय कार्यक्रमहरू आर्थिक वर्षको अन्तिम समयमा प्राप्त हुन आएको हुँदा पूर्व योजना र तयारी साथ प्रभावकारी रूपमा कार्यक्रम सम्पन्न गर्न समस्या परेको ।
- विद्यालय सञ्चालन र व्यवस्थापनमा राजनैतिक र गुटगत प्रभाव पर्नु ।
- विद्यालय उमेरका सबै बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच पुग्न नसक्नु ।
- बालबालिकाहरूको बीचैमा विद्यालय छाड्ने र पुनःकक्षा दोहोर्याउने दर उच्च हुनु ।
- **अझै पनि परिवार, समाज र विद्यालयमा शिक्षासम्बन्धी सामाजिक एवम् लैङ्गिक विभेद कायमै रहनु ।**

### १.३ पालिकाको शिक्षा क्षेत्रका चुनौतीहरू

उल्लिखित सन्दर्भ तथा विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा विद्यालय क्षेत्रको शिक्षामा देखिएका प्रमुख चुनौतीहरू निम्नअनुसार पहिचान गरिएको छः

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चत गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन;
- प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूका लक्ष्यित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु;
- नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता;
- सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने;
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास;
- विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा प्रदेशगत, सामाजिकसांस्कृतिक परिवेश, आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरू कामय रहनु;
- व्यवहारकुशल सिपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने;
- पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने, शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता वृद्धि;

- माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन;
- सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग;
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने;
- बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमासुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान;
- छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने;
- विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने;
- संघीय संरचनाबमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्ने;
- सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने ।

### १.४ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन्ः

- विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने;
- आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको;
- दिगो विकास लक्ष प्राप्तिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्य तथा सहयोगको प्रतिबद्धता रहेको;
- शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको;
- लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन भइरहेको;
- संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको;
- विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा

यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने;

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको;
- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने;
- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको;
- यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने ।

**१.५ पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया**

शिक्षा क्षेत्रको यो योजना तयारीको प्रारम्भिक कार्यको सुरुआतसँगै कोभिड१९ को प्रकोप सुरु हुनाले यो प्रक्रियाले पुनः गति लिन केही समय लाग्यो । दूरीमा रही सञ्चार गर्ने विभिन्न वैकल्पिक माध्यमसमेत प्रयोग गरी २०२०को मे/जुन महिनादेखि यस प्रक्रियाले पुनः गति लिएको थियो । शिक्षा क्षेत्रको यो योजना निर्माणको नेतृत्व नेपाल सरकारको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट भई मन्त्रीस्तरबाट योजना निर्माणका लागि आवश्यक संरचना निर्माणको निर्णयका साथै आवश्यक नीतिगत मार्गदर्शन प्राप्त भएको थियो । योजना निर्माण प्रक्रियालाई मार्गदर्शन गर्न गठित निर्देशक समितिको अध्यक्षता मन्त्रालयका सचिवबाट गरिएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन मन्त्रालयको योजना महाशाखाबाट भएको थियो भने यसमा आवश्यक समन्वयसहित समग्र व्यवस्थापन गर्ने गरी योजना निर्माणका लागि सचिवालयको काम मन्त्रालयको योजना महाशाखाअन्तर्गत रहेको वैदेशिक सहायता समन्वय शाखा (DACS) गरेको थियो ।

यो योजना तयारीका क्रममा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयलगायत विषयगत मन्त्रायलहरूसँग सम्बन्धित विषयमा अन्तर्क्रिया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । विभिन्न स्थानीय तह, प्रदेश सरकारका निकायहरू, केही विद्यालयहरूसँग अन्तरक्रिया गरी सुझाबहरू लिइएको थियो । यस क्रममा सात वटै प्रदेश र केही स्थानीय तहले शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेका थिए । ती अभ्यासमा मन्त्रलय तथा विभागीय निकाय सहभागी भई त्यसका सिकाइलाई यो योजना विकासका प्रक्रियामा समावेश गरिएको थियो । यो योजना तयारीका विभिन्न चरणमा विकास साझेदारहरूको सहयोग तथा सहभागिता निरन्तर रहेको थियो ।

**१.५.१ योजना निर्माणमा बिभिन्न श्रोत/सामग्रीको अध्ययन तथा समीक्षाहरू**

योजनाको तयारीका लागि निम्नअनुसारका अध्ययन तथा समीक्षाहरू भएका थिएः

- विभिन्न विषयमा सन् २०२० मा गरिएका नौ ओटा अध्ययनहरूले शिक्षा क्षेत्रको विश्लेषणका लागि आधार तयार गरेका थिए । यी अध्ययनहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा विभिन्न विकास साझेदारहरूको सहयोगमा गरिएका थिए । ती अध्ययनहरू निम्निअनुसार रहेका छन्ः
    - The institutional and context study
    - The gender equality and social inclusion (GESI) study
    - The education external efficiency analysis
    - The social impact of education study
    - The positive deviance study

- The disability-inclusive education study
- The vulnerability and risk study
- The economic and public finance analysis study
- The Systems Approach for Better Education Results (SABER) study on School Feeding

उल्लिखित नौ ओटा अध्ययनका आधारमा स्थानीय शिक्षा समूहका तर्फबाट शिक्षा क्षेत्रको अवस्थाको विश्लेषण प्रतिवेदन तयार गरेको थियो । यसले शिक्षा क्षेत्रको योजना निर्माणका लागि एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा काम गरेको गरेको छ ।

- यो योजना तयारीका क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ७ देखि १० जनासम्मको बाह्रओटा विषयतगत समूह गठन गरी ती समूहले अलग अलग प्रतिवेदन तयार गरेका थिए । बाह्रओटा विषयतगत समूहले निम्नलिखित विषयमा अध्ययन प्रतिवेदनहरू (Thematic study papers) तयार गरेका थिएः
  - बालविकास र शिक्षा
  - आधारभूत शिक्षा
  - माध्यमिक शिक्षा
  - पाठ्यक्रम तथा मूल्याङ्कन
  - शिक्षक व्यस्थापन तथा विकास
  - अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
  - समता र समावेशीकरण
  - दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू
  - आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
  - शिक्षामा सूचना र प्रविधि
  - सुशासन तथा व्यवस्थापन
  - अनुगमन तथा मूल्याङ्कन

उल्लिखित बाह्र ओटा विषयगत प्रतिवेदनले यस योजनाका लागि महत्त्वपूर्ण आधार तयार गरेको थियो ।

### १.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था

योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था निम्नअनुसारको रहेको थियोः

- **योजना निर्देशक समिति (ESP Steering Committee):** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवको अध्यक्षतामा रहेको योजना निर्देशक समितिमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सम्बन्धित पदाधिकारीहरू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामला तथा सामान्य प्रशासन, महालेखा नियन्त्रकको कार्यालय, प्रदेश सरकार तथा स्थानीय तहलगायतको प्रतिनिधित्व रहेको थियो ।
- **योजना प्राविधिक सल्लाहकार समूह (TAT)**: शिक्षा नीति तथा योजनासम्बन्धी विज्ञको संयोजकत्वमा गठित योजना प्राविधिक सल्लाहकार समूहमा विभिन्न विज्ञ तथा शिक्षा विद्को सहभागिता रहेको थियो ।

- **योजना प्राविधिक समिति (ESP Technical Committee):** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको योजना महाशाखाका प्रमुखको अध्यक्षतामा रहेको योजना प्राविधिक समितिमा मन्त्रालयअन्तर्गतका विभागीय निकायहरू तथा मन्त्रालयअन्तर्गतका विभिन्न शाखाका प्रमुखहरू रहेका थिए ।
- **परामर्शदाता समूहहरू (Consultative Teams):** विभिन्न विज्ञ तथा परामर्शदाताहरूका समूहहरूले आवश्यकतानुसार विभिन्न विषयमा कार्य गरेका थिए । परामर्शदाता समूहहरूका कार्यको संयोजन मन्त्रालयको वैदेशिक सहायता समन्वय शाखाबाट भएको थियो ।
- **विषयगत अध्ययन समूहहरू (Thematic Teams):** माथि उल्लेख भएअनुसार मन्त्रालयले सम्बन्धित विषय क्षेत्रका विज्ञको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञ, मन्त्रालय तथा विभागीय निकायका सम्बन्धत क्षेत्रको अनुभव भएका कर्मचारीहरू, विकास साझेदार तथा स्थानीय तहका शिक्षा अधिकारीहरूसमेत संलग्न भएका १२ ओटा विषयगत अध्ययन समूहहरू गठन गरेको थियो ।
- **प्रारम्भिक मस्यौदा समूहहरू (Initial chapter drafting Teams):** मन्त्रालयले सम्बन्धित विषय क्षेत्रमा काम गर्ने २ वा ३ जना विज्ञ तथा कर्मचारी सम्मिलित टिमलाई योजनाका विभिन्न खण्डहरूको प्रारम्भिक मस्यौदा तयार गर्न लगाइएको थियो ।

### १.६.३ योजनाको पहिलो मस्यौदा विकास (ESP first draft preparation)

उल्लिखित प्रारम्भिक मस्यौदा समूहहरूबाट तयार भएका प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि विज्ञसहित मन्त्रालयको टिमले काम गरेको थियो । यस क्रममा उल्लिखत विषयगत अध्ययनहरू, शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन तथा सम्बन्धित अध्ययनहरूलगायत अन्य आवश्यक सन्दर्भहरूलाई समेत अध्ययन गरिएको थियो भने विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका कर्मचारीहरूसँग आवश्यकतानुसार निरन्तर छलफल गरिएको थियो । यस क्रममा योजना प्राविधिक समिति, योजना प्राविधिक सल्लाहकार समूह तथा योजना प्राविधिक समितिमा आवश्यक छलफल गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । यसरी तयार भएको पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त हुने सुझाब तथा पृष्ठपोषणलाई समेत ध्यान दिएर यो योजनाको अन्तिम मस्यौदा तयार गरिने छ ।

## परिच्छेद दुई : दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य

### २.१ परिचय

परिच्छेद एकमा उल्लेख गरिएको राष्ट्रिय शैक्षिक परिवेशको समीक्षासहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूले नेपालको विद्यालय शिक्षाको आागामी १० वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू ( Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators) प्रस्तुत गरिएको छ ।

### २.२ दीर्घकालीन सोच (Vision)

"समृद्ध नेपाल सुखी नेपाली " को आकांक्षा पुरा गर्नका लागि एक्काइसौँ शताब्दीको आवश्यकतालाई सम्बोधन तथा अवसरलाई उपयोग गर्न सक्ने नेपाली मूल्य मान्यता अनुकुलको सक्षम नागरिक तयार हुने ।

### २.३ ध्येय (Mission)

नेपाली मूल्य र मान्यता सहितको एक्काइसौँ शताब्दी सुहाउँदो सक्षम नागरिक तयार गर्न गुणस्तरीय विद्यालय शिक्षालाई अधिकारका रूपमा स्थापित गरी सबैको सहज पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्ने ।

### २.४ उद्देश्यहरू (Objectives)

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु ।
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु ।
- संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु ।

### २.५ रणनीतिहरू ( Strategies)

- संघीय सरकारले तोके बमोजिमको मापदण्ड, नर्म्स र ढाँचाअनुसार निश्चित अनुदानका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन स्थानीय तहबाट हुनेछ । प्रदेश सरकारले क्षमता विकास, समन्वय तथा सहजीकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्नेछ।
- संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनका आधारमा स्थानीय तहले विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्नेछ।
- संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा तथा स्थानीय सरकारको अगुवाइमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नेछन् ।
- निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक तथा साधारण) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ, प्रदेश

र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिने छ।

- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरिने छ।
- बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गरिनाका साथै गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्ने छात्रवृत्ति प्रणालीलाई सुदृढ गरिने छ ।
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सर्वसुलभ गर्ने सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गरिने छ ।
- अनौपचारिक शिक्षाको पुनर्परिभाषासहित अनौपचारिक र औपचारिक शिक्षाबिचको अन्तरसम्बन्ध विस्तार तथा अनौपचारिक शिक्षाको माध्यमबाट आयआर्जन तथा दिगो सामुदायक विकास प्रबर्द्धन गरिने छ।
- विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्ने विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिने छ।
- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूका आधारमा सुधार गर्ने पद्धित विकास गरिने छ ।
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा तथा नि:शुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्कम कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढगरिने छ ।

### २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य (२०३०) सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछः

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुनेछ ।
- आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यनूनतम सिकाइ सक्षमतासहित आधारभूत तह पूरा गरेका हुनेछन् ।
- माध्यमिक विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गरेको हुने ।
- आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज ( Learning Society) निर्माणमा योगदान हुने ।
- विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम हुनेछ र योजना तथा कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा नतिजामुखी प्रणाली स्थापित भई अपेक्षित उपलव्धि हासिल हुने ।
- विद्यालय तहको पाठ्यक्रमको सान्दर्भिकतामा वृद्धि भई विद्यालय तह पुरा गर्ने एउटा व्यक्ति दैनिक जीवनका लागि

आवश्यक आधारभूत भाषिक, सामाजिक, विज्ञान र प्रविधिसम्बन्धी तथा गणितीयलगायतका सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध, रोजगारउन्मुख हुने ।

- सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारुकेन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यबाट विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुने ।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तर सुनिश्चत हुने ।
- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने .
- आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।
- सबै विद्यालयमा आवश्यक सक्षमताका आाधार पुरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुने ।
-

**२.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)**

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) निम्नबमोजिम हुने छः

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ९३.०२ | ९५. | ९७. | ९९. | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४. | ९९. | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ८५.२६ | ८९. | ९३. | ९६. | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३. | ८५. | ९५. | | |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९५.६ | ९७. | ९८. | १००. | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९. | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | स्थानीय | १०२.२ | १०० | १०० | १०० | | |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (%) | राष्ट्रिय | १२१.९ | ११५. | १०७. | १०५. | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९६. | ९८. | ९९. | १००. | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९. | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | ११२.७ | १०८. | १०५. | १००. | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५. | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५. | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३. | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०. | १५. | १०. | | |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.१ | ९७. | ९८. | ९९. | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९. | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १०८.६ | १०५. | १०३. | १००. | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८५.५ | ८९. | ९३. | ९७. | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५. | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | **७२.७** | | | **९५.** | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **१.०१** | **१.०१** | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५. | ५२. | ६०. | ७०. | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०. | ६०. | ७०. | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०. | ६५. | ७०. | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०. | ६०. | ७०. | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **२.९** | **१.** | **०.५** | **०** | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **६.६** | | **१.** | **०** | | |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **४३.७** | **४५.** | **५०.** | **५०.** | | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | **४८.१** | **५५.** | **६१.** | **७०.** | | Flash Report |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४७.६ | | ६५. | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | | ५९.४ | ६५. | ७१. | ७५. | | Flash Report |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ७१.४ | | | ९९. | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १.०२ | १. | १. | १. | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४. | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२. | २७. | ३३. | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | स्थानीय | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५. | | | |
| | | | प्रा.व्या. | १०. | १७. | ३०. | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४. | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ५२.५ | ६०. | ६७. | ७३. | | Census 2078 |
| | | प्रदेश | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | **५८.** | | **९५.** | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ६८.१८ | ७५. | ७९. | ८३. | | Census 2078 |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **८२.** | **८९.** | **९५.** | **१००** | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ८१.६८ | ८५. | ८९. | ९३. | | Census 2078 |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **९२.** | | **९९.** | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **०.६५** | | | **०.८** | | |
| ५. | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **३१.** | **४०.** | **५०.** | **७५.** | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६. | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ४८:०१:०० | ४५:०१:०० | ४०:०१:०० | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:०१:०० | | ३०:०१:०० | ३०:०१:०० | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | १०३:०१:०० | ९०:०१:०० | ८०:०१:०० | ७०:०१:०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:०१:०० | | ३०:०१:०० | ३०:०१:०० | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:०१:०० | ३१:०१:०० | ३०:०१:०० | ३०:०१:०० | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ५७:०१:०० | ५०:०१:०० | ४५:०१:०० | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४०:०१:०० | | ३०:०१:०० | ३०:०१:०० | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४१:०१:०० | ३५:०१:०० | ३०:०१:०० | ३०:०१:०० | | |
| ७. | **शिक्षामा लगानी** | | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १०.६८ | १५. | १७. | २०. | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा | स्थानीय | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

## परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

यस शिक्षा क्षेत्रको योजना सन्२०२४-२०३३ का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरि पहिलो पाँच वर्ष अर्थात्सन्२०२४-२०२८ का लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ । पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ । यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ । परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ।

तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरू: बालिवकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापन जस्ता सबैजसो उपक्षेत्रसँग अन्तरविषयहरूको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतीहरू पहिचान गरिएको छ । यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरि उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ ।

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

चार बर्ष उमेर पुगेका बालबालिकालाई दिईने प्रारम्भिक बालशिक्षा आधारभूत तहको एक महत्वपूर्ण जगको रुपमा लिन सकिन्छ। शारीरिक,मानसिक (बौद्धिक), संवेगात्मक र सामाजिक क्षेत्रको समुचित विकासलाई नै बाल बिकासको आधारमा लिएको छ । हाल बालविकास केन्द्र विद्यालयमा आधारित तथा समुदायमा आधारित गरी २ प्रकारका रहेका छन् । प्रारम्भिक बालविकास कक्षा १ देखि २ सम्मलाई सरकारले विद्यालय शिक्षाको संरचनामा राखेको छ ।

पाठ्यक्रम प्रारुप २०७६ का अनुसार चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख गरिएको छ भने चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक,संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुने छ भन्ने कुरा उल्लेख गरिएको छ । प्रारम्भिक बालविकास र शिक्षाका ७ वटा सक्षमताहरू मा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको

अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सिपको विकास रहेका छन् ।

नेपालको संविधान २०७२ को धारा ३९(३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला हो त्यसैले यसलाई सहज, सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक शिक्षामा पहुँच तथा गुणस्तरमा जोड दिइएको छ भने शिक्षा नीति २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उदेश्य लिएको छ। उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने तथा तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक बर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीति लिएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित प्रारम्भिक बाल विकास कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले यसलाई सहज, सर्वसुलभ, प्रभावकारी र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ । यी सबै कुराहरुलाई मध्यनजर गरेर हनुमाननगर कंकालिनी नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ ।

### ३.१.१ वर्तमान अवस्था

यस नगरपालिका अन्तर्गत सञ्चालित ३० सामुदायिक विद्यालयहरुमा कक्षा १ मा भर्ना भएका समग्र विद्यार्थीमध्ये सिधैं भर्ना हुनआउने विद्यार्थी भन्दाआफ्नै विद्यालयको पूर्व प्राथमिक कक्षा (प्रारम्भिक बालशिक्षा) मा १ वर्ष विभिन्न सिपहरु सिकेर आउनेको संख्या र अन्य मन्टेश्वरी कक्षाबाट सिधैं कक्षा १ मा भर्ना हुन आउनेको संख्या अत्याधिक देखिन्छ । यसबाट के कुरा प्रष्ट हुन्छ भने अभिभावकहरु आफ्ना नानीहरुलाई विद्यालयशिक्षाको सबै भन्दातल्लो र जगको रुपमा रहेको पूर्वप्राथमिक कक्षामा भर्ना गराउँदा उनीहरुको अगाडिको शैक्षिक यात्रा राम्रो बन्दछ, विद्यालय नियमित रुपमा जाने बानी पर्दछ र सिक्दै खेल्दै गर्न अभ्यस्तभएका हुन्छन् भन्ने कुरामा ढुक्क देखिन्छन् । विद्यालयका अन्य रेकर्डहरुबाट पनि के कुरा प्रष्ट भएको छ भने सिधैं विद्यालयमा भर्ना हुने बालबालिका भन्दा प्रारम्भिक बालशिक्षामा १ वर्ष विताएर आउने बालबालिकाको उपस्थितिमा नियमितता, सिकाइ क्षमतामा सबल र अतिरिक्त क्रियाकलापका अवसरहरुमा पनि उनीहरु बढी सक्षमतथा सक्रिय देखिन्छन् । प्रारम्भिक बालविकास केन्द्र EDC मा भर्ना हुने उमेर समुहक बालबालिकाहरुको जनसंख्यालाई सरकारी अनुदान प्राप्त बालविकास केन्द्रले सहयोग पुर्याएको पाइन्छ ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ ( पहिलो संशोधन (२०७५) अनुसार यस पालिका अन्तर्गत कुनै पनि बालविकास केन्द्रको न्यूनतम् मापदण्ड नपुगेको देखिन्छ। प्रायःबालविकास केन्द्रहरु बालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री बन्न सकेका छैनन्। एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यूनता छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तथा पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन ।

शैक्षिक सत्र २०८१ को तथ्यांक अनुसार हनुमाननगर कंकालिनी नगरपालिकामा सामुदायिक र संस्थागत तर्फ गरी जम्मा ४५ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । यस पालिकाको जनसंख्यामा ३-५ वर्षको बालबालिकाको संख्या ३८६२ रहेकोमा सामुदायिक विद्यालय तर्फ ८२१ जना तथा संस्थागत विद्यालय तर्फ १४८३ जना बाल बालिकाहरु प्रारम्भिक बालविकास

केन्द्रमा भर्ना भई अध्यन गरिरहेका छन् । जसमध्ये सामुदायीक तथा संस्थागत विद्यालयमा छात्राहरु क्रमशः ४०७ जना , ६८० र छात्रहरु ४१४ जना, ८०३ जना रहेका छन् । कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर ६३.२ प्रतिशत रहेको छ। सैक्षिक सत्र २०८१ मा हनुमाननगर कंकालिनी नगरपालिकाको प्रारम्भिक बालविकास शिक्षामा कूल भर्ना संख्या ८२१ जना मध्ये ४०७ जना छात्रा र ४१४ जना छात्र रहेको छ । यस पालिकामा कार्यरत सबै बालविकास शिक्षकहरुको नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पूरा भएको देखिन्छ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन-२०७५) अनुसार यस पालिका अन्तर्गत जम्मा ३० वटा बालविकास केन्द्र मध्ये ६ वटा बालविकास केन्द्रको न्यूनतम् मापदण्ड नपुगेको देखिन्छ । प्रायः बालविकास केन्द्रहरु बालमैत्री, अपाङ्गमैत्री, लैङगिकमैत्री रहेको देखिन्छ। बालविकास शिक्षकका लागि उत्प्रेरणा र मनोवल बढाइ पेशामा क्रियाशील बनाउन उनिहरुको पारिश्रमिकमा न्यूनता छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तथा पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन ।

**प्रारम्भिक बालविकासका चुनौतीहरु**

**२.३. वाल विकास कक्षा सञ्चालनका अवसरहरुः**

- खाजाको व्यवस्था स्थानीय सरकारबाट हुनु ।
- स्थानीय सरकारलाई शिक्षाको जिम्मेवारी राज्यले प्रदान गर्नु ।
- स्थानीय सरकारे पनि ऐन, नियमलाई व्यवहारमूलक बनाई कार्यान्वयनको थालनी गर्न सक्ने व्यवस्था हुनु ।

**२.४. वाल विकास कक्षा सञ्चालनका चुनौतीहरुः**

- ४ वर्ष उमेर समूहका ५० प्रतिशत भन्दा बढी बालबालिकाहरु बालविकास शिक्षाको पहुँचमा नरहेको
- विद्यार्थी संख्याको अनुपातमा बालविकाश शिक्षक नरहेको (शिक्षक विद्यार्थी अनुपात १:२७ रहेको)
- घर देखी विद्यालय सम्म पुग्न सहज नरहेको ( ३ वटा विद्यालय)
- अपाङमैत्री बालविकास केन्द्र नरहेको (अपाङ बालबालिका संख्याः ११ )
- प्रारम्भिक बालविकास शिक्षकको क्षमता अभिवृद्धि गर्न पुनर्ताजगी तालिमको व्यवस्था हुनु पर्नेमा नभएको
- विभिन्न समयमा आउने प्राकृतिक विपद् तथा प्रकोपहरुबाट प्रभावित बालबालिकाको सिकाइलाई निरन्तरता दिने योजना नहुनु
- भौगोलिक विकटता रहेको ( १ वटा विद्यालय)
- प्रारम्भिक बाल विकासमा अध्यनरत बालबालिकाको लागि बालविकास शिक्षक रहने व्यवस्था रहेपनि २ वटा विद्यालयमा नरहेको
- सुरक्षित सिकाइ केन्द्र नहुनु ( १ वटा विद्यालय)
- कुपोषण,अशुद्ध पानीको स्रोत र स्वास्थ्य सेवामा पहुँचको कमीले स्वास्थ्य समस्याहरू निम्त्याउँछन्।
- भित्ताहरुको उपयुक्त किसिमले सजावट नहुनु ।
- सिकाई कुनाको व्यवस्थानहुनु ।

- बालमैत्री तथा मौसममैत्री कोठा सेटिङ्ग नहुनु ।
- बालबालिकाको सञ्चित अभिलेख (Cumulative Record) नहुनु ।
- अपाङ्गमैत्री भौतिक संरचना नहुनु ।
- थोरै पारिश्रमिकमा धेरै काम लिनु ।
- कक्षा १ र २ मा जस्तै पढाउने परिपाटी कायम रहनु ।
- सबै विद्यालयहरुमा खाजाको व्यवस्थापन गर्न नसकिनु ।
- "खेल्दै सिक्दै" को सिद्धान्त अनुसारका खेल सामग्रीतथा शैक्षिक सामग्रीनुहुनु ।
- पेशागत सुरक्षणको शंकाहुँदा पेशा छाड्ने र नयाँव्यक्ति राख्ने झन्झट रहिरहनु ।
- भयरहिततथा सम्मानजनक सिकाईको वातावरण सृजना पूर्ण रुपले नुहुनु ।
- घरधुरी सर्वेक्षण सहितको नक्साकंननहुनु ।
- विद्यालयशिक्षा परीक्षा उत्तीर्ण (कक्षा १२) भन्दातल्लो योग्यताका सहयोगीकार्यकर्तालाई पुनः संर
- चनाहुँदाअवश्य छाड्नु पर्छ भन्ने निराशमानसिकतामाहुनु ।
- यातायातको समुचितव्यवस्थानहुनु ।
- सहयोगी कार्यकर्ता स्वयंमले नानीहरु र शौचालय आदिको सरसफाई गर्न बाध्यहुनु ।
- सफल अभ्यास हेरी सिक्ने कामको लागि अवलोकन भ्रमणको व्यवस्था नहुनु ।
- खर्च पारदर्शी नहुनु ।
- वाल विकास केन्द्रको समिति बारे जानकार नहुनु ।
- स.का. बिरामी परेको तथाअन्य कारणले (सुत्केरी विदा) लामो समय सम्म विदामा बस्दा बैकल्पिक व्यवस्था नहुनु ।
- बालबालिकाको संख्याको आधारमा कोटा समायोजन नुहुनु ।
- सहयोगी कार्यकर्ताको स्थायित्व र वृत्तिविकासको समुचित व्यवस्था नहुनु ।
- मन्टेश्वरी कक्षा सञ्चालन कार्यविधि नहुनु ।
- बालविकास केन्द्र संचालन सम्बन्धी राष्ट्रिय मापदण्ड अनुसार कक्षा संचालन नहुनु ।
- ४ वर्ष भन्दाकम उमेर समूहका बालबालिकाका लागि सञ्चालन गरिने कक्षाहरुको स्वीकृति लिने परिपाटी नहुनु ।
- सामुदायिक विद्यालय, समुदायमा आधारित तथा संस्थागत विद्यालयमा सञ्चालित बालिविकास केन्द्रहरुको एउटै मापदण्ड निर्धारण गरी वडापत्र तयार नहुनु
- बालबालिकाहरु भेटघाट भई चिनजानहुने र एकले अर्कोबाट सिक्ने सिकाउने वातावरण सिर्जना नहुनु ।
- पोषणलाई महत्वदिई संयुक्तमहोत्सव सञ्चालननहुनु ।
- बालबालिकाको स्वास्थ्य परीक्षण नहुनु ।
- उमेर समूहका सबै बालबालिकालाई समेटन नसकिएको ।
- कक्षा १ मा भर्नाको लागिECD को अनुभवअनिवार्य नगरिनु ।

- सहयोगीकार्यकर्ता परिवर्तन भईरहनु ।

## २.५. समस्या

- अभिभावकशिक्षाको कमी
- बालविकास केन्द्रमा मापदण्ड अनुसार सिकाई सहजीकरण नभएको ।
- बालविकास कक्षालाई उपेक्षित गरिएको
- बालविकास केन्द्रको व्यवस्थापन समिति गठन नगरेको
- बालविकास केन्द्रको योजना निमार्ण नहुनु
- विद्यार्थी संख्याआधारमा बालविकाशमाशिक्षकव्यवस्थापनहुननसकिनु ।

## २.६. उद्देश्यहरु

- गर्भदेखि चार वर्षसम्मको उमेर समूहका बालबालिकालाई पोषण, सुरक्षा र विकासका लागि अभिभावकहरू लाई सहयोग र सचेत गराउने ।
- चार वर्षको उमेर समूहका सबै बालबालिकालाई १ वर्षको बालविकास शिक्षा कार्यक्रमको माध्यमबाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, नैतिक सृजनात्मकपक्षको विकास गराई कक्षा १ मा प्रवेशका लागि तयार गराउनु ।
- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउने।
- ४ वर्ष उमेरका बालबालिकाका लागि आधारभूत शिक्षाको तयारीका निम्ति बालविकास सेवामा पहुँच बढाउने ।
- पोषण र बाल अधिकारबारे अभिभावकहरूलाई जानकारी दिने र सुनिश्चिता गर्ने । बालविकास केन्द्र विद्यालयशिक्षाको अभिन्न अंगको रूपमा विकास गरी सबै बालबालिकाका लागि अनिवार्य रूपमाभर्ना गर्ने
- जन्मदेखि ३ बर्ष उमेर सम्मका बालकालिकाको बौद्धिक तथा संवेगात्मक विकासका लागि अभिभावक तथा धरालोको लागि बालविकासमा आधारित सचेतना दिइने छ ।
- प्रारम्भिक उमेरका बाल बालिकालाई मध्यनजर राख्दै निजी तथा सामुदायिक क्षेत्रलाई प्रोत्साहित गर्दै बाल उद्यानको अवधारणा क्रमशः ल्याइने छ ।
- असहाय, अनाथ, गरिब अपाङ्गता भएका बालबालिकालाई स्थानीयतहले संरक्षण गरी, समतामूलक शिक्षा प्रदान गर्ने । विद्यालयमा आधारित बालविकासमा जोड
- अभिभावक सचेतना र सहभागितामा
- गैर सरकारी निकायहरुसँगको सहकार्य
- बालशिक्षा केन्द्रमा पछिल्ला तीन महिना प्रारम्भिक साक्षरता र गणित सीप विकासमा जोड दिने

## २.७. कार्यनीति

- अभिभावकलाई जिम्मेवार बनाइने छ ।

- तथ्याङ्क संकलन गरी बालविकास केन्द्रको प्रवर्द्धनमा लगानी सुनिश्चितता गरिनेछ ।
- भौतिक पक्षा र सहयोगी कार्यकर्ताको योग्यता क्षमतालाई बढानउे कार्यनिति तय गरिनेछ ।
- कम्तीमा एक विद्यालय/मदरसामा एक बालविकास केन्द्र र आवश्यकता अनुसार समुदयामा पनि बालविकास केन्द्र स्थापना गर्ने ।
- बालविकास केन्द्रमा नियमित स्वास्थ्य सेवा उपलब्ध गरिनेछ ।
- अभिभावकको साझेदारीमा बालविकास केन्द्रका बाललकालिकालाई स्वस्थ्य तथा पोषयुक्त खाजाको प्रबन्ध गरिनेछ ।
- बालविकास केन्द्रलाई बसाई व्यवस्थापन सिकाई सामग्री, सन्दर्भ समामग्रीहरु उपलब्ध गरी सिकाई वातावरण निर्माण गरिनेछ ।
- कक्षा १ मा भर्ना हुने सबै बालबालिका सबैले बालविकास केन्द्रको अनुभव प्राप्त गरेको सुश्चित गरिनेछ ।
- जनघनत्व, जागरुक जनता, सामुदायिक सम्पत्तिको सुरक्षा तथा विकास क्षेत्रको सम्भावनाको आधारमा बालउद्यानको विकास क्रमश : गरिने छ ।
- आवगमन तथा सुरक्षा र सहयोगी बन्न अभिभावकहरुलाई जिम्मेवार बनाउने ।
- अपाङ्गता प्रकृति अनुसार सम्बन्धित सिकाई केन्द्रको पहुँचलाई सुनिश्चित गर्ने ।
- अपाङ्गता भएका बालबालिकाका अभिभावकहरुलाई आयमूलक सीप तथा रोजगारको अवसरमा प्राथमिकता दिइने ।

## २.८. कार्यक्रम

- आवश्यकताअनुसार बालशिक्षा केन्द्रको स्थापना
- सहजकर्ताहरुको क्षमता अभिवृद्धि
- अभिभावकहरुलाई सचेतना मूलक कार्यक्रम
- शिक्षण सिकाई सामाग्रीको व्यवस्था र प्रयोग
- कार्यपुस्तिकाहरुको विकास, छपाई तथा वितरण
- बालविकास सहजकर्ताहरुको समिक्षा बैठक
- भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने ।
- अभिभवक शिक्षा कार्यक्रम सञ्चालन ।
- व्यवस्थित बालविकास केन्द्र, शिशु, स्याहार , मन्टेश्वरी, सञ्चालनको लागि न्यूनतम मापदण्ड पूरा भए नभएको अनुगमन गरी नियमनका लागि आवश्यक कदम बढाउने ।
- बालविकास केन्द्रका सहजकर्ताहरुको क्षमता अभिवृद्धि गरी गुणस्तरीय सिकाई क्रियाकला सञ्चालन गर्ने गराउने ।
  - स्वास्थ्य परिक्षण शिविर सञ्चालन तथा सिकाई समाग्री, अभ्यास पुस्तिका व्यवस्थापन तथा सहयोग।
- समुदायको वस्ती, बालबालिकाको संख्या र बालविकास केन्द्रको दूरीलाई आधारमानी बालविकास केन्द्र संख्या विस्तार र समायोजन गर्ने । (७) अभिभावकलाई सचेतीकरणका लागि सचेतनामूलक तालिम सञ्चालन गर्ने ।
- सिकाउने साधन र तरिकालाई प्रयोग गर्ने ।

- आथिर्कक रुपमा विपन्न अभिभावकहरुलाई आयमूलक सीप तथा रोजगारको व्यवस्था गर्ने ।
- सबै बालविकास केन्द्रमा खानेपानी, शौचालय, सिकाई समाग्री लगायत रीष्ट्रय न्यूनतम मापदण्डमा उल्लेखित सुविधा उपलब्ध गराउने ।
- अपाङगता भएका बालबालिका का लागि सहयोगी सामग्री (सेतो छडी, इयर डिभाइस, ह्लि चेयर) को व्यवस्था गर्ने ।

**३.१.२ उद्देश्य**

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो । यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

- प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
- प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

**३.१.३ रणनीति**

प्रारम्भिक बालविकास र शिक्षामा सुधार ल्याउनका लागि स्थानीय सरकारले विभिन्न रणनीतिहरू अपनाउन आवश्यक छ । पहिलो, प्राथमिक शिक्षाको पहुँच र गुणस्तर सुधार्नका लागि शिक्षण सामग्री र शिक्षिका-शिक्षिकाको तालिममा ध्यान दिनु पर्छ । बालबालिकालाई शिक्षामा आकर्षित गर्न र उनीहरूको सहभागिता बढाउन खेलकुद, नृत्य र गीतजस्ता विधिहरूको समावेश गर्नुपर्छ । दोस्रो, समुदायमा आधारित शिक्षा कार्यक्रम र अभिभावकहरूको संलग्नता सुनिश्चित गर्ने कार्य गर्नुपर्छ, जसले बालबालिकाको सिकाइको वातावरणलाई सशक्त बनाउँछ । तेस्रो, प्राथमिक विद्यालयहरूलाई आवश्यक आधारभूत पूर्वाधार, जस्तै पुस्तकालय, खेलकुद उपकरण र स्वच्छता सुविधाहरू उपलब्ध गराउनु पर्छ । यसका साथै, बालविकासका क्षेत्रमा शैक्षिक जागरूकता अभिवृद्धि गर्ने र सामाजिक संरक्षणको उपायहरू लागू गर्ने कार्यले बालबालिकाको सर्वांगीण विकासमा मद्दत पुर्‍याउँछ ।

- प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने ।
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ बालविकास केन्द्र स्थापना गर्ने ।
- विभिन्न लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने ।
- प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने ।
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।
- नमुना बालविकास केन्द्रहरु स्थापना गर्ने ।
- बालविकास बालविकासमा महिलालाई प्रथामिकता दिने ।
- सहयोगी कार्यकर्ताहरुको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन गर्ने ।

- बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्रीहरु, बाल उद्यानको व्यवस्थापन गर्ने ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित भै प्रारम्भिक बालविकास तथा शिक्षाको लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूले न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् ।
- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| क्रसं | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सँङ्ख्या | १४७६ | १५०६ | १५५६ | १६०६ | १७०५ | १७५६ |
| २ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | ५ | १५ | ३० | ४० | ४४ | ४४ |
| ३ | तालिम प्राप्त बालविकास शिक्षकहरुको सङ्ख्या | ३० | ६० | १०० | १०० | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ४ | थप बालविकास शिक्षक हरु | ० | ३ | ५ | ७ | ९ | १० |
| ५ | बालविकास कक्षाको खुद भर्ना दर | ४९.८ | ८५ | ८९ | ९५ | ९८ | १०० |
| ६ | बालविकासको अनुभव सहित कक्षा मा भर्नादर | ८५.२६ | ९० | ९३ | ९५ | ९८ | १०० |

### ३.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रारम्भिक बालकक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइ व्यवस्था लाई ध्यान दिइ खेल तथा सिकाइ सामाग्री र अडियो भिडियो सामग्री सहितको कक्षाकोठा व्ययस्थापन गरीनेछ । | संख्या | ० | २ | ५ | ३ | ५ | २५ | प्रदेश/ नगरपालिका |
| २ | घुम्ती बालविकास केन्द्र विस्तार | पटक | | | १ | | | २ | नगरपालिका |
| ३ | इसीडि सहजकर्ताको क्षमता विकासका लागि छोटो अविधिको तालिम सञ्चालन | पटक | | १ | | १ | | ५ | पटक |
| ४ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण | पटक | | | १ | | | २ | नगरपालिका |
| ५ | गर्भवती र नवजात शिशु पोषणमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका |
| ६ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | संख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | संघ |
| ७ | शिक्षकको क्षमता विकास तथा वृत्ति विकास | संख्या | ५ | | ५ | | ५ | ३० | प्रदेश/ नगरपालिका |
| ८ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषाको प्रयोग | संख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | विद्यालय |
| ९ | प्रारम्भिक बालविकास तथा शिक्षाको शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | पटक | १ | | | १ | | ३ | संघ/ प्रदेश/ नगरपालिका |
| १० | प्रारम्भिक बालविकास तथा शिक्षामा सरोकारवालाको सहभागिता | पटक | १ | १ | १ | १ | १ | १० | स्थानीय सरोकारवाला |
| ११ | प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण तथा नयाँ थप केन्द्रको स्थापना | केन्द्र | १ | | १ | | | ३ | नगरपालिका |
| १२ | सिमान्तकृत तथा विद्यालय बाहिर रहेका बालबालबालिकाको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | पटक | | १ | | १ | | ५ | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | केन्द्र तोकिएको मापदण्ड अनुरुपको बालविकास केन्द्र व्यवस्थापनका लागि प्रस्ताबनामा आधारित नमुना बालविकास केन्द्र विकास कार्यक्रम सञ्चालन | केन्द्र | | १ | १ | | १ | ५ | नगरपालिका |
| १४ | बार्षिक उत्कृष्ट बालविकास सहजकर्ता लाई सम्मान कार्यक्रम | जना | १ | १ | १ | १ | १ | १० | नगरपालिका |
| १५ | शिक्षक अभिभाब संघ मार्फत मासिक सुचकको आधारमा अनुगमन समीक्षा बैठक सञ्चालन | जना | ५ | ५ | | ५ | ५ | ४० | नगरपालिका |
| १६ | बालविकास केन्द्रको व्यवस्थापकहरुको क्षमता विकास कार्यक्रम सञ्चालन | केन्द्र | | १० | १० | | | ३० | नगरपालिका |

### ३.२ आधारभूत शिक्षा

शिक्षा ऐन २०२८ अनुसार “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा हो । विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ । प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ । गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्यत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि हनुमाननगर कंकालिनी नगरपालिका ले यस योजनामा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरि आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ ।

#### ३.२.१ वर्तमान अवस्था

हनुमाननगर कंकालिनी नगरपालिका अन्तर्गतका हाल कक्ष १— ३ सञ्चालित ५ वटा, कक्षा १—५ सञ्चालित १० वटा, कक्षा १—८ सञ्चालित २ वटा, १–१० सञ्चालित २ वटा र १–१२ सञ्चालित २ वटा विद्यालयहरू गरी जम्मा विद्यालयहरू २१ वटा रहेका छन् । यी आधारभूत विद्यालयहरूमा दरबन्दीमा ६० र २८ राहत तर्फ गरी जम्मा ८८ जना शिक्षकहरू कार्यरत छन् । हनुमाननगर कंकालिनी नगरपालिकाले पनि आधारभूत शिक्षाको राष्ट्रिय लक्ष्यलाई कमी हुन नदिई पालिका भित्रको भर्ना दर १००% र टिकाउदर ९९% पुर्याउने सिकाई उपलब्धी दरमा वृद्धि गरी कक्षा दोहोर्याउने र कक्षा छाड्ने दरमा कमी ल्याउने लक्ष्य लिएको छ ।शिक्षाले ज्ञान र सीपको प्रयोगात्मक परिवर्तन ल्याउने पिछडिएको विपन्न र अभावग्रस्त पक्षकोपक्षपोषण गर्ने, अबोध बालबालिका एवं आवाज विहीनका पक्षमा रही शैक्षिक योजना बनाउने र ती समूहकोसमेत पहुँच बढाउन आवश्यक देखिन्छ । समाजका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास, निरन्तरता रुपले सिक्ने र सिकाउने प्रवृत्ति, सामाजिक र मानवीय मूल्य र मान्यता, आत्मविश्वास जगाउने जस्ता आधारभूत समग्र पक्षको विकास गराउन आवश्यक छ । एकातर्फ निर्दिष्ट सिकाइलाई मात्र स्तरीयता मान्ने र अर्कोतर्फ कागजी काम–कार्वाहीलाई मात्र आफ्नो जिम्मेवारी र दायित्व सम्झने स्थिति देखिइरहेको विद्यमानअवस्थामा व्यवहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, संस्कार र संस्कृतिप्रतिलगाव, नैतिक आचरण र जिम्मेवारी, मौलिक रुपमा विज्ञानको उपयोग गर्न सक्ने स्तरीय शिक्षा यस हनुमाननगर कंकालिनी नगरपालिकाको लागि आवश्यक छ ।आधारभूत तहमा विद्यमान अवस्थाको लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा १-५ मा १८८८ जना छात्रा र २०६० जना छात्र, कक्षा ६-८ मा ८१८ जना छात्रा र ७२१ जना छात्र भर्ना भएको अवस्था छ । यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्राको प्रतिशत उच्च छ । विद्यार्थी शिक्षक अनुपात कक्षा १-५ मा ४५.१० प्रतिशत र कक्षा ६-८ मा ११०.९२ प्रतिशत रहेको अवस्थामा विद्यालयमा रहेको पूरानो दरवन्दी संरचनाले गर्दा न्यायोचित रुपमा विद्यालय विद्यार्थी

संख्याका आधारमा दरबन्दी पर्याप्त नरहेको तथा शिक्षण सिकाइ पद्धतिमा बहुकक्षा शिक्षणको अभ्यास अधिक विद्यालयमा भइरहेकोले विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दीको पुनर्वितरण गर्नु आवश्यक रहेको छ । समग्रमा पालिकाको साक्षर जनसंख्याको २२.६ प्रतिशतले आधारभूत तहको शिक्षा हासिल गरेको देखिन्छ तथापि कक्षा ६-८ मा भने खुद भर्नादर ९३.०३ प्रतिशत रहेकोले तोकिएको उमेर भन्दा माथिल्लो उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा लिएको देखिन्छ ।

- कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित आएका बालबालिकाको भर्ना दर
- आधारभूत शिक्षामा विभिन्न समूह र समुदायका बालबालिकाको पहुँच र सहभागिताको अवस्था तथा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या
- आधारभूत शिक्षामा कक्षा दोहोर्याउने तथा छाड्नेसँग सम्बन्धित तथ्याङ्क तथा सूचकहरुको अवस्था विश्लेषण
- आधारभूत शिक्षाको विद्यार्थी सिकाइ उपलब्धि स्तर
- सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री, सिकाइ मैत्री, वातावरणमैत्री जस्ता न्यूनतम पूर्वाधार तथा सिकाइ सक्षमता भएका आधारभूत विद्यालयको सँख्या
- स्थानीय तहले गरेका असल अभ्यासहरुः पहुँच, सहभागिता, संस्थागत सुदृढीकरण, स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन, शिक्षक व्यवस्थापन, दिवाखाजा व्यवस्थापन, परीक्षा सञ्चालन, बैकल्पिक व्यवस्थापन सिकाइ, वातावरण संरक्षण, सिकाइ सामाग्रीहरुको व्यवस्थापन आदि पक्षहरु समावेश गरी लेख्ने ।
- प्रमुख समस्या र चुनौतीहरू

### ३.२.२ उद्देश्य

*आधारभूत शिक्षासँग सम्बन्धित पालिकाका उद्देश्यहरु राख्नुहोस । जस्तै*

- निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन गर्नु ।
- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
- सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने गरी शैक्षिक गुणस्तर निश्चित गर्नु ।
- आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु ।

### ३.२.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु उल्लेख गर्नुहोस । जस्तै*

- विद्यालय नक्साङ्कन मार्फत्सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने ।
- विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरि उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने ।

- वैकल्पिक/अनौपचारिक/खुला/परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने ।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने ।
- शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने ।
- शिक्षकले कक्षाकोठामा विताउने समय कार्याविधि कार्यान्वयनमा ल्याइने छ ।
- बालबालिकालाई अध्ययनको निरन्तरताका लागि बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीविच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिनेछ ।
- छापामय कक्षा कोठा ब्यबस्थापन नभएका कक्षा १ देखी ३ सम्मका विद्यालयहरुलाई आगामी ३ बर्ष भित्र कक्षाकोठा ब्यबस्थापनका लागि आबश्यक वजेट ब्यबस्थापन गरी पूर्ण गरीने ।
- स्थापना भएका कक्षा पुस्तकालय तथा बुक कर्नरमा नियमित पढाइ तथा स्वँयम सिकाइ एवम गणितीय सिप विकास गर्ने सामाग्रीहरुलाई उचित ब्यबस्थापन तथा प्रयोगमा अनिबार्यता र सो को अभिलेखिकरण गरीने ।
- विद्यार्थी सिकाइ स्तरको पहिचानका लागि पालिकास्तरीय कक्षा कोठामा आधारित पठन सीप परिक्षण (सिविएग्रा) सन्चालन र उत्कृष्ठ विद्यार्थी र विद्यालय सम्मान कार्यक्रम ।
- प्रारम्भिक कक्षाका सबै बालबालिकाहरुको प्रारम्भिक पहिचान गरी सोही अनूसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयन गर्ने ।
- मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिनेछ ।
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने ।
- राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ को कार्यान्वयन गरीने ।
- आधारभूत तहको स्थानीय पाठयक्रमको परिमार्जन र विकास तथा प्रयोगमा जोड दिइने छ ।
- स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने ।
- विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने ।
- ५ देखि १२ वर्ष समूहका सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षाको पहुँचमा पुर्याउने । विद्यार्थीलाई प्रोत्साहनका लागि छात्रवृत्तिको व्यवस्था गर्ने ।

- बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी गुणस्तरीय सिकाइ मैत्री वातावरण सृजनागर्ने । अभिभावकलाई अपनत्व ग्रहण गर्ने परिपाटीको विकास गर्ने ।
- सिकाइलाई व्यवहारिक तथा प्रविधियुक्त बनाई गुणस्तरीय शिक्षा प्रदान गर्ने । विद्यालयको भौतिक पूर्वाधार सुधार गरी सिकाइ वातावरण निर्माण गर्ने ।
- ५– १२ वर्ष उमेर समुहका सबै बालबालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गर्ने ।
- पालिका भित्र रहेका ५–१२ वर्ष उमेर समुहका अति विपन्न, सहाराविहीन अनाथ र अपाङ्ग बालबालिकाहरूको लागि आधारभूत शिक्षाको व्यवस्था गर्ने ।
- ५–१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरूलई विद्यालय भर्ना गराउने अभियान संचालन गर्ने र भर्ना भएकाहरूले कक्षा ८ पूरा नगरी विद्यालय छोडेमा त्यसको जानकारी सम्बन्धित विद्यालयले वडा शिक्षा समिति मार्फत गाउँ शिक्षा समितिलाई तुरुन्त दिने । वडा शिक्षा समितिले विद्यालय छोड्नु पर्ने कारण पत्ता लगाइ नगरपालिकाको सहयोगमा समाधानका उपायहरू खोजेर पुनः विद्यालय भर्ना गराउने वा उमेर अनुसार व्यावसायिक सीप सिकाउने व्यवस्था मिलाइ रोजगारीमा जान वा स्वरोजगार हुन सहयोग गर्ने ।
- अभिभावकहरूसँगको सरसल्लाह र सहयोग तथा नगरपालिकाको सहकार्यमा प्रत्येक विद्यालयमा विद्यार्थीहरूले दिवाखाजा कार्यक्रमलाई अनुगमन सहित व्यवस्थित गर्ने ।
- कक्षा १–३ वा कक्षा १–५ सञ्चालन भएका तर बालबालिकाहरूको सङ्ख्या थोरै भएका कक्षामा विद्यार्थी कम रहेका विद्यालयहरूको पहिचान गरी बहुकक्षा विद्यालय बनाउने वा ःभ्च्न्भ् गर्ने ।
- विद्यालयहरुमा बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ का प्रावधानहरु लागु गराउने व्यवस्था गर्ने ।
- विद्यालय व्यवस्थापन समितिहरुलाई सकृय बनाई ‘ गुणस्तरीय शिक्षाका लागि विद्यालयहरुमा न्युनतम सक्षमताको अवस्था २०६९ मा उल्लेखित प्रावधानहरुको कार्यान्वयन गर्न प्रोत्साहन र सहयोग गर्ने ।
- प्रचलित शिक्षा ऐन र नियमावली बमोजिम प्रत्येक विद्यालयका व्यवस्थापन समितिले नगरपालिकाको; समन्वयमा विद्यालयका शिक्षकहरुमध्येबाट प्रतिस्पर्धा गराई एकजना योग्य सक्षम शिक्षकलाई ५ वर्षको कार्यकाल तोकी प्रधानाध्यापक नियुक्ति गर्न लगाउने र निजसँग विद्यालय विकासको कार्ययोजना लिई ५ वर्षको कार्यसम्झौता गर्ने ।
- विद्यालयका प्रधानाध्यापकहरुले विद्यालय व्यवस्थापन समितिहरुसँग गरेको कार्य सम्झौता नगरपालिकामा पेश गर्न लगाउने र उक्त सम्झौतामा उल्लेख भएका विद्यालय विकास र सिकाइ अभिबृद्धिका काममा भएको प्रगतिबारे समय समयमा नगरपालिकाले अनुगमन गरी सल्लाह, सुझाव र निर्देशन दिने ।
- सबै विद्यालयले आ–आफ्नो परिवेश र आवश्यकता अनुसार स्थानीय बुद्धिजिबी, अभिभावक, विद्यालय व्यवस्थापनका पदाधिकारीहरुको सरसल्लाहमा स्थानीय पाठ्यक्रम बनाई लागु गर्ने । यसमा स्थानीय कला, संस्कृति, सीप, भाषा, धर्म र प्रविधिलाई प्राथमिकतामा राख्ने । यस कार्यमा नगरपालिकाले सहयोग र सहजीकरण गर्ने ।
- नेपाली वाहेक अन्य मातृभाषा भएका बालबालिकाहरुलाई आफ्नो घरमा बोलिने भाषामै विद्यालयमा शिक्षा दिने वा मातृभाषा मार्फत शिक्षा दिने व्यवस्था मिलाउने ।
- हाल अंग्रेजी भाषा प्रति अभिभावकहरुको मोह बढिरहेकोले विद्यालयहरुमा बालविकास केन्द्र देखि नै अंग्रेजी सुनाइ र

बोलाइ सीपको विकास गर्नका लागि सहयोगी कार्यकर्ता र शिक्षकलाई तालिमको व्यवस्था गर्ने र नगरपालिकाका सबै विद्यालयहरुको अंग्रेजी भाषा शिक्षणमा सुधार गर्ने योजना र कार्यक्रम बनाउने ।

- गाउँ शिक्षा समितिले नगर भित्रका सबै सामुदायिक विद्यालयहरुमा लागु हुने गरी स्थानीय विदा समेत तोकेर शैक्षिक पात्रो बनाउने र उक्त पात्रोमा बिदा भनी तोकिएका दिनहरु बाहेक अन्य दिन विद्यालय बन्द गर्ने प्रधानाध्यापकलाई नियमानुसार कारवाही गर्ने ।
- आधारभूत शिक्षाको गुणस्तर कायम गर्नको लागि प्रत्येक शिक्षकले पाठ्यक्रमका आधारमा वार्षिक शैक्षणिक योजना बनाई शिक्षण गर्नका लागि प्रत्येक शिक्षकलाई एक–एक ल्यापटप र प्रधानाध्यापकले नगरपालिकाको सहकार्यमा समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने र सोही आधारमा कारवाही वा परस्कृत गर्ने ।
- प्रत्येक विद्यार्थीको कार्यसंचयिका फायल राखेर निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अनुसार सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने र विद्यार्थीहरुलाई पर्याप्त उपचारात्मक सहयोग पु¥याउने व्यवस्था मिलाउने ।
- पालिकाभित्रका सबै विद्यालयका शिक्षकहरुको पेशागत विकासका लगि तालिम संचालन गर्न र समय समयमा कक्षा सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्न नगर शिक्षा शाखा प्रमुखको अध्यक्षतामा एउटा समिति गठन गर्ने ।
- पालिकाभित्रका ५–१२ वर्ष उमेर समुहका बालबालिकाका आमाबाबु वा अभिभावकहरुलाई अनिवार्य आधारभूत शिक्षाको महत्व र अभिभावकको भूमिका र कर्तव्य विषयमा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।
- ऐन कानुन, शिक्षा योजना र शैक्षिक पात्रो अनुसार विद्यालयहरु संचालन भए नभएको निरीक्षण अनुगमन गर्न र पालिकाको विद्यालय शिक्षाको गुणस्तर मापन गरी प्रत्येक वर्ष नगरपालिकामा प्रतिवेदन पेश गर्ने गरी एउटा शैक्षिक गुणस्तर परिक्षण समिति बनाउने ।
- विद्यालय शिक्षालाई वैज्ञानिक, व्यवहारिक, सीपयुक्त र उत्पादनमुखी बनाउनुका साथै सिकाइ अनुभवलाई अर्थपुर्ण र रमाइलो बनाउनका लागि वर्तमान पाठ्यक्रममा रहेका विषयवस्तुलाई विद्यार्थीको अनुभव र स्थानीय वातावरणसँग मेल गराउने कार्यक्रमहरु संचालन गर्ने ।
- सबै विद्यालयहरूमा शिक्षाको गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरी कार्यान्वयन गरिनेछ ।
- विद्यालयमा सबै पक्षको सभागिता सुनिश्चत (स्वास्थ्य, प्रहरी, शिक्षा, महिला विकास, नगरप्रतिनिधि, बालप्रतिनिधि, आदि) गरेर शिक्षा विकास समिति गठन गर्ने ।
- गुणस्तरीय शिक्षा सम्वन्धी सुचकहरू तयार गर्ने र सोही अनुसार नमूना विद्यालयको विकास गर्ने ।
- समुदायस्तरमा माथिल्लो कक्षाका विद्यार्थीहरूले तल्लो कक्षाका विद्यार्थीहरूलाई सिकाउने वातावरण सृजना गर्ने ।
- सरकारी विद्यालयमा पढाउने शिक्षकहरूले सोही विद्यालयमा टिउसन पढाउन नपाउने नीति पालिकाले कडाइका साथ अवलम्वन गर्ने तर कमजोर विद्यार्थीहरूको लागि हरेक सरकारी विद्यालयमा उपचारात्मक तथा सुधारात्मक कक्षाहरू संचालन गर्ने र त्यसको लागि नगरपालिकाले आर्थिक सहयोग गर्नु पर्ने ।
- शिक्षकहरूको नियमिततामा जोड दिने र यसको लागि आवश्यक संयन्त्र तथा कार्यक्रमको ब्यवस्था गरिनेछ ।
- गुणस्तरीय शिक्षक, गुणस्तरीय वातावरण, गुणस्तरीय स्थानीय शैक्षिक सामग्रीको विद्यालयले सुनिश्चित गर्ने ।
- शैक्षिक सामग्री प्रर्दशनी मेलाको आयोजना गर्ने र त्यसमा शिक्षक, अभिभावक र विद्यार्थीहरूको सहभागिता सुनिश्चित

गर्ने ।

- तालिममा सिकेको विषयवस्तुहरूको बारेमा विद्यालयमा सबै शिक्षकहरूलाई जानकारी गर्ने र त्यसको अभिलेख विद्यालयले व्यवस्थापन गर्ने ।
- विद्यार्थीहरूको नियमिततामा (विद्यालय हाम्रो घर, शिक्षकहरू अभिभावक र विधाथी सबै साथी अभियान) थप प्रभावकारी बनाउन इ–हाजिरी लेखाजोखा गर्ने प्रणालीलाई व्यवस्थापन गर्ने ।
- विद्यार्थीहरूको संख्या बढी भएको कक्षाकोठामा नयाँ प्रविधि (एलसिडि÷प्रोजेक्टर) माध्यमद्वारा शिक्षण सिकाइ क्रियाकलापहरू संचालन गर्ने ।
- शिक्षक दरबन्दी नभएको विद्यालयमा सो क्षेत्रमा कार्यरत कर्मचारी तथा पढेर बसेका विद्यार्थीहरूलाई नगरपालिकाले विज्ञापन जारी गरी स्वयम्सेवकको रुपमा पढाउन व्यवस्था मिलाउने ।
- बढी उपस्थित हुने विद्यार्थीहरूका अभिभावकहरूलाई सम्मान गर्ने र शिक्षण सिकाइ क्रियाकलापहरू प्रभावकारी गर्ने शिक्षकहरूलाई पुरस्कृत गर्ने ।
- प्रत्येक हप्ता शिक्षकले, तीन महिना विद्यालयस्तरीय र छ महिनामा नगरस्तरीय मूल्यांकन प्रणाली लागु गर्ने । अन्तर विद्यालय उत्तरपुस्तिका जाँच गर्ने नीति अवलम्वन गर्ने (एक विद्यालयका शिक्षकले अर्को विद्यालयको उत्तरपुस्तिका जाँच गर्ने) ।
- निरन्तर मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्न शिक्षक दरवन्दी मिलान, विद्यालय समायोजन, तह समायोजन, आदि गरेर कार्यान्वयन गर्ने ।
- कक्षा १–५ देखि नै विद्यार्थीहरूको सिकाइ उपलब्धीको विश्लेषण गरेर कमजोर क्षेत्रमा तत्काल सुधार गर्ने नीति अवलम्वन गर्ने ।
- विद्यालयहरुमा बालउद्यान, फूलबारी, करेसाबारी, वृक्षारोपण आदि जस्ता कार्यक्रमहरु समावेश गर्ने ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको तथा गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| क्रस | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | ५१० | ३०० | १०० | ० | ० | ० |
| २ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सँख्या | १ :३० | १:२५ | १:२५ | १:२५ | १:२५ | १:२५ |
| ३ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सँख्या | ५ | ९ | १३ | १५ | १६ | १६ |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | १ | १ | | ४ | नगरपालिका |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनराबलोकन | पटक | | १ | १ | | १ | ४ | नगरपालिका |
| ३ | आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | ९५.०१ | ९६.०७ | ९७.०३ | ९७.०९ | ९८.०१ | १०० | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालयमा न्युनतम् भौतिक पूर्वाधार विकास | संख्या | ० | २ | २ | २ | ६ | ३० | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | स्थानीय पाठ्यक्रम २०७८ को कार्यान्वयन | कक्षा | | ५ | ८ | | | | |
| ६ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा योजना तयारी महामारीलगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका |
| ७ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | १ | १ | २ | २ | २ | १० | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | विद्यालय पोषण , स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ/ प्रदेश/ नगरपालिका |
| ९ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| १० | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| ११ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | नगरपालिका |
| १२ | विद्यालयलाई शैक्षिक सामग्री सहयोग तथा व्यवस्थापन कार्यक्रम | प्रतिशत | २ | २ | ५ | ५ | ५ | ४० | नगरपालिका |
| १३ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापन सञ्चालन | विद्यालय | २ | ३ | २ | ४ | २ | २५ | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | प्रारम्भिक कक्षाको शिक्षणका क्रमिक सिकाइ रणनितिको निरन्तरता सहित प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम | विद्यालय | २ | ३ | २ | ५ | ४ | २५ | नगरपालिका |
| १५ | बालबालिकाहरुको पठन सहित सिकाइ सुधारमा योगदान पुर्याउने उत्कृष्ट अभिभाबक सम्मान कार्यक्रम | जना | १ | १ | १ | १ | १ | १० | नगरपालिका |
| १६ | कक्षा १ ३ मा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठाइ तथा गणितिय सीप परिक्षण सञ्चालन | विद्यालय | २ | २ | २ | २ | ३ | ३१ | नगरपालिका |
| १७ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनी मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका |
| १८ | विद्यालयको शिअसंघ विब्यसको टिमको क्षमता विकास कार्कक्रम | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका |
| १९ | शिक्षकले कक्षाकोठामा विताउने समयको पुर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका |
| २० | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | जना | २० | ३० | ६० | ६० | ३० | ३०० | नगरपालिका |

### ३.३ माध्यमिक शिक्षा

नेपालको संविधान, शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ अनुसार माध्यमिक शिक्षाको व्यवस्था नेपालको संविधान, शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ ले शिक्षालाई मानव अधिकारका रूपमा स्वीकार गर्दै माध्यमिक शिक्षाको विकास र व्यवस्थापनका लागि स्पष्ट मार्गनिर्देश गरेका छन्। यी दस्तावेजहरूले नेपालमा शिक्षाको पहुँच, गुणस्तर र समावेशितालाई सुनिश्चित गर्न विभिन्न प्रावधान र नीति ल्याएका छन्।

नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रूपमा स्थापित गरेको छ। संविधानको धारा ३१ अनुसार, प्रत्येक नागरिकलाई आधारभूत र माध्यमिक शिक्षाको पहुँच प्रदान गरिनुपर्ने छ। माध्यमिक शिक्षालाई निःशुल्क उपलब्ध गराउने प्रावधानले आर्थिक रूपमा कमजोर वर्गलाई पनि शिक्षामा पहुँच पु¥याउने लक्ष्य राखेको छ। साथै, संविधानले सबै समुदायका भाषा, संस्कृतिलाई सम्मान गर्दै बहुभाषिक शिक्षाको अवधारणा ल्याएको छ, जसले विविधतालाई प्रवर्द्धन गर्दछ।

शिक्षा ऐन २०२८ माध्यमिक शिक्षाको व्यवस्थापन र गुणस्तर सुनिश्चित गर्नको लागि कानुनी आधार हो। यस ऐनले विद्यालयहरूको संरचना, पाठ्यक्रम, शिक्षकको योग्यता, र छात्रवृत्ति कार्यक्रमहरूको बारेमा विस्तृत व्यवस्था गरेको छ। माध्यमिक विद्यालयलाई आधारभूत विद्यालय (कक्षा १–८) र उच्च माध्यमिक विद्यालय (कक्षा ९–१२) मा विभाजन गर्दै शिक्षाको चरणबद्ध विकासलाई व्यवस्थित गरेको छ।

शिक्षा ऐनले विद्यालय व्यवस्थापन समिति (School Management Committee - SMC) मार्फत विद्यालयको स्थानीय स्तरमा प्रशासन गर्न अनुमति दिएको छ। यसले विद्यालयको सञ्चालक समितिलाई स्थानीय जनताको सहभागितासहित निर्णय लिन सक्षम बनाउँछ। यो प्रणालीले शिक्षा क्षेत्रको विकेन्द्रीकरणलाई सुदृढ बनाएको छ।

शिक्षा ऐन २०२८ कार्यान्वयन गर्न ल्याइएको शिक्षा नियमावली २०५९ ले माध्यमिक शिक्षाका विविध पक्षहरूको कार्यान्वयन निर्देशिका प्रदान गर्दछ। यसले विद्यालय सञ्चालनका मापदण्ड, शिक्षक नियुक्ति प्रक्रिया, निरीक्षण प्रणाली, र छात्रवृत्ति व्यवस्थापनलाई अझै स्पष्ट बनाएको छ।

शिक्षा नियमावलीले माध्यमिक शिक्षाको पाठ्यक्रम विविध र व्यावसायिक बनाउने कुरामा जोड दिएको छ। व्यावसायिक शिक्षा तथा प्राविधिक शिक्षा (TVET) को समावेशले माध्यमिक तहका विद्यार्थीहरूलाई रोजगारमुखी बनाउने उद्देश्य राखेको छ। साथै, नियमावलीले स्थानीय पाठ्यक्रम निर्माण गर्ने अधिकार विद्यालयलाई दिएर विद्यार्थीहरूको आवश्यकताअनुसार शिक्षा उपलब्ध गराउने अवसर प्रदान गरेको छ।

आधारभूत तहको विस्तृत अवस्था तल प्रस्तुत गरिन्छ ।

**माध्यमिक शिक्षाको महत्व र चुनौतीहरू**

माध्यमिक शिक्षा, नेपालको शिक्षा प्रणालीको महत्त्वपूर्ण आधारस्तम्भ हो। यो तहले विद्यार्थीलाई उच्च शिक्षाको तयारी गर्ने मात्र नभई जीवन उपयोगी सीप पनि प्रदान गर्दछ। तर, शिक्षाको पहुँच, गुणस्तर, र समानताको क्षेत्रमा अझै चुनौतीहरू छन्। ग्रामीण क्षेत्रका विद्यालयहरूको आधारभूत संरचना कमजोर हुनु, योग्य शिक्षकहरूको अभाव, र आर्थिक स्रोतको कमीले माध्यमिक शिक्षा क्षेत्रमा समस्या ल्याएको छ।

#### ३.३.१ वर्तमान अवस्था

हनुमाननगर कंकालिनी नगरपालिका भित्र हाल कक्षा १-१० सञ्चालित २, कक्षा ६-१० सञ्चालित ० र कक्षा १-१२ सञ्चालित २ गरी माध्यमिक तहको विद्यालयहरूको संख्या ४ वटा रहेको छ । माध्यमिक तह कक्षाको ९-१० को खुद भर्ना दर ८०.५६ र कूल भर्नादर ८८.३४ रहेको छ। माध्यमिक तहमा विद्यमान अवस्थामा लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा ९-१० मा ३६० जना छात्रा र ३६७ जना छात्र भर्ना भएको अवस्था छ। यस तहमा खुद भर्नादरमा लैङ्गिक समता सूचक १.२३ र शिक्षक विद्यार्थी अनुपात ४५.१५ प्रतिशत रहेको छ।कक्षा १० को टिकाउ दर ७०.३ प्रतिशत, उत्तीर्ण दर ९९.७२ , कक्षा १० मा कक्षा दोहोऱ्याउने दर ० र कक्षा छोड्ने दर ० रहेको छ। हनुमाननगर कंकालिनी नगरपालिका २ कक्षा सम्मको एउटा मात्र विद्यालय रहेको छ । यस पालिका भित्रको माध्यमिकमा १२.५ प्रतिशत महिला शिक्षक रहेका छन्।

- माध्यमिक शिक्षामा विभिन्न समूह र समुदायका बालबालिकाको पहुँच र सहभागिताको अवस्था तथा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या ।
- माध्यमिक शिक्षामा सिकाइ उपलब्धी/परीक्षाको नतिजा विश्लेषण ।
- शिक्षक आपूर्ति तथा व्यवस्थापन ।
- समुदायको सहभागिता तथा साझेदारीताको अवस्था ।
- स्थानीय तहले गरेका असल अभ्यासहरुः पहुँच, सहभागिता, संस्थागत सृदृढीकरण, शिक्षक व्यवस्थापन, परीक्षा सञ्चालन, बैकल्पिक व्यवस्थापन सिकाइ, वातावरण संरक्षण, सिकाइ सामाग्रीहरुको व्यवस्थापन, विद्यार्थीहरुको प्रतिभा पहिचान तथा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु आदि ।
- प्रमुख समस्या र चुनौतीहरू

### ३.३.२ उद्देश्य

*माध्यमिक शिक्षासँग सम्बन्धित पालिकाका उद्देश्यहरु राख्नुहोस । जस्तै*

- माध्यमिक शिक्षामा समतामुलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
- माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

### ३.३.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु उल्लेख गर्नुहोस । जस्तै*

- माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।
- विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विद्यालय वाहिर रहेका बालबालिकाहरुका लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने ।

- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने ।
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने ।
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने ।
- विद्यालयहरूलाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने ।
- कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधारसहितको व्यवस्था गर्ने ।
- सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने ।
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

### ३.३.४ प्रमुख उपलब्धि तथ नतिजा

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सँख्या | ८९० | १२२८ | १६९४ | २३३७ | ३२२५ | ४४५० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी | १५३ | २११ | २९१ | ४०१ | ५५३ | ७६३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सँख्या | | | | | | |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सँख्या | ० | ५० | १०० | १०० | १०० | १०० |
| ४ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक विद्यालय सँख्या | ३ | ५ | ५ | ५ | ५ | ५ |

### ३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयारी | पटक | | १ | १ | | | २ | नगरपालिका |
| २ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | १ | १ | | | ३ | नगरपालिका |
| ३ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | | | १ | | | २ | नगरपालिका |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | ० | | १ | | | १ | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, प्रतिशत स्थानीय तह सुधारको क्रियकलाप अनुसार | पटक | | १ | १ | १ | १ | ६ | संघ/ प्रदेश/ नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | | | | १ | | १ | संघ/ प्रदेश/ नगरपालिका |
| ७ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | | १ | १ | १ | १ | ५ | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम | प्रतिशत | | १० | १५ | १५ | १५ | १०० | संघ/ प्रदेश/ नगरपालिका |
| ९ | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | संख्या | | १ | | १ | | ५ | नगरपालिका |
| १० | प्रकोप प्रति सचेत रहन योजना विकास | पटक | | १ | | १ | | ५ | नगरपालिका |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| १२ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | नगरपालिका |
| १३ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | नगरपालिका |

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

नेपालको संविधान, शिक्षा ऐन २०२८, र शिक्षा नियमावली २०५९ ले अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई शिक्षाको महत्त्वपूर्ण पक्षका रूपमा स्वीकार गरेका छन् । यी प्रावधानहरूले शिक्षालाई औपचारिक विद्यालय प्रणालीमा मात्र सीमित नराखी, व्यक्ति र समुदायको आवश्यकताअनुसार सिकाइका अवसरहरू सुनिश्चित गर्न खोजेका छन् ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा परिभाषित गरेको छ । धारा ३१ मा, हरेक नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्नुका साथै, व्यक्तिको आवश्यकता र जीवन परिस्थितिअनुसार आजीवन सिकाइको अवसर प्रदान गर्न राज्यको जिम्मेवारी उल्लेख गरिएको छ । संविधानले महिला, दलित, पिछडिएका वर्ग, र जनजातिहरूलाई शिक्षामा समान अवसर उपलब्ध गराउन जोड दिएको छ । यसले अनौपचारिक शिक्षामार्फत बालबालिका, किशोरीहरू, वयस्कहरू, र अशिक्षित व्यक्तिहरूलाई साक्षरताको अवसर दिन सहयोग पुऱ्याएको छ ।

शिक्षा ऐन २०२८ ले अनौपचारिक शिक्षा कार्यक्रमहरूको आधार तयार गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । यस ऐनले औपचारिक शिक्षा प्रणालीमा सहभागी हुन नसक्ने व्यक्तिहरूका लागि वैकल्पिक सिकाइका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था गरेको छ । अनौपचारिक शिक्षाका कार्यक्रमहरू अन्तर्गत साक्षरता कक्षा, वयस्क शिक्षा, र समुदायमा आधारित शिक्षा सञ्चालन गर्न सकिन्छ ।

अनौपचारिक शिक्षालाई सबै उमेर समूहका व्यक्तिहरूका लागि उपयुक्त बनाउँदै, आधारभूत साक्षरता, व्यावसायिक सीप, र सामाजिक चेतना जगाउने उद्देश्य राखिएको छ । यी कार्यक्रमहरूले ग्रामीण तथा दुर्गम क्षेत्रका समुदायहरूलाई प्राथमिकतामा राखेका छन् ।

शिक्षा नियमावली २०५९ ले अनौपचारिक शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि विस्तृत निर्देशन प्रदान गरेको छ । यसले निम्न कार्यहरूलाई प्राथमिकतामा राखेको छ:

- **साक्षरता र जीवनोपयोगी शिक्षा**: ग्रामीण र शहरी अशिक्षित व्यक्तिहरूलाई पढ्ने, लेख्ने, र दैनिक जीवनमा उपयोगी सीप सिकाउने ।

- **प्राविधिक र व्यावसायिक शिक्षा**: व्यावसायिक सीप विकास कार्यक्रमहरू सञ्चालन गरी रोजगारीका अवसरहरू सिर्जना गर्ने।
- **समुदाय आधारित शिक्षा**: स्थानीय स्रोत र आवश्यकताका आधारमा समुदायस्तरका शिक्षाका कार्यक्रम सञ्चालन गर्ने ।

नियमावलीले आजीवन सिकाइलाई पनि विशेष महत्त्व दिएको छ। वयस्कहरूलाई कुनै निश्चित उमेरमा सीमित नगरी जीवनभर सिक्ने वातावरण सिर्जना गर्ने प्रयास गरिएको छ। यस अन्तर्गत, व्यक्तिगत र व्यावसायिक विकासका कार्यक्रमहरू सञ्चालन गर्न विशेष नीति तयार पारिएको छ।

**अनौपचारिक शिक्षा र आजीवन सिकाइको महत्त्व**

अनौपचारिक शिक्षा र आजीवन सिकाइले समाजमा शिक्षा र सीपको स्तर उकास्न योगदान पुर्‍याउँछ। यसले औपचारिक शिक्षा प्राप्त गर्न नसक्नेहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्छ। महिलाहरू, दलित, आदिवासी जनजाति, र अशिक्षित वयस्कहरूलाई सशक्त बनाउन अनौपचारिक शिक्षाका कार्यक्रमहरू प्रभावकारी साबित भएका छन्।

आजीवन सिकाइले व्यक्तिलाई नयाँ ज्ञान, सीप, र प्रविधिहरूमा अद्यावधिक राख्छ। यो रोजगारको क्षेत्रमा प्रतिस्पर्धा गर्न, उद्यमशीलता विकास गर्न, र व्यक्तिको व्यक्तिगत विकासका लागि महत्त्वपूर्ण छ।

**चुनौतीहरू र समाधान**

अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रभावकारी कार्यान्वयनमा वित्तीय स्रोतको अभाव, प्रशिक्षित जनशक्तिको कमी, र दूरदराजका क्षेत्रहरूमा कार्यक्रम पुर्याउन कठिनाइ जस्ता समस्या छन्। यी चुनौतीहरूको समाधानका लागि नीति कार्यान्वयनमा ध्यान दिने, सामुदायिक सहभागिता बढाउने, र प्राविधिक उपकरणको उपयोग गर्ने आवश्यक छ।

**३.४.१ वर्तमान अवस्था**

यस हनुमाननगर कंकालिनी नगरपालिकामा विगतमा अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन नभएको अवस्था छ तर उक्त कार्यक्रम संचालनको लागि निरन्तर रुपमा अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र निरन्तर शिक्षाका बारेमा योजना बन्दै आएतापनि कार्यान्वयनमा आउन सकेको छैन। यस नगरपालिकाको कूल जनसंख्या ५२७९६ मध्ये ५ वर्ष वा सो भन्दा माथीका व्यक्तिको साक्षरताको अवस्था अनुसार कूल जनसंख्या ४७६९३ जसमध्ये पूर्ण रुपमा निरक्षर १६४३३ रहेका छन् जुन ३४.५ प्रतिशत हुन आउँछ। सामान्य लेखपढ गर्न सक्ने जनसंख्या ३११४९ रहेको तथा पढ्न मात्र जानेको कूल जनसंख्याको ०.२ प्रतिशत र रहेको अवस्था छ । हनुमाननगर कंकालिनी नगरपालिकको कूल साक्षरता ६५.३ प्रतिशतमा ५५.३ प्रतिशत महिला र ७५.१ प्रतिशत पुरुष रहेका छन् ।

**अनौपचारिक शिक्षाका चुनौतीहरुः**

- पूर्ण साक्षर नगर घोषणा गर्न
- जीवन पर्यन्त शिक्षालाई व्यवसाय संग जोडन
- सामुदायिक सिकाइलाई जिवन पर्यन्त शिक्षा लिने दिने मञ्चको रुपमा प्रयोग गर्न
- गरिबी रेखामुनी रहेका जनसंख्यालाई जिवन पर्यन्त सिकाइमा मा आवद्ध गर्न
- अपाङगता भएका व्यक्तिहरुलाई प्रौढ शिक्षाको पहुँचमा ल्याउनु
- महिला र पुरुषको साक्षरता दरमा वृद्धि गर्नु

### ३.४.२ उद्देश्य

*अनौपचारिक शिक्षा र आजीवन सिकाइसँग सम्बन्धित पालिकाका उद्देश्यहरु राख्नुहोस । जस्तै*

**उद्येश्यहरुः**

- पूर्ण साक्षर नगर घोषणा गर्ने ( सन् २०३० सम्म)
- जीवन पर्यन्त शिक्षालाई व्यवसाय संग आवद्ध गर्ने
- गरिबी रेखामुनी रहेका जनसंख्या तथा लैङगिक अनुपात अनुसार जिवन पर्यन्त सिकाइमा मा समावेश गर्ने
- अपाङगता भएका व्यक्तिहरुलाई प्रौढ शिक्षाको पहुँचमा ल्याउने
- सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ३.४.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु उल्लेख गर्नुहोस । जस्तै*

- पूर्ण साक्षर नगर घोषणा गर्न लाग्ने बजेट विनियोजन गर्ने
- पूर्ण साक्षर नगर घोषणा गर्नको लागि अनौपचारिक शिक्षाका कक्षाहरु निरक्षर जनसंख्याको आधारमा संचालन गर्ने
- अनौपचारिक तथा जिवन पर्यन्त सिकाई सम्बन्धि जनचेतना कार्यक्रमहरु संचालन गर्ने
- गरिबी रेखामुनी रहेका जनसंख्याको तथ्यांक संकलन तथा थप सुविधा सहित कक्षामा सहभागी गराउने
- नगरपालिकाबाट प्राप्त हुने सेवा सुविधालाई साक्षरता सगँ आवद्ध गर्ने
- अपाङगता भएका व्यक्तिहरुको लागि पायक ठाउँमा प्रौढ शिक्षा केन्द्रको स्थापना गर्ने
- अपाङगता भएका व्यक्तिहरुलाई जिवन पर्यन्त शिक्षा सँग जोडेर रोजगार गर्न सक्षम बनाउने
- अपाङगताको प्रकार अनुसार स्रोत, साधन सामाग्रीहरुको व्यवस्थापन गर्ने
- महिलाहरुको साक्षरता दर बढाउन सिप सँग आवद्ध हुने कार्यक्रमहरु संचालन गर्ने
- निरक्षर जनसंख्याको अनुपातमा सामुदायिक सिकाई केन्द्रहरु स्थापना गर्ने
- औपचारिक तथा जिवन पर्यन्त शिक्षा सँग जोडने।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

- पूर्ण रुपमा साक्षर नगर घोषणा भई नगरवासीको जीवनस्तरमा सुधार हुनेछ
- शिक्षाको महत्व बुझी औपचारिक शिक्षाको मूलधारमा आवद्ध भई शिक्षित जनसंख्यामा वृद्धि हुनेछन्
- अनौपचारिक शिक्षा सँग सम्बन्धित विभिन्न कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन हुनेछन
- गरिबीको रेखामुनी रहेका जनसंख्यामा कमी, सीपको विकास भई रोजगरीको अवसर प्राप्त हुनेछ
- अपाङगता भएका व्यक्तिहरुले अनौपचारिक शिक्षा हासिल गरी आत्म निर्भर बन्न मद्दत पुग्दछ। जब उनीहरुले नयाँ सिप र

ज्ञान प्राप्त गर्दछन, तब उनीहरु काम गर्न सक्षम हुन्छन र आर्थिक रुपमा आफ्नो परीवारको सहयोग गर्न सक्छ।

- अपङगता भएका व्यक्तिहरुलाई सिकाई केन्द्र सम्म पुग्न सहज हुनेछ

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन् ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सीप (५ वर्ष भन्दा माथि) * (%) | ६५.३% | ६७.३% | ७०% | ८०% | ९०% | ९९% |
| २ | भाषिक तथा गणितीय साक्षरता सीप (५वर्ष भन्दा माथिका महिला) (%) | ५५.३% | ६०.३% | ७०% | ८०% | ९०% | ९९% |
| ३ | आधारभूत सुविधासम्पन्न सामूदायिक सिकाइ केन्द्रको सँख्या | ० | ६ | ४ | ४ | ४ | २ |
| | अपाङमैत्री सिकाई केन्द्र | ० | १ | १ | १ | ० | |
| ४ | सामूदायिक पुस्तकालयको सँख्या | ० | १ | १ | १ | ० | ० |

### ३.४.४ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य) ५ वर्ष( | | | | | भौतिक लक्ष्य )१० वर्ष( | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरुको विवरण संकलन | पटक | १ | | | | | २ | नगरपालिका |
| २ | साक्षर रुपनी | वडागत | | १ | १ | | २ | ७ | नगरपालिका |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सञ्चालन र व्यवस्थापन | संख्या | | | १ | | १ | ५ | नगरपालिका |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसग आवद्ध गर्ने | पुस्तकालय | | | | | | २ | नगरपालिका |
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | संख्या | | | १ | | १ | ५ | नगरपालिका |
| ६ | सा.सि.के. ले समुदायमा आधारीत संघ सस्थासँग सहकार्य गर्ने | निरन्तर | | | | | | | सा. सि.के. |
| ७ | विज्ञ समूह निर्माण | पटक | | १ | | | १ | २ | सा. सि.के. |
| ८ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | | | १ | १ | १ | १० | सा. सि.के. |
| ९ | परिचालकको क्षमता विकास | संख्या | | १ | | | १ | ५ | नगरपालिका |

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

परिच्छेद तीनमा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लगायत पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक व्यवस्थापन तथा विकाससँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरि यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको खाका प्रस्तुत गरिएको छ । परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरू जस्तैः समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा; विद्यालय भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चार लगायतका कतिपय पक्षहरू समावेश गरिएका भए पनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरि योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुऱ्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्ति जस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालयको भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो । मानव जीवनका व्यवहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो । वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालबालिकाको सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहना अनुरुप परिवर्तन भइरहन्छ । निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो । यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ । पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ । समयसापेक्ष हुनुपर्छ । जनचाहना पूरा गर्न सक्नुपर्दछ । कक्षाकोठाको वातावरण अनुकूल हुनुपर्छ । व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ । पाठ्यक्रम समावेशी हुनुपर्छ । यसले सबैको चाहना प्रतिविम्वन गर्न सक्नुपर्छ । स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन-कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात्किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र

विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो । मूल्याङ्कन पद्धतिका रुपमा कक्षाकोठामा आधारित पठन सीप परिक्षण, आवधिक परीक्षा, आवधिक मूल्याङ्कन, NARN, NASA रहेका छन् भने हाल सिकाइका लागि मूल्यांकनको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता रहेको छ । साथै सन्दर्भ सामग्रीहरूमा विद्यार्थीहरूको पहुँच वृद्धिको लागि गरिएको व्यवस्था जस्तै विद्युतीय प्रति CEHRD को अनलाइन पोर्टलमा राखिएको, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएका जिल्लामा कक्षा १-३ का लागि दिइएका सामग्री आदि रहेका छन् ।

**४.१.१ वर्तमान अवस्था**

हनुमाननगर कंकालिनी नगरपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ । यसै शैक्षिक सत्रदेखि यस पालिकाले आधारभूत तह कक्षा १-५ को स्थानीय विषयको पाठ्यक्रम निर्माणको थालनी गर्ने र अर्को बर्ष आधारभूत तह कक्षा ६-८ को स्थानीय विषयको पाठ्यक्रम निर्माण योजना गरेको छ । स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुऱ्याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुऱ्याउछ । स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरीएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । त्यसैगरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ ।

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन बिधि अपनाएइको छ । आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएइको छ । आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ । कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ । कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

- पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र कार्यान्वयन ।
- पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनका लागि गरिएका प्रयत्नहरू ।
- पाठ्यक्रम, पाठ्यपुस्तक र विद्यार्थी मूल्याङ्कन कार्यान्वयनका चुनौती तथा अवसरहरू ।
- विद्यार्थी मूल्याङ्कन प्रक्रिया
- स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माणको क्रममा वातावरणीय दिगोपनाका लागि बृक्षारोपण, वातावरण संरक्षणको

रैथाने ज्ञान र सीपलाई समावेश गर्ने तथा हरित विद्यालय, हरित वडा र हरित समुदायको अवधारणा जस्ता विषयलाई समावेश गर्ने ।

- त्यसैगरी विश्ववजारमा प्रतिस्पर्धा गर्नको लागि आवश्यक पर्ने वित्तिय साक्षरता, उद्दमशिलता, सञ्चार सीप, संवेग व्यवस्थापन जस्ता जीवनोपयोगी सिपहरुलाई पाठ्यक्रम तथा अन्य माध्मवाट प्रवर्द्धन गर्ने खालका विषयहरु समावेश गर्ने ।

**४.१.२ उद्देश्य**

*पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनसँग सम्बन्धित पालिकाका उद्देश्यहरु राख्नुहोस । जस्तै*

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु ।

**४.१.३ रणनीति**

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु उल्लेख गर्नुहोस । जस्तै*

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने ।
- पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गर्ने ।
- पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गर्ने ।
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने ।
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गर्ने ।
- विद्यालमा आधारित सहयोग पद्धति विकास गर्ने ।
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने ।
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने ।
- स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।
- स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुहरुलाई प्राथमिकताका साथ समावेश गर्ने ।
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ।

- निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्ने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै ३० |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | नभएको | नभएको | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री | ० | ६ | ११ | २२ | २८ | ३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रयोग गर्ने विद्यालय सँख्या | | | | | | |

### ४.१.४ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागी शिक्षक तालिम सञ्चालन | निरन्तर | सबै | सबै | सबै | सबै | सबै | निरन्तर | | नगरपालिका |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | | नगरपालिका |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | निरन्तर | सबै | सबै | सबै | सबै | सबै | सबै | | नगरपालिका |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | निरन्त | सबै | सबै | सबै | सबै | सबै | सबै | | नगरपालिका |
| ५ | जलवायु परिवर्तन तथा उत्थान शीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सँख्या | संख्या | ० | ६ | ११ | २२ | २८ | ३० | ३० | नगरपालिका |

### ४.२ शिक्षक व्यवस्थापन र विकास

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरि विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यवसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस हनुमाननगर कंकालिनी नगरपालिका ले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

#### ४.२.१ वर्तमान अवस्था

**शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति**

शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले यस पेशामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठत पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ । नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ । शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित

युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ । शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ ।

- तालिम प्राप्त शिक्षकहरुलाई दिईने तलबभत्ता तथा अन्य सुविधाहरु कार्य सम्पादन अनुसार बढाउदै लैजाने ।
- आधारभूत तथा माध्यमिक तहमा पढाउने शिक्षकका साथै कर्मचारीहरुलाई समान र उत्तिकै हैसियत प्रदान गर्दै लैजाने ।
- शिक्षकहरुलाई निजामति कर्मचारी सरह योग्यता र सक्षमताको आधारमा तहगत बढुवाको व्यवस्था गर्दै लैजाने ।
- माध्यमिक तहमा कार्यरत विधालय सहायक (लेखापाल) सम्बन्धित विषयमा कम्तिमा स्नातक उतीर्ण हुनुपर्ने र सो अनुसार तलब भत्ताको व्यवस्था गर्दै लैजानुपर्ने ।
- शिक्षकलाई कुनै कोणबाट अपमान वा ठेस नपुग्ने गरी सम्पूर्ण पार्टीगत भातृसंगठन खारेज गरी शिक्षकहरुलाई एकताबद्ध गर्दै शिक्षकको हकहितको लागि एक शिक्षक महासंघलाई स्तरोन्नति गर्दै लैजाने ।
- बालविकास तथा कर्मचारीहरुको तलब लगायतका सुविधाहरुमा भएको भेदभावलाई सम्बोधन गर्दै लैजाने ।

**शिक्षक तयारी**

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षक सदैंव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वियन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वी.एड. वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वी.एड.गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । यसै गरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरि अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ ।

शिक्षक तयारीका लागी यस योजनाले स्थानिय तह भित्र शिक्षक शिक्षा र शिक्षक प्रशिक्षणको व्यवस्था गर्ने, शिक्षक पेसागत विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम, तयारी कक्षाहरु संचालन गर्ने तथा स्यंमसेवक शिक्षक व्यवस्थापनका लागी वातावरण तयार गर्ने जस्ता कार्यक्रमहरु तय गरि कार्यावन्यन गरिने छ ।

- बिधालय तहको शिक्षण पेशामा प्रवेश गर्न शिक्षक प्रशिक्षण अनिवार्य गर्ने।
- हाल शिक्षण पेशामा प्रवेश गरि सकेका तर तालिम नपाएका शिक्षकहरुलाई अनिवार्य रुपले तालिम दिने व्यवस्था

मिलाउने।

- शिक्षक प्रशिक्षणमा महिला शिक्षकलाई ग्राहयता दिने।
- बिभिन्न तहमा शिक्षकहरुका लागी प्रशिक्षण कार्यक्रमहरु निर्धारित गर्ने।
- बालविकास शिक्षकहरुको क्षमता विकासका लागि प्रत्येक बर्षमा कम्तिमा २ पटक तालिम संचालन गर्ने।
- समय अनुसार परिमार्जित पाठ्यक्रम प्रबोधिकरण तथा अन्य शिक्षकको पेसागत विकाससँग सम्बन्धित कार्यशाला सञ्चालन गर्ने।

**शिक्षणसिकाइ क्रियाकलाप**

कुनै पनि विषयवस्तु विद्यार्थी समक्ष पुर्‍याउँदा जे जस्ता विधि वा माध्यम अपनाइन्छ, तिनले अपेक्षित उद्देश्य परिपूर्तिमा सघाउनु पर्दछ । कुनै पनि शिक्षण विधि शिक्षकले प्रयोग गर्ने तौरतरिका वा विषयवस्तुको स्वरुपमा भर पर्दछ । शिक्षण विधि छनौट गर्दा सकेसम्म विद्यार्थी केन्द्रित खालको अर्थात बालकेन्द्रित विधि अपनाउनुपर्छ, जसमा बढी भन्दा बढी विद्यार्थीको सहभागिता रहोस । शिक्षण विधिको चयन गर्दा मुख्य रुपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरुको तहगत स्तर, विषयवस्तुको प्रकृति र स्वरुप आदिका आधारमा छनौट गर्नु पर्छ ।

बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा भर पर्छ । विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ । नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरूप विद्यालयको शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरि शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन्।

**शिक्षक पेशागत सहयोग पद्धति**

नेपालमा सर्वप्रथम वि.सं. १९९८ सालमा चिफ इन्सपेक्टर स्कूलको स्थापनासँगै शिक्षक पेशागत सहयोग पद्धतिको शुरुवात भएको देखिन्छ । राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ ले विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो । ग्रामीण विकासका लागि सेती परियोजना (१९८१-१९९१) र सो पश्चात्‌नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए । प्राथमिक शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४-१९९१), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-पहिलो (२०४९-०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-दोस्रो (२०५६-०६१), प्राथमिक शिक्षा विकास परियोजना (सन्१९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (सन्१९९३-२०००), शिक्षक शिक्षा परियोजना (सन्२००२-२००९), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६७/०६८-२०७२/०७३) हुँदै हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७७/०७८) ले समेत शिक्षकको पेशागत सहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छ ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेशागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमश: तिनको सङ्ख्या बिस्तार गरि १०९१ स्रोत केन्द्रहरू तोकेकोमा १०५३ स्रोत केन्द्रहरू मार्फत शिक्षक पेशागत सहयोग प्रदान हुँदै आइरहेको थियो ।

शिक्षक पेशागत सहयोग स्रोतकेन्द्र १०५३, अगुवा स्रोत केन्द्र ४६ र "क" शैक्षिक तालिम केन्द्रहरु ९, "ख" शैक्षिक तालिम केन्द्रहरु २० र उपकेन्द्र ५ बाट विद्यालय सुपरिवेक्षण, शिक्षकको कार्यको अनुगमन, तालिमको फलोअप, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान, नियमित प्रधानाध्यापक बैठक, शिक्षक अन्तर्क्रिया कार्यशाला, छोटो अवधिको मागमा आधारित आदि तालिम सञ्चालन हुँदै आएका थिए ।

**शिक्षक क्षमता विकास कार्यक्रम**

एकाइसौं शताब्दीको शिक्षक आफ्नो विषयमा निपूर्ण हुनुपर्छ । शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कलाकौशलबाट भरपूर्ण हुनुपर्छ । स्थानीय सरकारले प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरि शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि निम्नानुसारका क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ, प्रमाणीकरण तालिम , पुनर्ताजगी तालिम, अनुभव आदान प्रदान कार्यक्रम, स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम, स्वप्रयत्नमा आधारित सिकाइ आदि । पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ । यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेशागत विकास सम्भव हुन्छ । नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्र महरू सञ्चालन भएका थिए । शिक्षकको क्षमता अभिवृद्धि गरि कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं. २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो ।

**शिक्षक उत्तरदायित्व**

शिक्षण सिकाइ प्रक्रियामा शिक्षकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षक बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित व्यक्ति हो । असल शिक्षकको सहायताबाट शिक्षाका उद्देश्य पूरा हुन सक्छ । शिक्षकका आचरण समाजका अन्य वर्गलाई अनुकरणीय बन्न सक्नु पर्दछ । शिक्षकमा समाजको मार्गदर्शक, उपदेशक एवम् उदाहरणीय व्यक्तित्वको भूमिका सजिलैसँग निर्वाह गर्न सक्ने आर्दश गुणहरु हुनुपर्दछ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध हुनुपर्छ ।

शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्छ । शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विद्यार्थीहरूको सिकाइ तथा कार्यसम्पादनप्रति जवाफदेही हुनु पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ । विद्यालयको आचार संहिता पालना गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने र त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेस गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापकप्रति पनि उत्तरदायी हुनुपर्छ । आगामी दिनमा यस नगरपालिका ले शैक्षिक सुधार घोषणापत्र तयार पारी विभिन्न निकायको भूमिका तथा जिम्मेवारी अन्तर्गत प्र.अ. र शिक्षकको भूमिका तथा जिम्मेवारी तोकी शिक्षकलाई आफ्नो पेशाप्रति उत्तरदायी बनाउने अभ्यास गर्ने छ । शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ ।शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफुले पढाउने विद्यार्थीहरुको सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु, पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने वुझिन्छ ।सामान्यतया शिक्षकका उत्तरदायित्वहरुलाइ निम्न बुँदामा प्रष्ट पार्न सकिन्छ ।

- पाठहरुको एक व्यापक तरीकामा प्रस्तुतीर श्रव्य/दृश्य सामग्रीको माध्यमबाट सिकाई सहजीकरणगर्ने।

- अन्तरक्रियात्मक सिकाइलाई प्रवर्धन गर्दै प्रत्येक विद्यार्थीलाई व्यक्तिगत निर्देशन प्रदान गर्ने ।
- शैक्षिक सामग्रीको सिर्जनार वितरण (नोट, सारांश, गृहकार्य आदि) गर्ने ।
- विद्यार्थीको प्रगतिको मुल्यांकन र रेकर्ड राख्ने, ग्रेड/तह र सुझाव प्रदान गर्ने।
- एक सफा र व्यवस्थित कक्षाकोठा कायम राख्ने ।
- अन्य शिक्षकहरु, अभिभावक र सरोकारवालाहरुसंग सहकार्य गर्ने र नियमित बैठकमा भाग लिने ।
- कक्षा भित्र तथा बाहिरी गतिविधिहरुर अन्य शैक्षिक इभेन्टको योजना र कार्यन्वयन गर्ने ।
- विद्यार्थीहरुको व्यवहार र मानसिकता अवलोकन गर्ने र बुझ्ने र उपेक्षा, दुर्व्यवहार आदिको संदेह रिपोर्ट तयार पार्ने ।
- सेमिनार, सम्मेलन आदिमा भाग लिईव्यवसायिक सीप र ज्ञानको विकास र समृद्ध बन्ने।

**शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली,२०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ । पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ ।

यस पालिकाको सामुदायिक बिद्यालयमा शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा ४५.१० , कक्षा ६-८ मा ११०.९२ , कक्षा ९-१० मा ४८.१५ रहेको छ । दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७३ अनुसार गरेको छ। अधिकांश बिद्यालयमा आधारभूत तहका शिक्षक अप्राप्त रहेकोले विद्यालयले प्र.वि. दरबन्दीका शिक्षकलाई निम्न माध्यमिक तहमा परिचालन गरेको र प्रा.वि. तहको शिक्षकको आवश्यकतालाई बालबिकाश बालविकास र विद्यालयका परिचरबाट पूर्ति गर्नु परेको बाध्यता छ । गत आर्थिक बर्षमा शिक्षा बिकाश तथा समन्वय इकाइ सप्तरीले यस पालिकासंगको सहकार्यमा शिक्षक समायोजन तथा दरबन्दी मिलानको कम सम्पन्न गरिसकेकोले र सङ्घीय सरकारबाट मांग अनुसारको शिक्षक आपूर्ति हुने आश गरिएको र तत्कालको लागि यस पालिकाले स्वयंसेवक शिक्षक परिचालन गर्ने योजना बनाएको छ ।

शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु निम्न बमोजिम छन्:

- शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु ।
- शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु ।
- शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु ।
- विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु ।
- शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न ।
- समयमा कक्षाकोठाभित्र शिक्षकको नियमितता र गुणस्तरीय शिक्षण हुन् नसक्नु ।
- तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयंसेवक सूची प्रकाशन गर्नु ।
  - स्थानीय तहमा शिक्षक व्यवस्थापन र विकासको अवस्था
  - शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति

- शिक्षक तयारी
- शिक्षण सिकाइ क्रियाकलाप
- शिक्षकको पेशागत तथा क्षमता विकास कार्यक्रम
- शिक्षक पेसागत सहयोग पद्धति
- शिक्षकको आपूर्ति र वितरण
- चुनौती र अवसरहरू

**४.२.२ उद्देश्य**

*शिक्षक व्यवस्थापन र विकाससँग सम्बन्धित पालिकाका उद्देश्यहरु राख्नुहोस । जस्तै*

- विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्नु ।
- शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु ।
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु ।

**४.२.३ रणनीति**

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु उल्लेख गर्नुहोस । जस्तै*

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।
- रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने ।
- शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सीप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।
- शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

**४.२.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- दरवन्दी मिलान सम्पन्न भै विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ ।
- शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ ।

**नतिजा**

*योजनाको कार्यान्वियनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा बालविकासको सँख्या | ८२१\४३ | ११३२\५९ | १५६२\८१ | २१५५\१११ | २९७३ \१५३ | ४१०२\२११ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक | २१८ | २१८ | २१८ | २१८ | २१८ | २१८ |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक | १११ | १११ | १११ | १११ | १११ | १११ |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | ४० % | ७५ % | ८५ % | ९० % | १०० % | १०० % |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |

## ४.२.४ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | | | | | | | | | नगरपालिका |
| ३ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | नियमित | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका |
| ४ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | निरन्तर | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका |

**४.३ शैक्षिक समता र समावेशीकरण**

हनुमाननगर कंकालिनी नगरपालिका सामाजिक, आर्थिक, सास्कृतिक विविधता भएको स्थानीय तह हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन् । मधेशी समुदायको मुख्य वसोबास रहेको । जसमा यादव, मुसहर, तेली, कोइरी, केवट, चमार, धानुक, तत्मा, सुढ़ी, बरै, बिन, आदि लगायतका जातजातिको बाक्लो उपस्थिति रहेको छ । यस नगरपालिका मा मुख्य बोलीचालीको भाषा मैथली, भोजपुरी, उर्दु, नेपाली रहेको छ । सिरवा, कृष्णाष्टमी, जितिया, तीज, जनैपुर्णिमा, दशै, तिहार, छट पुजा, माघे सक्रान्ती, फागुपूर्णिमा (होली) आदि जस्ता चाडपर्वहरु मान्ने गर्दछन् । यस पालिकाभित्र रहेका बहुविशेषताहरुबीचमा एकीकरण भएको अवस्था छ । अनेकताबीच एकता कायम भएको छ । त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सह-अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ । साक्षरताका आधारमा हेर्दा पुरुषको भन्दा महिलाको प्रतिशत कम रहेको छ ।

# वर्तमान अवस्था

यस पालिकामा लैङ्गिक अनुपात १००.८९ प्रतिशत रहेको छ । गाउँकार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्ध संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ । विद्यमान अवस्थामा शिक्षामा समतामुलक पहुँच पु¥याउन यस नगरपालिकाबाट केही प्रयासहरु भएता पनी पर्याप्त मात्रामा सम्बोधन हुन सकेको छैन । विद्यालय बाहिर रहेका,विचैमा विद्यालय छाडी तह पुरा नगर्ने,अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नसकेकाहरुलाई सम्बोधन गरी समता र समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ । विविधताको सम्मान गर्दे शिक्षामा सबैको पहुँच पु¥याई सहभागितामुलक सिकाइ सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरुलाई शिक्षामा समान र समतामा आधारित अवसर कसरी उपलब्ध गराउने भन्ने विषयहरुलाई सम्बोधन गर्नको लागि यो योजना केन्द्रित रहेको छ । शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

- लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिस्चित गर्नु ।
- विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने ।
- लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुऱ्याउने ।
- विद्यालयमा विभेदरहित बालमैत्री बनाउने ।

**४.३.१ वर्तमान अवस्था**

*आफ्नो स्थानीय तहमा निम्न विषय क्षेत्रहरुको आधारमा शैक्षिक समता र समावेशीकरणको अवस्थाको विश्लेषण गर्नुहोस् ।*

- जातजातिगत तथा भाषिक
- लैङ्गिक
- अपाङ्गता भएका बालबालिकाकाको प्रारम्भिक पहिचानका लागि अनुकूल पहुँच सुनिश्चित गर्न उपकरणको व्यवस्थार वैयक्तिक सहयोग प्रणाली
- विभिन्न कठिन परिस्थितिमा रहेका बालबालिकाको अवस्था

- आर्थिक रूपले विपन्नका समता लक्षित प्रमुख कार्यक्रमहरू
- छात्रवृत्ति
- सिकाइ वातावरण सुधार
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ क्रियाकलाप
- बैकल्पिक सिकाइ प्रबन्ध
- शिक्षक नियुक्ति तथा व्यवस्थापनमा समावेशिता
- चुनौती र अवसरहरू

**४.३.२ उद्देश्य**

*शैक्षिक समता र समावेशीकरणसँग सम्बन्धित पालिकाका उद्देश्यहरु राख्नुहोस । जस्तै*

- लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु
- विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

**४.३.३ रणनीति**

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु उल्लेख गर्नुहोस । जस्तै*

- विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पुरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पुरा गर्ने ।
- अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने ।
- छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने ।
- कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।
- विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरिहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।
- आाधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने ।
- पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता

शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने ।

- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, वहिष्करण र हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भै सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | ३६४ | ५० | ० | ० | ० | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.०२ | १.०२ | १.०२ | १.०२ | १.०२ | १.०२ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.०५ | १.०५ | १.०५ | १.०५ | १.०५ | १.०५ |

### ४.३.४ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य)५ वर्ष( | | | | | भौतिक लक्ष्य (१० बर्ष( | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | अवस्था र आवश्यकता पहिचान | पटक | | १ | | | | २ | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | | १ | १ | | | ३ | सा.सि.के. |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ४ | विद्यालयहरूमा वालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | | | ५ | | ५ | २५ | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | मातृभाषामा सिकाइको अवसर प्रदान गरिने। | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय |
| ६ | मनोसामाजिक परामर्श | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय |
| ७ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | आवश्यकता अनुसार | | १ | | १ | १ | ५ | संघ/ प्रदेश/ नगरपालिका |

## ४.४दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम

**परिचय**

नेपालमा सन्१९७४ देखि छनौटमा परेका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो । आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिक देखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छ । नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०८०/८१ मा यो लगानी १ करोड ४१ लाख पुगेको छ। नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन्।

**सरसफाइ तथा स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ ।

यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घर/कोठाको प्रबन्ध नै छैन भने भएकाहरू मध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ । विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद, जोखिम तथा महामारी समावेश गरि थप सुधार गर्नु आवश्यक छ।

**वर्तमान अवस्था**

नेपालमा विभिन्न समयमा विद्यालय स्वास्थ्य तथा पोषण र खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि केही कार्यक्रम तथा निर्धारित कक्षा तथा क्षेत्रका विद्यार्थीकालागि दिवा खाजा कार्यक्रमकोवर्तमानअबश्थाको विश्लेषण गर्दासबैकालागि शिक्षाको डकार बैठक सन् २०००ले सिफारिस गरेको ढाँचालाई मुख्यगरी चारवटा अङ्गहरु समाबेश गरेको छ ।

- विद्यालय स्वास्थ्य सम्बन्धि नीतिहरु तय गर्नु
- सुरक्षित पानी तथा सरसफाइ सहित सुरक्षित विद्यालय वाताबरण सिर्जना गर्नु
- सिपमा आधारित स्वास्थ्य शिक्षकको प्रबन्ध गर्नु
- विद्यालयमा आधारितस्वास्थ्य तथा पोषणसेवा प्रदान गर्नु

यिनै बुँदाहरुलाइ आधार मानि यस पालिकामा समेत वर्तमान अवस्थालाई विश्लेषण् गरी दिवाखाजा स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताको अलगअलग समीक्षा गरी तिनीहरुको अन्तर सम्बन्ध उल्लेख गरी योजना तयार गरीएको छ । नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात् यस पालिकाले खाजा कार्यक्रम सञ्चालन गरेको छ । साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्वन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गर्ने प्रयास गरिएकोछ ।

सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु ४ र महिला शिक्षक शौचालय ४ वटा छन्। यस पालिकाको प्राय: सबै विधलायहरुमा ट्यूबेल नै खानेपानीको प्रमुख स्रोतको रुपमा रहेको छ । विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ।

- द्यालय खाजा प्राप्त गर्ने कक्षाहरू र खाजाको व्यवस्थापन
- विद्यालयमा सञ्चालित स्वास्थ्य र पोषणका कार्यक्रम
- विद्यालयमा सरसफाइ तथा स्वच्छताको अवस्था
- चुनौती र अवसरहरू

### ४.४.२ उद्देश्य

*दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धित पालिकाका उद्देश्यहरु राख्नुहोस ।जस्तै*

- बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु उल्लेख गर्नुहोस । जस्तै*

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।
- दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।
- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित बस्तुहरुलाई प्राथमिकता दिने ।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।
- दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र | १००% | १००% | १००% | १००% | १००% | १००% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | | | | | | |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० % | १००% | १००% | १०० % | १००% | १००% |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-५ | १-५ | १-५ | १-५ | १-५ | १-५ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | ० | ५ | ६ | ७ | ८ | ९ |

### ४.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र. सं. | प्रमुखक्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खाजा कार्यक्रम कार्यान्वियन सम्बन्धी अभिभमुखिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| २ | दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापन | बिद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | १० | नगरपालिका |
| ३ | खाजा कार्यक्रमको अनुगमन तथा निरिक्षण | बिद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | १० | नगरपालिका |
| ४ | एक विद्यालय एक फुलबारी वा हरित विद्यालय कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ५ | नियमित सरसफाइ कार्यक्रम | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | १० | नगरपालिका |
| ६ | स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धित सचेतनामुलक कार्यक्रम | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | निरन्तर | नगरपालिका |
| ७ | चौमासिक रुपमा सामान्य स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | निरन्तर | नगरपालिका |
| ८ | एक विद्यालय एक स्वास्थ्य किट वा औषधि सहितको प्राथमिक उपचार बक्स व्यबस्थापन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | निरन्तर | |
| ९ | सरसफाइ सम्बन्धी आवश्यक पूर्वाधार विकासमा सहयोग कार्यक्रम | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | निरन्तर | |
| १० | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय बिस्तार | बिद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | निरन्तर | संघ/प्रदेश |
| ११ | छात्राको लागि सेनिटरी प्याड ब्यवस्थापन, वितरण तथा अनुगमन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | निरन्तर | |

१

**४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा**

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ । यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम्क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन्। विशेषत: लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै यसै वर्ष गएका बढी पहिरो र आगलागी लगायतका प्राकृतिक र मानवीय प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

यस खण्डमा मूलत: तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ :

- प्राकृतिक प्रकोप: भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि ।
- महामारी: झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरूवा रोगहरू ।
- युद्ध, द्वन्द्व, विस्थापन: आन्तरिक तथा बाह्य युद्ध एवम्द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरीकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्ने ।

## वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा सहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ ।

यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता

दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा भर्चुअल कक्षा, फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणालीमार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षण सिकाइ समेत भएको थियो । विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा तथा वारुण यन्त्र रहेको छ । विद्यालयमा रहेको जु.रे.स. तथा यु.रे.स. ले पनि विपदप्रति सचेतना जगाउदै आएका छन् । स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ ।

**विद्यमान नीतिगत व्यवस्था**

- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ अनुसार प्रदेश र स्थानीय तहमा विपद उत्थानशीलताको संयन्त्रको व्यवस्था
- विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समितिको व्यवस्था
- भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ (बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचारबाट मुक्त सिकाइ व्यवस्था भएको)
- विद्यालय शान्तिक्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ (विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनैतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था भएको)
- बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ (विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैंगिक समता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालय व्यवस्थापन आदिले विपद्कालीन शिक्षाको आधार तयार गरेको)
- विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१
- वृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ (सिकाइ पूर्वाधार विपद् जोखिम व्यवस्थापन, विद्यालय विपद् जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताको लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित कार्यान्वयन)
- वृहत विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ (विद्यालयको न्यूनतम सुरक्षाका उपायहरूसम्बन्धि क्रियाकलापहरू, शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने)
- दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित विद्यालय, विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन, समुदायबीच उत्थानशीलता शिक्षा, विपद्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको

**स्थानीय तहको विद्यमान अवस्थाः**

*आफ्नो स्थानीय तहमा निम्न विषय क्षेत्रहरुको आधारमा आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षाको अवस्थाको विश्लेषण गर्नुहोस् ।*

- बालमैत्री र विपद उत्थानशील विद्यालय वातावरण र कक्षाकोठा तथा सबैका लागि सुरक्षित वातावरण
- २०७२ को विनासकारी भूकम्पबाट प्रभावित विद्यालय तथा बालबालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता ।
- स्थानीय तहमा आइपरेका विपत्ति जस्तै आगलागी, बाढी, पहिरो तथा अन्य विपत्तिहरूबाट प्रभावित विद्यालय तथा बालबालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता ।
- कोभिड- १९ महामारीबाट प्रभावित विद्यालय तथा बालबालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता ।

**४.५.२ उद्देश्य**

*आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षासँग सम्बन्धित पालिकाका उद्देश्यहरु राख्नुहोस । जस्तै*

- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
- आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

**४.५.३ रणनीति**

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु उल्लेख गर्नुहोस । जस्तै*

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने ।
- सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने
- कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने ।
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने ।
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।
- विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।
- विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा

स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद् व्यवस्थापन तथा विपद् जोखिम नयुनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्ष सम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने

- विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

**४.५.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ।
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
- आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | सबै | सबै | सबै | सबै | सबै | सबै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सञ्चालन गर्ने माध्यमिक विद्यालय सँख्या | | | | | | |
| २ | हरित विद्यालय सँख्या | ३ | १२ | १८ | २३ | २८ | ३२ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सँख्या | २ | १३ | १८ | २३ | २८ | ३२ |

**४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य**

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना | योजना | | १ | | | | २ | संघ/ प्रदेश/ नगर पालिका |
| २ | स्थानीय र विद्यालयको क्षमता विकास | संख्या | | | ३२ | | | ३२ | नगरपालिका |
| ३ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | निरन्तर | | | ५ | | | १० | संघ/ प्रदेश/ नगरपालिका |
| ४ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | | | ५ | | | ५ | नगरपालिका |
| ५ | विद्यालयमा सूचना तथा संचार प्रविधिको विकास | संख्या | २ | ८ | १० | १५ | | ३५ | नगरपालिका |
| ६ | User manual सहितको प्राथमिक उपचार बाकस | संख्या | | ५ | ४ | ५ | | १९ | नगरपालिका |
| ७ | विद्यालयको भौगोलिक अवस्था र परिस्थिति अनुसार वैकल्पिक सिकाईको व्यवस्थापन कार्यक्रम | आवस्यकतानुसार | | | | | | आवस्यकतानुसार | नगरपालिका |
| ८ | प्रतिकार्य कार्यदलको गठन र | संख्या | | १ | | | १ | ३ | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | परिचालन | | | | | | | | |
| ९ | सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका |
| १० | कल्स्टर/गृह विधालय (Home Schooling/ Remedial teaching/ Coaching जस्ता क्रियाकलापहरु संचालन गर्ने | विधालय | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका |
| ११ | शिक्षक तथा विव्यस तालिम | संख्या | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| १२ | विपद प्रतिरोधी विद्यालय सँख्या | संख्या | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |

### ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् ।

एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ ।

राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यय योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ ।

#### ४.६.१ वर्तमान अवस्था

*आफ्नो स्थानीय तहमा निम्न विषय क्षेत्रहरुको आधारमा विद्यालयहरुको भौतिक अवस्थाको विश्लेषण गर्नुहोस् । विद्यालयहरुको भौतिक अवस्थाको विश्लेषण गर्दा विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार गर्नुहोस् ।*

- जम्मा विद्यालय संख्या, कक्षाकोठा, पक्की कक्षा कोठा, कच्ची कक्षाकोठा, नपुग कक्षाकोठा ।
- पुस्तकालय कोठा, प्रयोगशाला कोठा, कार्यालय कोठा।
- निर्माण तथा पुर्ननिर्माण गर्नुपर्ने विद्यालय संख्या ।
- विद्यालयका प्राथमिकता प्राप्त सक्षमता भित्र रहेका कक्षाकोठा तथा छात्राका लागि बेग्लै शौचालयको प्रबन्ध समेत पुरा भएका विद्यालयहरू ।
- चुनौती र अवसरहरू ।

#### ४.६.२ उद्देश्य

*विद्यालय भौतिक पूर्वाधार विकाससँग सम्बन्धित पालिकाका उद्देश्यहरु राख्नुहोस । जस्तै*

- विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
- सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण

गर्नु ।

- जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु ।

### ४.६.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु उल्लेख गर्नुहोस । जस्तै*

- भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।
- एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।
- विद्यालय पूर्वाधार विकासका लागि संघ. प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।
- विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुर्ननिर्माण एवम् मर्मत संभार गर्ने ।
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने।
- विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ३० | सबै | सबै | सबै | सबै | सबै |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सँख्या | १५ | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सँख्या | २० | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार |
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सँख्या | ५ | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय सँख्या | केहि | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतान० सार | आवश्यकतानुसार | आवश्यकतानुसार |

### ४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भौतिक पूर्वाधार विकास योजना निर्माण | पटक | | १ | - | | - | १ | १ | नगरपालिका |
| २ | नयाँ भौतिक संरचना निर्माण (भवन, शैचालय,घेराबारा,खानेपानी) | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ/ प्रदेश/ नगरपालिका |
| ३ | निर्माण भएका संरचनाहरुको सम्बर्धन तथा मर्मत | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ४ | विज्ञ समुहद्वारा सम्पूर्ण विद्यालयको स्थलगत अध्ययन गर्ने, विनियोजित रकमको शिर्षक अनुसार कार्यान्वयन, अनुगमन तथा मूल्याङकन | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | हामि बनाउछौं हाम्रो विद्यालय कार्यक्रम सञ्चालन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ६ | बालमैत्री, प्रविधिमैत्री र समतामुललक कक्षाकोठा व्यबस्थापन | विद्यालयकक्षाकोठा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | नछोडौं विद्यालय परिसर खाली, बनाऔं वगैचा हरियाली कार्यक्रम | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुऱ्याउँद छ । यी चारओटा मार्गदर्शक सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माण गरिएकोमा यी सिद्धान्तहरू अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छन् ।

उक्त गुरुयोजनाले पहिचान गरेका चारओटा प्राथमिकताका क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना (कनेक्टिभिटी, सामग्री, आँकडा) तयार गर्ने; मानवीय स्रोत विकास गर्ने; डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए । यी चारओटा क्षेत्रमा गुरुयोजनाले रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरेको थियो । यी क्षेत्रहरू हालको परिस्थितिमा पनि सान्दर्भिक रहेकोले तदनुकुल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अध्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएको छ ।

कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षणसिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा विद्यमान क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन (Poudel, Kafle, 2020) । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिका लागि उल्लिखित दस्तावेजहरूले नीतिगत आधार तयार गरेका छन् भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ ले यससम्बन्धी रणनीति, कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरेको थियो ।

विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरिएको छ । विद्यालय क्षेत्र विकास योजनामा समावेश गरिएका मुख्य क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने; विज्ञान, गणित र अङ्ग्रेजी विषयमा आधारित विद्युतीय सामग्री निर्माण गर्ने; पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने; नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने; एकीकृत लेखा सफ्टवेयर

कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने रहेका थिए ।

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासका लागि वार्षिक रूपमा लगानी गरिएको हुँदा धेरैजसो माध्यमिक विद्यालयहरूमा कम्प्युटर लगायतका सामग्री उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका केही काम भए पनि यी सुविधाहरू पर्याप्त छैनन् l उपलब्ध भए तापनि शिक्षण सिकाइमा यी स्रोतहरूको प्रयोग गर्ने विद्यालयहरूको सङ्ख्या ज्याँदै कम रहेको छ । कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा संघसंस्थामार्फत पनि यस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सामग्री प्राप्त गर्ने गरेका छन् । यसका लागि साधन तथा संरचना बढाउनुका साथै यसको प्रभावकारी प्रयोगका लागि शिक्षकको क्षमता वृद्धि अनिवार्य रूपमा गर्नुपर्ने देखिन्छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही डिजिटल सामग्री तयार गरेको छ । त्यसैगरी केही निजी क्षेत्रका संस्थाहरूबाट पनि विभिन्न विषयमा डिजिटल सामग्री तयार गर्ने कार्य भइरहेको छ । दृष्टि विहिनका लागि पनि केही पाठ्यपुस्तकहरू डिजिटलाइज गर्ने कार्य भएको छ । कोभड-१९ को महामारीको समयमा यस्ता डिजिटल सामग्रीलाई बेग्लै वेबपोर्टल बनाई सबैको पहुँच हुने गरी राखिएको छ । पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सामग्रीका विद्युतीयप्रति पनि वेभसाइटमा राख्ने गरिएको छ । त्यसै गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा तयार गरिएका श्रब्य तथा श्रब्यदृश्य पाठ्यसामाग्रीहरु शिक्षा तथा मानवस्रोत विकास केन्द्रको Learning Portal मा राखिएको छ । डिजिटल सामग्री निर्माण केही मात्रामा भए पनि पर्याप्त मात्रामा सामग्री उपलब्ध नहुनु, भएका सामग्रीहरू पनि अन्तरक्रियात्मक नहुनु र सहज प्राप्त हुन सक्नु जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी सबै विद्यालयमा इन्टरनेट कनेक्टिभिटीलगायत सूचना तथा सञ्चार प्रविधिको संरचना पुऱ्याउने, क्षमता विकास गर्न विभिन्न किसमका अपाङ्गता भएकाहरूको लागि पनि उपयोगी हुने गरी सामग्री विकास गर्ने कार्यमा चुनौतीहरू देखिएका छन् ।

### ४.७.१ वर्तमान अवस्था

हनुमाननगर कंकालिनी नगरपालिकाका विद्यालयहरूमा सूचना तथा संचार प्रविधि (ICT) को प्रयोगले शिक्षाको गुणस्तर सुधार्न महत्वपूर्ण भूमिका खेल्न थालेको छ। विद्यालयहरूमा कम्प्युटर, इन्टरनेट, प्रोजेक्टर, र डिजिटल सामग्रीको प्रयोग शिक्षण-शिक्षण प्रक्रियामा क्रमशः बढ्दै गएको छ । केही विद्यालयहरूमा आधारभूत स्तरमा कम्प्युटर शिक्षा उपलब्ध छ भने शिक्षिका/शिक्षकहरूलाई प्रविधिमैत्री बनाउन तालिम पनि प्रदान गरिएको छ। विद्यार्थीहरूले डिजिटल सामग्रीमार्फत नयाँ ज्ञान प्राप्त गर्न र जिज्ञासाहरू समाधान गर्न सहज भएको छ।

तर, सबै विद्यालयहरूमा प्रविधिको पहुँच समान छैन। ग्रामीण क्षेत्रका विद्यालयहरूमा पर्याप्त प्रविधि उपकरणको अभाव, विद्युत् आपूर्ति समस्याहरू, र दक्ष जनशक्तिको कमीले प्रविधि उपयोगमा बाधा पुऱ्याएको छ। इन्टरनेट सेवाको असमान पहुँचले डिजिटल सामग्री उपयोगमा सीमितता देखिएको छ। स्थानीय सरकार र विकास साझेदारहरूको सहकार्यले केही विद्यालयमा आधुनिक उपकरण जडान गरिए पनि प्राविधिक जनशक्तिको अभावले ती उपकरणहरूको अधिकतम उपयोग सुनिश्चित गर्न सकिएको छैन।

यस अवस्थाको समाधानका लागि विद्यालयमा पर्याप्त बजेट विनियोजन, शिक्षक-शिक्षिका र कर्मचारीहरूलाई ICT तालिम, र इन्टरनेटको पहुँच विस्तारमा जोड दिन आवश्यक छ। साथै, समुदाय र अभिभावकहरूको सहकार्यमा डिजिटल शिक्षालाई समावेशी र दिगो बनाउन दीर्घकालीन योजना आवश्यक छ। हनुमाननगर कंकालिनी नगरपालिकाको विद्यालयहरूमा सूचना प्रविधिको प्रभावकारी उपयोगले शिक्षामा गुणस्तर सुधार गर्दै विद्यार्थीहरूलाई २१औं शताब्दीका चुनौतीहरूसँग प्रतिस्पर्धा गर्न

सक्षम बनाउने सम्भावना छ।

- स्थानीय तहका विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार र प्रयोगको अवस्था
- शिक्षा तथा मानव संसाधन विकास केन्द्रले निर्माण तथा विकास गरेका Digital material र तिनीहरूको प्रयोगको अवस्था
- चुनौती र अवसरहरू

**४.७.२ उद्देश्य**

*विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित पालिकाका उद्देश्यहरु राख्नुहोस । जस्तै*

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु ।
- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।

**४.७.३ रणनीति**

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु उल्लेख गर्नुहोस । जस्तै*

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्वन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने ।
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने ।
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने ।
- कम्प्युटर लाइब्रेरी तथा डिजीटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रीहरूको उचित प्रवन्ध र प्रयोग गर्ने ।

**४.७.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

*योजनाको कार्यान्वियनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगवाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा**

*योजनाको कार्यान्वियनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सँख्या | ४ | ८ | १४ | सबै | सबै | सबै |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४ | १० | १५ | सबै | सबै | सबै |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १० | १५ | २० | सबै | सबै | सबै |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |

### ४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य)५ वर्ष( | | | | | भौतिक लक्ष्य (१० बर्ष( | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | | १ | १ | | ५ | १० | संघ/ प्रदेश/ नगरपालिका |
| २ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन ,डिजिटल ल्याव स्थापना | संख्या | | | १ | | | २ | प्र / .स्थानीय |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | १ | १ | १ | १ | १ | १० | विद्यालय |
| ४ | ई-पुस्तकालय आद्यावधिक र विस्तार | संख्या | | | | १ | | २ | नगरपालिका |
| ५ | विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभको पहुच | प्रतिशत | | ५ | | १० | १० | ५० | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ७ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ८ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ/ प्रदेश/ नगरपालिका |

## परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्ने, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्ने, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्ने, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्ने, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरुलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु र मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण गरि ७ वटा उपशिर्षकहरुमा विभाजन गरि विश्लेषण गरिएको छ ।

### ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार; प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ ।

## ५.१.१ वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन् । यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ । पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन् ।

- स्थानीय तहमा शिक्षाको वर्तमान संस्थागत संरचना
- पालिका ऐन, कार्यविधि, तथा मापदण्डको विकासको अवस्था
- पालिका तथा विद्यालयमा जनशक्तिको व्यवस्थापन
- विद्यालय व्यवस्थापनको अवस्था
- आवश्यक स्रोत साधनको व्यवस्थापन
- क्षमता विकासको अवस्था
- चुनौती तथा अवसरहरू

### ५.१.२ उद्देश्य

*संस्थागत क्षमता विकाससँग सम्बन्धित पालिकाका उद्देश्यहरु राख्नुहोस । जस्तै*

- स्थानी तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।
- जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

### ५.१.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु उल्लेख गर्नुहोस । जस्तै*

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ।
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने।
- कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।

### ५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
- संस्थागत क्षमता अभिवृद्धि भै उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन भै प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ ।

**प्रमुख नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ० | २ | २ | ५ | ५ | ५ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ० | ४ | ७ | १० | १३ | १५ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सँख्या | ० | १ | २ | १ | सबै | सबै |

**प्रमुख क्रियाकलाप र लक्ष्य**

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य)५ वर्ष( | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | संख्या | ३ | ३ | ४ | ३ | ३ | २० | स्थानीय तह |
| २ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह |
| ३ | प्र.अ.लाई कार्यसम्पादन करार गरी जिमवेवार वनाउने | संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह |
| ४ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह |
| ५ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संयन्त्र )वडा संख्या( | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह |
| ६ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह र विद्यालय |
| ७ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | संरचना | १ | ३ | | ५ | ५ | २० | स्थानीय तह |

### ५.१ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

#### ५.२.१ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नुपर्ने कानूनी व्यवस्था छ । शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ । संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ । स्थानीय तहमा शिक्षा महाशाखा/शाखा रहेका छन् । विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

- स्थानीय तहमा कार्यरत जनशक्तिको व्यवस्था
- वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनको अवस्था
- आवश्यक स्रोत साधनको व्यवस्थापन
- ऐन, नियम, कार्यविधि निर्माण र प्रबोधिकरणको अवस्था
- चुनौती तथा अवसरहरू

#### ५.२.२ उद्देश्य

*योजनाको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित पालिकाका उद्देश्यहरु राख्नुहोस । जस्तै*

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

#### ५.२.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु उल्लेख गर्नुहोस । जस्तै*

- संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत

संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
- विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने।
- विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख क्रियाकलाप र लक्ष्य**

*तलको तालिकामा पालिकाले योजना कार्यान्वयनका लागि गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | स्थानीय तह |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | स्थानीय तह |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | स्थानीय तह |

## परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ । संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधानअनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि संघीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ । समानीकरण अनुदान, विशेष अनुदान र समपूरक अनुदान संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदान सम्बन्धित संघीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रम को प्रयोजनको लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेश तहले संघीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाटबाट प्राप्त हुने बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गर्दछन् । स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयलाई यस परिच्छेदमा विश्लेषण गर्नुपर्दछ ।

यस परिच्छेदमा परिच्छेद ३, ४ र ५ मा निर्धारण गरिएका प्रस्तावित क्रियाकलापहरुको लागि बजेट अनुमान, विश्लेषण, स्रोतहरुको पहिचान र व्यवस्थापन गर्नुपर्ने हुन्छ । स्रोतहरुको पहिचान र विश्लेषण गर्दा संङ्घिय सरकार प्रदेश सरकार स्थानीय सरकार र अन्य संघ संस्थाहरुबाट प्राप्त हुने बजेटको अनुमान गरी कार्यान्वयन हुन सक्ने कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्नुपर्दछ ।

### ६.१ वर्तमान अवस्था

हनुमाननगर कंकालिनी नगरपालिकाको आ.व. २०८०/२०८१ को कूल बजेट बाट शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजन कार्यन्वयनमा नियमित बजेट विनियोजन गरि शिक्षाका विभिन्न क्रियाकलापहरू संचालन गर्दै आएको छ। शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ ।

## शिक्षामा राज्यको लगानीको अवस्था

नेपालमा वि. सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कूल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो । कूल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि सं. २०५५ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कूल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो । विगत एक दशक अवधिमा सरकारबाट कूल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ । नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ । विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कूल शिक्षा बजेटको औसत

१०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ ।

- बिगत ५ वर्षमा पालिकाको विद्यालय शिक्षा क्षेत्रमा भएको लगानीको विश्लेषण ।
- हालको अवस्थामा स्थानीय तहमा शिक्षामा (संघ, प्रदेश र स्थानीय तहबाट) भएको लगानी ।
- विभिन्न संघसंस्थाहरुबाट शिक्षा क्षेत्रमा भएको लगानीको अवस्था ।
- स्थानीय संघ संस्थावाट सुनिश्चित भएका कार्यक्रमहरु छन् भने सो समेत उल्लेख गर्ने ।
- चुनौति तथा अवसरहरू ।

**६.२ उद्देश्य**

*शिक्षामा लगानी र स्रोत व्यवस्थापन सँग सम्बन्धित पालिकाका उद्देश्यहरु राख्नुहोस । जस्तै*

- शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
- योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
- उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

**६.३ रणनीति**

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु उल्लेख गर्नुहोस । जस्तै*

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने ।
- विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने ।
- वार्षिक रूपमा कुल बजेटको २० % प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने ।
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।
- लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।

**६.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धि तथा नतिजाहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

**६.५ प्रमुख क्रियाकलाप र लक्ष्य**

**क । सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तहबाट , अन्य संघसंस्थाहरु बाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र बिषय | आर्थिक बर्ष रु हजारमा | | | | | ५ बर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | 2081/082 | 2082/083 | 2083/084 | 2084/085 | 2085/086 | | |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | 50000 | 50000 | 50000 | 50000 | 50000 | 250000 | |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | 20000 | 20000 | 20000 | 20000 | 20000 | 100000 | |
| ३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | 10000 | 10000 | 10000 | 10000 | 10000 | 50000 | |
| ४ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | 150000 | 150000 | 150000 | 150000 | 150000 | 750000 | |
| ५ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | 2000 | 2000 | 2000 | 2000 | 2000 | 10000 | |
| ६ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | 1000 | 1000 | 1000 | 1000 | 1000 | 5000 | |
| ७ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | 800 | 800 | 800 | 800 | 800 | 4000 | |
| ८ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | 1500 | 1500 | 1500 | 1500 | 1500 | 7500 | |
| ९ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा | 3500 | 3500 | 3500 | 3500 | 3500 | 17500 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शिक्षण सहयोग अनुदान | | | | | | | |
| १० | आधारभुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | 1500 | 1500 | 1500 | 1500 | 1500 | 7500 | |
| ११ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | 1000 | 1000 | 1000 | 1000 | 1000 | 5000 | |
| १३ | स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | 10000 | 10000 | 10000 | 10000 | 10000 | 50000 | |
| १४ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | 200 | 200 | 200 | 200 | 200 | 1000 | |
| १५ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि नि.पा.पु.अनुदान(स्था. विषय मातृभाषाको समेत) | 6000 | 6000 | 6000 | 6000 | 6000 | 30000 | |
| १६ | विपदका समयमा सिकाइ निरन्तरका लागि सी.आ.तथा द्रुत सिकाई योजना Realplan | 600 | 600 | 700 | 800 | 800 | 3500 | |
| १७ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीका लागि छात्रवृत्ति (PMT) | 700 | 700 | 700 | 700 | 700 | 3500 | |
| १८ | प्रति विद्यार्थी लागतका आधारमा सी. सा. तथा डि.सी.सा.व्यव. अनुदान | 2000 | 2000 | 2000 | 2000 | 2000 | 10000 | |
| १९ | स्वयमसेवक शिक्षक तथा सामाजिक परिचालक परिचालन निर्वाह खर्च(अंग्रेजि कक्षा संचालनार्थ समेत) | 5000 | 5000 | 5000 | 5000 | 5000 | 25000 | |
| २० | आधारभुत शिक्षा कक्षा 8 को परिक्षा संचालन व्यवस्थापन अनुगमन | 500 | 500 | 500 | 500 | 500 | 2500 | |
| २१ | पालिका स्तरीय अतिरिक्त क्रियाकलाप,राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता समेत एवम् विवध कार्यक्रम संचालन तथा व्यवस्थापन | 800 | 800 | 800 | 800 | 800 | 4000 | |
| २२ | वालविकास केन्द्रका लागि शैक्षिक सामग्रि व्यवस्थापन | 0 | 1500 | 1500 | 1500 | 1500 | 6000 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २३ | विद्यार्थी भर्ना अभियान कार्यक्रम | 0 | 200 | 200 | 200 | 200 | 800 | |
| २४ | विद्यालय तथा कार्यक्रम अनुगमन,सुपरीवेक्षण र अन्तरक्रिया कार्यक्रम | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| २६ | शैक्षिक क्यालेण्डर 2081 निर्माण तथा वितरण | 100 | 150 | 150 | 150 | 150 | 700 | |
| २७ | शिक्षक डायरि लगवुक तथा शैक्षिक सामग्रि खरिद तथा व्यवस्थापन | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| २८ | शिक्षा सम्वन्धि विभिन्न दिवस मनाउन | 0 | 150 | 150 | 150 | 150 | 600 | |
| २९ | विद्यालयमा प्रिन्टर ल्यपटप तथा सूचना प्रविधि सामाग्रि वितरण | 0 | 1000 | 1000 | 1000 | 1000 | 4000 | |
| ३० | विद्यालयका लागि कक्षाकोठा तथा फर्निचर व्यवस्थापन | 0 | 2000 | 2000 | 2000 | 2000 | 8000 | |
| ३१ | विद्यालयमा इ हाजिरी व्यवस्थापन | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| ३२ | स्थानीय पाठ्यक्रम निर्माण | 0 | 1000 | 1000 | 1000 | 1000 | 4000 | |
| ३३ | प्रारम्भिक बाल बिकास केन्द्र शिक्षकहरुको क्षमता विकास आधारभूत तालिम | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| ३४ | प्रारम्भिक बाल बिकास केन्द्र अध्ययनरत बालबालिकाहरुका अभिभावकहरुको लागी अभिभावक शिक्षा कार्यक्रम | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| ३५ | बिद्यालय सुधार योजना कार्यान्वनका लागी बिद्यालय स्वमुल्यांकन तथा स्वमुल्यांकन पश्चात तयार पारिएका बिधालय सुधार योजना कार्यान्वनमा स्थानीय सरकारको सहयोग | 0 | 1500 | 1500 | 1500 | 1500 | 6000 | |
| ३६ | बिद्यालयहरुमा शैक्षिक सामग्री र खेल सामग्रीको व्यबस्थापन | 0 | 1000 | 1000 | 1000 | 1000 | 4000 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सहयोग | | | | | | | |
| ३७ | विद्यालय व्यवस्थापन समिति तथा नगरपालिका को पदाधीकारीहरु , शिक्षकहरूमा उच्चस्तरीय क्षमता दक्षता र नैतिकता अभिवृद्धिका लागि अध्ययन अवलोकन भ्रमण | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| ३९ | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन तथा विद्यालयमा मूल प्रवाहीकरण | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| ४० | बिद्यालय तथा स्थानीय तह स्तरमा EMIS को व्यवस्थित प्रयोग तथा सबलीकरण,शिक्षकका लागि ICT सम्बन्धी तालिम | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| ४१ | साक्षरता अभियान कार्यक्रम | 0 | 800 | 800 | 800 | 800 | 3200 | |
| ४२ | विद्यालय खानेपानी तथा शौचालय निर्माण | 0 | 1000 | 1000 | 1000 | 1000 | 4000 | |
| ४३ | विद्यालय मर्मत सम्भार कार्यक्रम | 0 | 1500 | 1500 | 1500 | 1500 | 6000 | |
| ४४ | बाल बिकास केन्द्र को लागी (सिकाइ कुना) six corner | 0 | 100 | 1000 | 1000 | 1000 | 3100 | |
| | **जम्मा** | **267200** | **283000** | **283000** | **283100** | **283100** | **1402400** | |

उपरोक्त बमोजिम बजेट अनुमान गरिसकेपछि विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु जस्तैः वालविकास र शिक्षामा हरेक आवको जम्मा बजेट कति, आगामी ५ वर्षको जम्मा बजेट कति र वजेटको सुनिश्चितता संघवाट, प्रदेशबाट, स्थानीय तहवाट र अन्य संघसंस्थावाट कति भनि सो को समेत विश्लेषण गर्नुपर्दछ ।

## परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

### ७.१ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाईबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । दीगो विकासको शिक्षा सम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, हनुमाननगर कंकालिनी नगरपालिका का शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरीने गरिएको छ । वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमन सम्बन्धी प्रबन्ध गरिएको छ । विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ । अनुगमन संयन्त्रको व्यवस्था

- एकीकृत प्रतिवेदन प्रणालीको विकास
- सहभागितात्मक तथा सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता

- अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग विस्तार तथा व्यवस्थित
- नतिजामा आधारित अनुगमन
- शिक्षक सुपरिवेक्षण र पेशागत सहयोग
- विद्यार्थी उपलब्धि परीक्षण
- विद्यालय कार्यसम्पादन परीक्षण

**७.२ उद्देश्य**

*अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित पालिकाका उद्देश्यहरु राख्नुहोस । जस्तै*

- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु ।
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

**७.३ रणनीति**

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु उल्लेख गर्नुहोस । जस्तै*

- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।
- योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।
- अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी पालिकामा पेश गर्ने ।

**७.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ ।
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।

- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ ।
- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

**७.५ प्रमुख क्रियाकलाप र लक्ष्य**

*तलको तालिकामा अनुगमन तथा मूल्याङ्कनका लागि पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मुल्याकंन संयन्त्र निर्माण | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | निरन्तर | नगरपालिका |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू  तयार तथा अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर | नगरपालिका |
| ३ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | निरन्तर | नगरपालिका |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक  तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | निरन्तर | नगरपालिका |
| ५ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर | नगरपालिका |
| ६ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर | नगरपालिका |

## योजनाको लेखाजोखा

### क) परिचय

नेपालको सङ्घीय शासन प्रणाली अन्तर्गत बिद्यालय शिक्षाको व्यवस्थापनका लागि तीनवटै सरकारको साझा दाईत्व रहेता पनि व्यवहारिक रुपमा बिद्यालय शिक्षाको सन्चालनको समग्र जिम्मेवारी भने स्थनीय सरकारको रहेको छ । मुलुकमा संचालित सामुदायिक बिद्यालयहरूको व्यवस्थापन र संचलनार्थ प्राय: सबै प्रकारका स्रोतहरू अन्तर सरकारी वित्तीय हस्तान्तरणका माध्यमबाट सङ्घीय सरकारबाट स्थानीय सरकारको कोषमा जाने गर्दछ र तोकिएका सर्त र आधारहरु अनुसार स्थनीय सरकारले सो कोषको व्यवस्थापन र परिचालन गरी बिद्यालय शिक्षाको सन्चालन गर्नेगर्दछ । यसका लागि मुलकको संबिधान र सोका आधारमा तय भएका तीनै तहका सरकारका सम्बन्धित नीति, ऐन, कानून र नियमावली तथा निर्देशिकाहरुले तीनैवटै तहका सरकारहरूले आ-आफ्नो तहको शिक्षा क्षेत्रको योजना निर्माण गरी नेपालको संबिधानका प्रावधानहरू र अन्तराष्ट्रिय स्तरमा नेपाल सरकारले जनाएका प्रतिबद्धताहरूलाई पुरा गर्नेगरी कार्यान्वयन गर्ने गराउने रहेको छ । यसैले तीनै तहका सरकारका तहमा शिक्षा क्षेत्र योजनाको निर्माण/विकास पहिलो प्राथमिकतामा रहेको छ । शिक्षा क्षेत्रको योजनाले एकातर्फ राष्ट्रिय, प्रदेश र स्थानीयतहको शिक्षा सुधारकालागि नीति र रणनीतिहरू प्रस्तुत गर्दछ भने अर्कोतर्फ योजनालाई प्रभावकारी कार्यान्वयन गर्न साझेदारहरूसँग समन्वय र थप आन्तरिक र बाह्य स्रोतहरू परिचालन गर्नका लागि महत्वपूर्ण माध्यमको रूपमा रहेको हुन्छ । शिक्षा क्षेत्रको योजना सबै सम्भावित लगानीकर्ताहरूलाई योजनाले अबलम्बन गरेका कार्यक्रम, रणनिति र कार्यनीतिहरू विश्वसनीय, दिगो र लगानी योग्य छन् भनी सङ्केत गर्न सम्बन्धित सरकारका लागि महत्वपूर्ण साधनको रुपमा उपयोग गरिन्छ ।

### ख) योजनाको लेखाजोखा किन र केहो?

-पालिका तहको शिक्षा क्षेत्रको योजनामा प्रस्ताब गरिएका कार्यक्रमहरूको विभिन्न पक्ष र सम्भाव्यताहरूको समीक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण छ ।
-योजनाको लेखाजोखा शिक्षा क्षेत्रका योजनाका कार्यक्रममा केन्द्रित मात्रात्मक र गुणात्मक संयोजन हो ।
-शिक्षा क्षेत्रको योजनाको लेखाजोखा एक प्रक्रिया हो, जसको माध्यमबाट पालिका तहको शिक्षा क्षेत्रको योजना के? किन? कसरी? कस्कालागी?, आदि जस्ता प्रश्नहरुको उत्तर खोजिन्छ । जसमा:

- शिक्षा क्षेत्रको योजना प्राविधिक रूपमा उपयुक्त छ छैन भनी मूल्यांकन गरिन्छ ।
- शिक्षा क्षेत्रको योजना आर्थिक रूपमा व्यवहारिक र न्यायोचित छ छैन भनी मूल्यांकन गरिन्छ ।
- शिक्षा क्षेत्रको योजनाको कार्यन्वयन प्रशासनिक रूपमा सम्भव छ छैन भनी मूल्यांकन गरिन्छ ।

### ग) योजनाको लेखाजोखाका उद्देश्यहरू

- पालिका तहको शिक्षा क्षेत्रको योजनामा प्रस्तावित कार्यक्रमका सबै पक्ष, सन्दर्भ, र अङ्गहरूको विस्तृत समीक्षा गर्न ।
- शिक्षा क्षेत्रका अंगहरूमा (**Sub-Sectors**) सङ्घीय/राष्ट्रिय र प्रदेशतहका योजना र पालिकाको योजनाहरू बीचको

अन्तरसम्बन्धहरू मूल्याङ्कन गर्ने ।

- प्राविधिक, व्यवस्थापकीय र वित्तीय सम्भाव्यताको दृष्टिकोणबाट प्रत्येक कार्यक्रमको मूल्याङ्कन गर्ने ।
- पालिका तहको शिक्षा क्षेत्रको योजनाको सबल र कमजोर तथा सुधार्नु पर्ने पक्षहरूको समग्र मूल्याङ्कन गर्ने I
- योजना कार्यान्वयनमा पालिका तहको तयारीको मूल्याङ्कन गर्ने, र
- प्राविधिक सहयोग प्रदान गर्ने र योजना अनुमोदन गर्ने निर्णयकर्ताहरूलाई सहजीकरण गर्ने ।

**घ) योजनाको लेखाजोखाका महत्त्वपूर्ण पक्षहरू**

योजनाको लेखाजोखामा समेटिनु पर्ने महत्त्वपूर्ण पक्षहरू निम्न छन् र लेखाजोखा समितिले यी प्रत्येक पक्षको सावधानीपूर्वक मूल्याङ्कन गर्नुपर्दछ:

- योजना निर्माण प्रक्रिया
- योजना निर्माण प्रक्रियामा सरोकारवालाहरु अर्थपूर्ण सहभागी र अभ्यासहरू
- योजना निर्माण प्रक्रियामा आधारभूत तथ्याङ्क र जानकारीहरूको वास्तविकता, गुणस्तर, सान्दर्भिकता, स्रोत, र उपयोग बिधि
- योजना निर्माण विधि
- योजना कार्यान्वयनको समीक्षा
- लागत अनुमान र प्रस्तावित वित्त व्यवस्थापन
- योजना कार्यान्वयनका लागि संगठनात्मक र व्यवस्थापन
- प्रस्तावित योजना कार्यान्वयनबाट अपेक्षित शैक्षिक, आर्थिक र सामाजिक लाभहरूको वैधता

त्यसैले, पालिका तहको योजना निर्माण गरिसकेपछि विश्वसनीय, दिगो र लगानी योग्य छ या छैन भन्नकालागी योजनाको बिभिद पक्षहरू समेटेर लेखाजोखा गरिनु पर्दछ, जुन योजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो I निर्माण भएको योजनाको लेखालोखा कार्यलाई समबन्धित पालिकाले आन्तरिक र बाहिरका बिभिन्न बिषय क्षेत्रका बिज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिबरण तोकी सम्पन्न गर्नु पर्दछ I

यस निर्देशिकाको उद्देश्य सम्बन्धित पालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाको लेखाजोखा गर्न सहयोग गर्नु हो, जसमा योजनाको सबलता, प्रासंगिकता, सुसंगतता र विश्वसनीयता, आदि पक्षहरु हेरिन्छन् । योजनाको लेखाजोखा प्रक्रिया पालिकाको नीति र प्राविधिक संवादमा आधारित र सरोकारवालाहरूको सहभागितामूलक हुनुपर्छ I यो प्रक्रिया योजनामा तय गरिएका प्रमुख सूचकहरूमा आधारित भई बिभिन्न परामर्श (योजना निर्माणे समिति, प्राबिधिक समितिहरूसँग बैठक....), प्रमुख सरोकारवालाहरूसँगको अन्तर्वार्ता, र खासखास मुद्दा तथा समस्या रहेका वडा, गाउँ, समुदाय तथा बिद्यालयको भ्रमणहरू, शिक्षा क्षेत्रको योजना र अन्य सान्दर्भिक कागजातहरूको डेस्क समीक्षा, भरपर्दो जानकारीहरुको विश्लेषण (जसलाई विज्ञहरूले प्रमाणित र क्रस-चेक गर्न आवश्यक छ) समावेश हुनुपर्दछ ।लेखाजोखा प्रक्रिया सकेपछि सोबाट प्राप्त

पृष्टपोषण तथा निष्कर्षहरूलाई योजनालाई अन्तिम रूप दिन उपयोग गर्नु पर्दछ l यस अतिरिक्त योजनालाई अन्तिम रूप दिनुपूर्व लेखाजोखाबाट प्राप्त सिफारिसहरूको प्रमाणीकरण कार्यशाला आयोजना गर्नु राम्रो हुन्छ।

**ङ) योजनाको लेखाजोखाको बिधि:**

योजना लेखाजोखा प्रक्रियाको बिधिमा निम्न चरणहरू/क्रियाकलापहरू समावेश हुनुपर्दछ:

- प्रारम्भिक छलफल (Birifing)
- मूल्याङ्कन टोलीको बैठक
- अध्ययनको लागि कागजातहरूको उपलब्धता
- फिल्ड भ्रमण गर्नु अघि कागजातहरूको अध्ययन
- बिभिन्न क्षेत्रहरुको भ्रमण
- सरोकारवाला / समुदाय सदस्यहरु संग अन्तरक्रिया
- बिभिन्न सङ्घ-संस्थाहरु संग अन्तरक्रिया
- मूल्याङ्कन मस्यौदा प्रतिवेदन तयार गर्ने
- निर्णयकर्ताहरूसँग मस्यौदा प्रतिवेदन प्रस्तुत गर्ने
- प्रतिवेदनलाई परिमार्जन र अन्तिम रूप दिने
- अन्तिम समापन बैठक

**च) योजना लेखाजोखाका विषयगत क्षेत्रहरू**

पालिका तहको शिक्षा क्षेत्रको योजनाको मूल्याङ्कन गर्दा लेखाजोखा/मूल्याङ्कनकर्ताहरूले योजनामा निम्न उदाहरण अनुसारका विषयगत क्षेत्रहरू हेर्नुपर्छ:

- पालिकातहको शिक्षा प्रोफाइल
- योजना प्रक्रिया र पद्धति
- योजनाको लागि तथ्यांकको बिबरण र व्यवस्थापन साथै उपयोग
- ECED विकास र विस्तार गर्दै
- पहुँच र निरन्तरता
- बालबालिकाको सिकाइ आवश्यकताहरू
- शिक्षा प्रणालीको आन्तरिक दक्षता
- EMIS र अनुगमन
- कार्यान्वयनको लागि योजना
- वयस्क निरक्षरता घटाउने

- आधारभूत शिक्षाको गुणस्तर सुधार गर्ने
- क्षमता निर्माण
- लागत र बजेट आवश्यकता

**छ) योजना लेखाजोखाको प्रतिबेदनमा समाबेश हुनुपर्ने केही महत्वपूर्ण शैक्षिक मुद्दाहरूको उदाहरण:**

- के राष्ट्रिय, प्रदेश र स्थानीय दुरदृष्टि उद्देश्य, लक्ष्य र कार्ययोजना अनुरूप योजना बनाइएको छ?
- के योजनाले ECD देखि बिद्यालय शिक्षा, वयस्कका लागि साक्षरता र निरन्तर शिक्षा जस्ता आधारभूत शिक्षाका सबै पक्षहरू साथै प्राबिधिक र उच्च शिक्षासँगको तालमेल,आ आदिलाई समेटेको छ?
- के यो योजनालाई स्थानीय विशिष्ट आवश्यकताहरू, विशेष गरी जनसंख्या, जातजाती, आर्थिक, भाषिक, पिछडिएको बर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ?
- के योजनाले योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा सरोकारवालाहरूको सहभागिताको लागि अवसर र अवसर प्रदान गरेको/गर्दछ?
- के योजनाले ठोस रणनीति र कार्यहरूप्रस्ताब गरेको छ?
- शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरूलाई सम्बोधन गरेको छ? (तत्परता र सान्दर्भिकता)
- समानता, दक्षता, र सिकाइका मुद्दाहरूलाई राम्रोसँग सम्बोधन गरिएको छ? (सबै क्षेत्रको कार्यसम्पादन बढाउने, लैंगिक, समता, दक्षता, सिकाइको मुख्य मुद्दाहरू)
- योजनाका सबै परिक्छेदहरू बीचमा सम्बन्ध र एकरूपता छ? (योजनाको संगठन)
- पालिकाको शिक्षा क्षेत्रको योजनामा प्रस्तावित वित्त व्यवस्थापन, उपलब्धता/प्राप्तिको सम्भावना, AWPB र ASIP बीच कुनै सम्बन्ध छ?
- पालिकामा सञ्चालन भइरहेका शिक्षासँग सम्बन्धित अन्य सबै कार्यक्रमहरूलाई योजनाले कसरी समेटेको छ?, आदि ।

## अनुसूची १ : स्थानीय शिक्षा योजनाको प्रस्तावित ढाँचा

विषय प्रवेश

पालिका शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा योजना निर्माण प्रक्रिया

परिच्छेद १ : परिचय

१.१ पृष्ठभूमि

१.२ मुख्य समस्याहरुः

१.३ शिक्षा क्षेत्रका चुनौतीहरुः

१.४ अवसरहरुः

परिच्छेद २ : लक्ष्य निर्धारण

२.१ दूरदृष्टि

२.२ लक्ष्य

२.३ उदेश्य

२.४ रणनीतिहरु

२.५ कार्यनीति

२.६ अपेक्षित उपलब्धि

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

परिच्छेद ३ : विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.२ आधारभूत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

३.५ अन्य उपक्षेत्रहरू (प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, आदि)

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

४.२ शिक्षक व्यवस्थापन र विकास

४.३ शिक्षामा समता र समावेशीकरण

४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन

**अनुसूची २: शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीको विवरण**

| क्र.सं. | पद | नाम, थर | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|
| १ | बरिस्ठ शिक्षा अधिकृत | हरि नारायण साह | ९८०८३९१८३३ | edudephk@gmail.com |
| २ | प्रा .श. | संजिव मण्डल | ९८०७७९३६५३ | |
| ३ | कम्पुटर अपरेटर | आनन्द राजवंशी | ९८२७७७९७९९ | Anandkumar516@gmail.com |
| ४ | का .स . | प्रदिप कुमार यादव | ९८१४३९२२१६ | |

**सन्दर्भ सामग्रीहरु**


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह ( कक्षा १-३ ) पाठ्यक्रम, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौँ
- शिक्षा सम्बन्धी ऐन नियम तथा  राष्ट्रिय शिक्षा नीति (२०७६), कानून कितावखाना काठमाडौँ

- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून किताबखाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना (२०७९), **DRAFT,** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय


नगर कार्यपालिकाको बैठक

मिति :- २०८१ साल माघ २७ गते आईतवार समय :- दिउसो २:०० बजे

अध्यक्ष :- नगर प्रमुख श्री विरेन्द्र माझी

| सि.नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | उप-प्रमुख | सरिता देवी सिपलिया यादव | |
| २ | वडा अध्यक्ष | सुरेन्द्र मण्डल | |
| ३ | वडा अध्यक्ष | सन्तोष कुमार यादव | |
| ४ | वडा अध्यक्ष | विजय कुमार यादव | |
| ५ | वडा अध्यक्ष | मौलि कुमार मण्डल | |
| ६ | वडा अध्यक्ष | बुद्धिमान श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | राम नारायण मण्डल | |
| ८ | वडा अध्यक्ष | राजेश्वर ठाकुर | |
| ९ | वडा अध्यक्ष | अजय यादव | |
| १० | वडा अध्यक्ष | हरिश्चन्द्र वर्मा | |
| ११ | वडा अध्यक्ष | राम लखन मण्डल | |
| १२ | वडा अध्यक्ष | साकिर खाँ | |
| १३ | वडा अध्यक्ष | श्रीचन्द्र मुखिया | |
| १४ | वडा अध्यक्ष | कुशेश्वर यादव | |
| १५ | वडा अध्यक्ष | कृष्ण कुमार यादव | |
| १६ | नगर कार्यपालिका सदस्य | कौशल्या देवी मण्डल | |
| १७ | नगर कार्यपालिका सदस्य | चन्द्रा कुमारी | |
| १८ | नगर कार्यपालिका सदस्य | मञ्जुली देवी पासमान | |
| १९ | नगर कार्यपालिका सदस्य | रबिना खातुन | |
| २० | नगर कार्यपालिका सदस्य | राज कुमारी सदा | |
| २१ | नगर कार्यपालिका सदस्य | धिरेन्द्र कुमार राम | |
| २२ | नगर कार्यपालिका सदस्य | राज नारायण साह | |
| २३ | नगर कार्यपालिका सदस्य | लखेन्द्र ठाकुर | |
| २४ | सचिव | किशोर कुमार राम | |

निर्णय नं. ६ प्रस्ताव नं ६ माथि छलफल गर्दा यस हनुमाननगर कंकालिनी नगरपालिकाबाट तयार पारिएको शिक्षा क्षेत्रको योजना, २०८१-२०९० पारित गर्ने सर्व सम्मतिबाट निर्णय गरियो ।